कर्णाली प्रदेश सरकार

# मध्यमकालीन खर्च संरचना

## (आ.व. २०७९/८०–२०८१/८२)


कर्णाली प्रदेश सरकार

कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

कर्णाली प्रदेश सरकार

# मध्यमकालीन खर्च संरचना

## (आ.व. २०७९/८०–२०८१/८२)

कर्णाली प्रदेश सरकार

**कर्णाली प्रदेश योजना आयोग**

वीरेन्द्रनगर, सुर्खेत

# कर्णाली प्रदेश योजना आयोग

| | |
|---|---|
| माननीय मुख्यमन्त्री, श्री जीवन बहादुर शाही | अध्यक्ष |
| माननीय | उपाध्यक्ष |
| माननीय | सदस्य |
| माननीय | सदस्य |
| श्री राजकुमार श्रेष्ठ, प्रमुख सचिव, कर्णाली प्रदेश सरकार | सदस्य |
| श्री झक्क प्रसाद आचार्य, सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य –सचिव |

कर्णाली प्रदेश सरकार

# कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

## भूमिका

सार्वजनिक स्रोत परिचालन तथा परिचालित स्रोतको उच्चतम् प्रभावकारिता साथ दिगो प्रयोगको विषय चुनौतीपूर्ण बन्दै गएको सन्दर्भमा सार्वजनिक स्रोतको प्रभावकारी उपयोग र व्यवस्थापनका लागि मध्यमकालीन खर्च संरचनाको महत्त्वपूर्ण भूमिका रहन्छ। यही मर्मलाई नेपालको संविधान र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार प्रदेश सरकारले प्रदेश सभामा वार्षिक विनियोजन विधेयकसँगै आगामी तीन वर्षको मध्यमकालीन खर्च संरचना समेत तयार गरी प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेको छ।

कोभिड–१९ महामारीका कारण कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले लिएको लक्ष्य पुरा गर्न केही चुनौती थपिएका छन्। यद्यपि **समृद्ध कर्णाली – सुखारी कर्णालीबासी** भन्ने प्रदेश सरकारको दीर्घकालीन आकांक्षालाई सार्थक बनाउन मध्यमकालीन खर्च संरचनाले आगामी त्रि–वर्षीय आर्थिक अवस्थाको बोध गराउने गर्दछ। प्रदेशको समष्टिगत आर्थिक परिसूचक, स्रोत परिचालनको सम्भावना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन तथा प्रगतिको अवस्था र तिनबाट प्राप्त भएका र प्रक्षेपण गरिएका प्रतिफल तथा उपलब्धिको आधारमा हरेक आर्थिक वर्षको सुरुमा यसको पुनरावलोकन गर्दै जानु पर्ने हुन्छ। कार्यान्वयनको अवस्थाको आधारमा साबिकका कार्यक्रम तथा आयोजनालाई निरन्तरता दिने वा संरचनाको आधारमा प्रदेश महत्त्वका नयाँ कार्यक्रम वा आयोजना थप्दै जानु पर्ने हुन्छ।

यस मध्यमकालीन खर्च संरचना, २०७९/८०–२०८१/८२ मा उल्लेखित विवरण कर्णाली प्रदेशको आवश्यकता र प्राथमिकता तथा अध्ययनका आधारमा सम्पन्न गर्न सकिने भनी निर्क्यौल गरिएका क्षेत्रगत क्रियाकलापहरू हुन्। प्रदेशको वार्षिक योजना, पञ्चवर्षीय योजना र नेपाल सरकारको पन्ध्रौ पञ्चबर्षीय योजना दिगो विकास लक्ष्य २०३०, मन्त्रालयगत गुरुयोजनाहरु दीर्घकालीन योजनालाई आत्मसात् गर्दै दिगो, फराकिलो र उच्च आर्थिक विकासमा मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।

यो मध्यमकालीन खर्च संरचना तयार गर्न कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन, २०७५ अनुसार गठित मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समितिको निर्देशानुसार मध्यमकालीन खर्च संरचना प्राविधिक समिति र मन्त्रालय वा निकायगत मध्यमकालीन खर्च संरचना कार्यदलहरूले आ–आफ्नो कार्यक्षेत्रभित्र पर्ने प्राविधिक कामहरू सम्पन्न गरेका छन् भने कर्णाली प्रदेश योजना आयोगले प्राविधिक समितिमार्फत् प्राप्त दस्ताबेजलाई आवश्यक सम्पादन गरी अन्तिम रूप दिएको छ। यो महत्त्वपूर्ण दस्ताबेज तयार गर्ने कार्यमा अनवरत संलग्न आयोगका पदाधिकारीहरू, मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समितिका सदस्यहरू, प्राविधिक समिति तथा विज्ञ महानुभावहरू र यस आयोग तथा विभिन्न मन्त्रालय र निकायहरूमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छौँ।

२०७९ असार १

# विषयसूची


| विषय | पृष्ठ सङ्ख्या |
|---|---|
| **परिच्छेद-१ः परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ लक्ष्य तथा उद्देश्य | २ |
| १.३ उपादेयता | २ |
| १.४ कानुनी आधार | ३ |
| १.५ संस्थागत व्यवस्था | ३ |
| १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया | ५ |
| १.७ अपेक्षित उपलब्धि | ६ |
| **परिच्छेद-२ः मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०७९/८०-२०८१/८२)** | **७** |
| २.१ पृष्ठभूमि | ७ |
| २.२ चुनौति तथा अवसर | ७ |
| २.३ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति | ८ |
| २.३.१ सोच | ८ |
| २.३.२ लक्ष्य | ८ |
| २.३.३ उद्देश्य | ८ |
| २.३.४ रणनीतिहरू | ९ |
| २.४ मध्यमकालीन आर्थिक खाका | ९ |
| २.५ मध्यमकालीन बजेट विनियोजन र प्रक्षेपण | ११ |
| २.६ आयोजना प्राथमिकीकरणका आधारहरूको रणनीतिक सङ्केत | १३ |
| २.६.१ क्षेत्रगत बजेट विनियोजन (रु.लाखमा) | १४ |
| २.७ आयोजना प्राथमिकीकरणका आधारमा बजेट अनुमान | १५ |
| २.८ गरिबी निखवारण, लैंगिक बजेट, जलवायु परिवर्तन र दिगो विकास लक्ष्यसम्बन्धी बजेट... | १५ |
| २.९ वित्तीय हस्तान्तरण | १७ |
| २.१० वैदेशिक सहयोग व्यवस्थापन | १७ |
| २.११ आन्तरिक ऋण | १७ |
| २.१२ स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण | १८ |
| २.१३ आगामी तीन वर्षको लागि सुनिश्चित गरिएका प्रमुख कार्यक्रम तथा आयोजनाहरू | १८ |
| **परिच्छेद-३ः क्षेत्रगत व्यवस्था र खर्च संरचना** | **२०** |
| ३.१ जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय | २० |
| ३.१.१ पृष्ठभूमि | २० |

| विषय | पृष्ठ सङ्ख्या |
|---|---|
| ३.१.२ समस्या र चुनौति | २० |
| ३.१.३ सोच | २१ |
| ३.१.४ उद्देश्य | २१ |
| ३.१.५ रणनीति | २१ |
| ३.१.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य | २२ |
| ३.१.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण | २४ |
| ३.१.८ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान | २७ |
| ३.१.९ जोखिम पक्ष तथा अनुमान | २७ |
| ३.२ भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | २७ |
| ३.२.१ पृष्ठभूमि | २७ |
| ३.२.२ समस्या र चुनौति | २७ |
| ३.२.३ सोच | २८ |
| ३.२.४ उद्देश्य | २८ |
| ३.२.५ रणनीति | २८ |
| ३.२.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य | २९ |
| ३.२.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण | ३१ |
| ३.२.८ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान | ३७ |
| ३.२.९ जोखिम पक्ष तथा अनुमान | ३७ |
| ३.३ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३७ |
| ३.३.१ पृष्ठभूमि | ३७ |
| ३.३.२ समस्या र चुनौति | ३७ |
| ३.३.३ सोच | ३८ |
| ३.३.४ उद्देश्य | ३८ |
| ३.३.५ रणनीति | ३९ |
| ३.३.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य | ४० |
| ३.३.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण | ४५ |
| ३.३.८ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान | ५६ |
| ३.३.९ जोखिम पक्ष तथा अनुमान | ५७ |
| ३.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत | ५७ |
| ३.४.१ पृष्ठभूमि | ५७ |
| ३.४.२ समस्या र चुनौति | ५७ |
| ३.४.३ सोच | ५७ |

| विषय | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| | ३.४.४ उद्देश्य | ५७ |
| | ३.४.५ रणनीति | ५८ |
| | ३.४.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य | ५८ |
| | ३.४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण | ६० |
| | ३.४.८ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान | ६२ |
| | ३.४.९ जोखिम पक्ष तथा अनुमान | ६२ |
| ३.५ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ६२ |
| | ३.५.१ पृष्ठभूमि | ६२ |
| | ३.५.२ समस्या र चुनौति | ६३ |
| | ३.५.३ सोच | ६३ |
| | ३.५.४ उद्देश्य | ६३ |
| | ३.५.५ रणनीति | ६३ |
| | ३.५.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य | ६४ |
| | ३.५.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण | ६५ |
| | ३.५.८ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान | ६८ |
| | ३.५.९ जोखिम पक्ष तथा अनुमान | ६८ |
| ३.६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६८ |
| | ३.६.१ पृष्ठभूमि | ६८ |
| | ३.६.२ समस्या र चुनौति | ६८ |
| | ३.६.३ सोच | ६९ |
| | ३.६.४ उद्देश्य | ६९ |
| | ३.६.५ रणनीति | ७० |
| | ३.६.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य | ७२ |
| | ३.६.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण | ७६ |
| | ३.६.८ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान | ८४ |
| | ३.६.९ जोखिम पक्ष तथा अनुमान | ८४ |
| ३.७ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ८४ |
| | ३.७.१ पृष्ठभूमि | ८४ |
| | ३.७.२ समस्या र चुनौति | ८४ |
| | ३.७.३ सोच | ८५ |
| | ३.७.४ उद्देश्य | ८५ |
| | ३.७.५ रणनीति | ८६ |
| | ३.७.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य | ८७ |
| | ३.७.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण | ८८ |
| | ३.७.८ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान | ८९ |
| | ३.७.९ जोखिम पक्ष तथा अनुमान | ८९ |

| विषय | पृष्ठ सङ्ख्या |
|---|---|
| ३.८ सामाजिक विकास मन्त्रालय | ९० |
| ३.८.१ पृष्ठभुमी | ९० |
| ३.८.२ समस्या र चुनौती | ९० |
| ३.८.३ सोच | ९१ |
| ३.८.४ उद्देश्य | ९१ |
| ३.८.५ रणनीति | ९३ |
| ३.८.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य | ९४ |
| ३.८.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण | ९५ |
| ३.८.८ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान | १०० |
| ३.८.९ जोखिम पक्ष तथा अनुमान | १०० |
| ३.९. प्रदेश सभा सचिवालय | १०० |
| ३.९.१ पृष्ठभूमि | १०० |
| ३.९.२ समस्या र चुनौति | १०० |
| ३.९.३ सोच | १०१ |
| ३.९.४ लक्ष्य | १०१ |
| ३.९.५ उद्देश्य | १०१ |
| ३.९.६ रणनीति | १०१ |
| ३.९.७ त्रि-वर्षीय खर्च स्रोतको सारांश | १०१ |
| ३.१० प्रदेश लोकसेवा आयोग | १०१ |
| ३.१०.१ पृष्ठभूमि | १०१ |
| ३.१०.२ समस्या र चुनौति | १०२ |
| ३.१०.३ सोच | १०२ |
| ३.१०.४ लक्ष्य | १०२ |
| ३.१०.५ उद्देश्य | १०२ |
| ३.१०.६ रणनीति | १०२ |
| ३.१०.७ त्रि-वर्षीय खर्च स्रोतको सारांश | १०३ |
| ३.१०.१० जोखिम | १०३ |
| ३.११ मुख्य न्यायाधिवक्ताको कार्यालय | १०३ |
| ३.११.१ पृष्ठभूमि | १०३ |
| ३.११.२ समस्या र चुनौति | १०३ |
| ३.११.३ सोच | १०३ |
| ३.११.४ लक्ष्य | १०४ |
| ३.११.५ उद्देश्य | १०४ |
| ३.११.६ रणनीति | १०४ |
| ३.११.७ त्रि-वर्षीय खर्च स्रोतको सारांश | १०४ |
| ३.११.८ जोखिम | १०४ |
| **अनुसूचीहरू** | **१०५-११६** |

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले निर्दिष्ट गरेको लोक कल्याणकारी राज्यको आकाङ्क्षा एवम् सुशासन, विकास र समृद्धी हासिल गर्न प्रभावकारी रूपमा सार्वजनिक खर्चको परिचालनको आवश्यकता रहेको छ। ***"समृद्ध नेपाल, सुखी नेपाली"*** को दीर्घकालीन राष्ट्रिय सोच, ***"समृद्ध कर्णाली, सुखारी कर्णालीवासी"*** को प्रादेशिक दीर्घकालीन सोच, दिगो विकास लक्ष्य र सामाजिक न्यायमा आधारित समावेशी र सन्तुलित विकासको लक्ष्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भुमिका रहन्छ। साथै, वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्यहरू हाँसिल गर्दै मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने राष्ट्रिय अठोट एवम् ***"कर्णाली सोच २१००"*** को योजनावद्ध कार्यान्वयन गर्न सार्वजनिक स्रोत प्रभावकारी र कुशल परिचालन अपरिहार्य रहेको हुन्छ। यसका लागि स्रोत साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन लगायत सार्वजनिक खर्च व्यवस्थापनको महत्त्वपूर्ण औजारको रूपमा मध्यमकालीन खर्च संरचना रहेको छ।

आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादम्यता र सामञ्जस्यता कायम गरी निर्दिष्ट लक्ष्य प्राप्त गर्ने संयन्त्रको रूपमा मध्यमकालीन खर्च संरचना रहेको छ। यसले सरकारसँग उपलब्ध सीमित स्रोत साधनको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकता क्षेत्रमा न्योयोचित वितरण र परिचालन गर्ने गर्दछ।

कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/०७७-२०८०/०८१) ले निर्धारण गरेका प्राथमिकता एवं प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुरूप बजेट तर्जुमा प्रकृयालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। यसमा आगामी त्रीवर्षीय अवधिको खर्च तथा स्रोतको अनुमान गरिएको हुन्छ। उक्त अवधिमा प्रदेश सरकारबाट सञ्चालन हुने योजना तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक स्रोतको प्रक्षेपण, स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने अनुदान तथा राजश्व बाँडफाँड, योजना तथा कार्यक्रमको प्राथमिकीकरण सहितको मध्यमकालीन खर्च अनुमानको खाका तयार गरिन्छ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना (कोभिड÷१९) संक्रमण सामान्य हुदै गएको छ। यसबाट अर्थतन्त्र एवम् विकास प्रकृया चलायमान भएको अवस्थामा प्रदेशको अर्थतन्त्रलाई पुनरोत्थान गर्ने गरी प्रदेश सरकारको नीति तथा कार्यक्रम, योजना र बजेटको प्राथमिकता निर्धारण गर्नुपर्दछ ।

## १.२ लक्ष्य तथा उद्देश्य

मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य भनेको स्रोतको उपयुक्त विनियोजन मार्फत बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउनु हो। प्रस्तुत मध्यमकालीन खर्च संरचनाका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

(१) सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नका लागि मध्यम अवधिको आन्तरिक र वाह्य स्रोतको वास्तविक अनुमान गरी आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम र बजेट अनुमान तथा आगामी दुई आर्थिक वर्षको बजेट खाका तर्जुमा गर्ने।

(२) आवधिक योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न साधन स्रोतको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा बजेट बाँडफाँट गर्ने।

(३) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने।

(४) सम्बन्धित मन्त्रालय तथा निकायको बजेट अनुमानलाई यथार्थपरक र प्रभावकारी बनाउने।

## १.३ उपादेयता

मध्यमकालीन खर्च संरचनाको अवधारणा,यसको प्रयोगको पृष्ठभूमि तथा विस्तार,संरचनाको कानूनी मान्यता तथा यसका प्रमुख उद्देश्यहरूलाई दृष्टिगत गर्दा यसको महत्त्व तथा उपादेयता निम्नानुसार हुने अपेक्षा गरिएको छः

(१) चालु खर्चलाई मितव्ययी बनाउन आधार प्रदान गर्ने,

(२) पुँजीगत खर्चलाई नतिजामुखी बनाउन आधार तयार गर्ने,

(३) सालबसाली रूपमा सामान्य वृद्धिको आधारमा बजेट निर्माण गर्ने प्रक्रिया र परम्पराको अन्त्य गरी बजेट निर्माण प्रक्रियालाई शून्य र कार्यक्रममा आधारित बनाउने,

(४) प्रदेशगौरव, प्रदेश महत्त्व तथा प्रदेश प्राथमिकतामा परेका परियोजनाहरूको लागि स्रोतको अभाव हुन नदिने,

(५) पुँजीगत खर्चको गुणस्तरीयता र प्रभावकारिता बढाउन वर्षको प्रारम्भमा नै निर्माणसम्बन्धी कार्यको ठेक्का बन्दोबस्त गरिसक्ने गरी कार्यक्रमको स्रोतको सुनिश्चितताको लागि उपयुक्त आधार खडा गर्ने,

(६) परियोजना निर्माणको लागि बहुवर्षीय ठेक्का लगाउँदा मध्यमकालीन खर्चसंरचनाको सीमा भित्र बसेर प्राथमिकता किटान भएका र स्रोत सुनिश्चित भएका योजनामा मात्र बजेटमा समावेश गर्ने र गराउने,

(७) गैरबजेटरी रकम माग गर्ने र जथाभावी रकमान्तर गर्नेकार्यलाई निरुत्साहित गर्ने र विनियोजित रकम मासिक रूपमा कार्य अनुपात निर्धारण गरी सोही अनुपात तथा समय सीमाभित्र रहेर खर्च गर्ने गराउने तथा वर्षका पछिल्ला महिनामा हचुवाका भरमा खर्च गर्ने प्रवृत्तिको अन्त्य गर्ने।

## १.४ कानुनी आधार

नेपालको संविधानको धारा ५६,५७ र ५९मा तीनै तहका सरकारलाई आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने प्रावधान रहेको छ। यसैगरी, धारा २०७ ले प्रदेश सरकारको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्ष सुरू हुनुभन्दा अगावै प्रदेश सभा समक्ष राजश्वको अनुमान, प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू र प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरूसमेत खुलाई वार्षिक अनुमान पेश गर्ने व्यवस्था गरेको छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा तयार गर्नुपर्ने व्यवस्था गरेको छ। सो ऐनको दफा १७ अनुसार प्रदेश सरकारले यसै ऐनको दफा १६ अनुसारको खर्च विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी व्यवस्था छ।

कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था रहेको छ। प्रदेश सरकारले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा संघीय तथा प्रादेशिक आवधिक योजनालाई समेत मार्गदर्शनको रूपमा लिनुपर्ने प्रावधान ऐनमा उल्लेख छ। प्रस्तावित योजना तथा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति ईकाइ लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सो बाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धी समेत खुलाई प्रत्येक योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था रहेको छ।

## १.५ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादाम्यता कायम गर्ने संयन्त्र भएकाले वार्षिक बजेट तर्जुमामा यसको महत्वपूर्ण भूमिका रहन्छ। ×**कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन, २०७५"** मा मध्यमकालीन खर्च संरचना सम्बन्धी कार्यका लागि निम्नानुसारका संस्थागत संयन्त्र रहने व्यवस्था छ।

**(क) मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समितिः**

| | | |
|---|---|---|
| १. | उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग | संयोजक |
| २. | सदस्यहरू, कर्णाली प्रदेश योजना आयोग | सदस्य |
| ३. | प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| ४. | सचिवहरू, विषयगत मन्त्रालय | सदस्य |
| ५. | सदस्य-सचिव वा निजले तोकेको आयोगको वरिष्ठ अधिकृत, कर्णाली प्रदेश योजना आयोग | सदस्य सचिव |

यस समितिले मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशन दिई प्रभावकारी कार्यान्वयनका लागि पहल कदमी गर्दछ।

**(ख) बजेट तथा स्रोत समितिः**

| | | |
|---|---|---|
| १. | उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग | संयोजक |
| २. | सदस्यहरू, कर्णाली प्रदेश योजना आयोग | सदस्य |
| ३. | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ४. | प्रमुख, प्रदेश कार्यालय, नेपाल राष्ट्र बैंक | सदस्य |
| ५. | प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| ६. | सदस्य-सचिव वा निजले तोकेको आयोगको वरिष्ठ अधिकृत, कर्णाली प्रदेश योजना आयोग | सदस्य सचिव |

यस समितिले प्रदेशको आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने आय, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तयार गरी आगामी तीन वर्षको लागि बजेट सीमा निर्धारण गर्ने कार्य गर्दछ।

**(ग) मध्यमकालीन खर्च संरचना प्राविधिक समिति**

| | | |
|---|---|---|
| १. | सदस्य सचिव वा निजले तोकेको आयोगको वरिष्ठ अधिकृत, कर्णाली प्रदेश योजना आयोग | संयोजक |
| २. | महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ३. | महाशाखा प्रमुख, योजना तथा अनुगमन महाशाखा, सवै मन्त्रालय वा निकाय | सदस्य |
| ४. | योजना अनुगमन शाखा प्रमुख, कर्णाली प्रदेश योजना आयोग | सदस्य-सचिव |

मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि बजेट कार्यान्वयन तहको यो एक महत्वपूर्ण समिति हो। समितिका कार्यहरू निम्नानुसार छन्ः

(क) सम्पूर्ण मन्त्रालय र निकायहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ख) निर्देशक मार्गदर्शन तथा ढाँचा बनाउने, डाटावेस व्यवस्थापन गर्ने, कम्प्युटराइज्ड गर्ने तथा सञ्जाल विकास गर्ने,

(ग) मध्यमकालीन खर्च संरचनाको कार्य सम्पादन सम्बन्धी आवश्यक तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(घ) मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अन्य कार्य गर्ने।

मन्त्रालय वा निकायगत मध्यमकालीन खर्च संरचना सम्बन्धी कार्यका लागि निम्न बमोजिमको मध्यमकालीन खर्च संरचना कार्यदल रहने व्यवस्था छः

| | | |
|---|---|---|
| १. | योजना तथा बजेट महाशाखा प्रमुख, सम्बन्धित मन्त्रालय वा निकाय | संयोजक |
| २. | आर्थिक प्रशासन शाखा प्रमुख, सम्बन्धित मन्त्रालय वा निकाय | सदस्य |

३. सम्बन्धित निकाय अन्तर्गतको विभागीय स्तरको कार्यालयको प्रतिनिधि सदस्य
४. योजना शाखा प्रमुख, सम्बन्धित मन्त्रालय वा निकाय सदस्य सचिव

मध्यमकालीन खर्च संरचना कार्यदल संरचना श्रृङखलामा सबभन्दा तल्लो निकायसँग सम्बन्धित संस्थागत संरचना हो। यस कार्यदलले सम्बन्धित मन्त्रालय तथा निकायहरूमा आ-आफ्नो निकायको मध्यमकालीन खर्च संरचना सम्बन्धी प्रत्येक क्रियाकलापको एकाईगत लागत आँकलन र परिमार्जन गर्दछ। यसले आफ्नो मन्त्रालय र निकाय अन्तर्गतको मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी विषय समेटी बजेटको मस्यौदा तयार गर्नुका अतिरिक्त आवश्यकता अनुसार मातहत निकायहरूका लागि समन्वयात्मक कार्यको भूमिका पनि निर्वाह गर्दछ। प्रत्येक कार्यक्रम तथा आयोजनाको एकाईगत लागत आँकलन एवम् परिमार्जन पश्चात मन्त्रालयगत खर्च संरचना तयार गरी कर्णाली प्रदेश योजना आयोग वा सम्बन्धित मन्त्रालयमा पेश गर्ने दायित्व समेत यसै कार्यदलमा रहेको छ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

### (क) बजेटको तयारीको आधार

यस चरणमा बजेट सम्बन्धी नीतिगत विषयको प्रारम्भिक प्रतिवेदन तयार गर्ने र त्यसको आधारमा नीतिगत अवधारणा बनाउने समेत गरी दुई विषय पर्दछन्। त्रि-वर्षीय खर्च प्रक्षेपण सहित कुल बजेटको आकार तयारीका लागि गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको प्रक्षेपित अवस्था र मध्यमकालीन खर्च संरचनाको आधारमा सम्बन्धित निकाय वा मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र कर्णाली प्रदेश योजना आयोगले नीतिगत छलफल गरी आगामी आर्थिक वर्षको बजेट प्रक्षेपणको प्रारम्भिक प्रतिवेदन तयार गर्नुपर्दछ। यो कार्य गर्दा सम्बन्धित मन्त्रालयहरूले सम्बन्धित खर्च संरचना कार्यदलको संलग्नतामा कार्यगत रूपमा कर्णाली प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयले समग्र रूपमा पुनरावलोकन गरी नीतिगत अवधारणापत्र तयार गर्नु पर्दछ।

### (ख) बजेटको आकार र सीमा निर्धारण

नीतिगत अवधारणा तय भएपछि स्रोत समितिले, प्रदेशको समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना, कुल गार्हस्थ्य उत्पादनको प्रक्षेपण, वित्तीय स्थिति, वित्तीय साधन परिचालनको सम्भावना, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आ.व.को कुल बजेटको आकार र सीमा निर्धारण गर्दछ।

### (ग) बजेट सीमा र मार्गदर्शन

स्रोत समितिले तयार गरेको बजेटको सीमाभित्र रहेर कर्णाली प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मन्त्रालयगत र खर्च प्रकृति वा कार्यगत रूपमा चालु, पुँजीगत र वित्तीय व्यवस्था सहितको बजेटको सीमा र मार्गदर्शन तयार हुन्छ। यसअनुसार तयार भएको मन्त्रालयगत बजेट सीमा र मार्गदर्शन आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश स्तरीय

मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गरी सम्बन्धित मन्त्रालयहरूमा पठाउनु पर्दछ। सम्बन्धित मन्त्रालयहरूले आफू अन्तर्गतका निर्देशनालय, कार्यालय र आयोजनाहरूको मार्गदर्शन सहित बजेटको सीमा प्रदेशस्तरको मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गर्नुपर्दछ।

### (घ) त्रि-वर्षीय खर्च प्रक्षेपण

प्रदेश सरकार अन्तर्गतका विभिन्न मन्त्रालय तथा निकायहरूबाट प्रस्तावित आयोजना एवम् कार्यक्रमहरूको त्रि-वर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र बजेटमाथि सम्बन्धित विषयगत प्राविधिक समितिमा छलफल गर्नुपर्दछ। यस्तो छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, राज्यका नीतिहरू र सम्बन्धित तहको कार्यक्षेत्र) राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय आवधिक योजना, दिगो विकास लक्ष्य, प्रदेशको आवधिक योजना, प्रदेशको आवश्यकता र सम्भावना एवम् आयोजना बैङ्क तयार भएको भए त्यस बैङ्कबाट छनौट गरिएका आयोजना समेतलाई प्राथमिकीकरणको आधार बनाउनुपर्दछ।

### (ङ) संरचनाको तयारी

विषयगत प्राविधिक समितिमा छलफल पश्चात प्रस्ताव गरिएका कार्यक्रम आयोजनाहरूको त्रि-वर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्दछ। यसरी तयार गरिएको मस्यौदा प्रस्ताव कर्णाली प्रदेश योजना आयोगमा स्वीकृतिका लागि पेश गर्नुपर्छ।

### (च) संरचनाको प्रस्तुति

मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम कर्णाली प्रदेश योजना आयोगबाट स्वीकृत भएपछि बजेटको अन्तिम मस्यौदामा उल्लेखित आगामी आर्थिक वर्षको समग्र बजेटको स्वरूप प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत गरिन्छ। यसरी स्वीकृत गरिएको मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रममा राजस्व प्रक्षेपणसहित बजेटको उद्देश्य, नीति, प्राथमिकता, दीर्घकालीन सोच एवम् योजनाले निर्धारित गरेको आगामी वर्ष सञ्चालन गरिने कार्यक्रमहरूलाई समेत समेटी आगामी आर्थिक वर्षको आय-व्यय विवरण बजेट बक्तव्य मार्फत असार १ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रीबाट प्रदेश सभामा पेश हुन्छ

## १.७ अपेक्षित उपलब्धि

(क) उपलव्ध स्रोतर अनुमानित खर्च बीच सन्तुलन कायम भएको हुने।

(ख) गैरबजेटरी माग र रकमान्तरमा न्यूनीकरण हुँदै नियन्त्रण भएको हुने।

(ग) वित्तीय अनुशासन कायम गर्न सहयोग पुगेको हुने।

(घ) प्रदेश गौरवका आयोजना,प्रदेशको प्राथमिकतामा परेका अन्य आयोजना र चालु कार्यक्रम तथा आयोजनाको लागि साधन र स्रोतको सुनिश्चितता भएको हुने।

(ङ) बजेट तर्जुमा प्रक्रिया वैज्ञानिक तथा भरपर्दो एवम् विश्वसनीय भएको हुने।

(च) प्रदेश सरकारको बजेट विनियोजन कुशलता अभिवृद्धि भएको हुने।

# परिच्छेद-२
# मध्यमकालीन खर्च संरचना
## (आर्थिक वर्ष २०७९/८० - २०८१/८२)

## २.१ पृष्ठभूमि

नेपाल सरकारले लिएको **समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच** एवम् प्रदेश सरकारले लिएको **समृद्ध कर्णाली, सुखारी कर्णालीवासीको दीर्घकालीन सोच** हाँसिल गर्न समृद्धि र सुखारीका दीर्घकालीन लक्ष्यहरू निर्धारण गरिएको छ । सो बमोजिम कर्णाली प्रदेशको समृद्धि र सुखारीको दीर्घकालीन लक्ष्य हाँसिल गर्ने आधार योजनाको रूपमा प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनमा आएको छ। यस योजनाले लिएका सोच, लक्ष्य, उद्देश्य, रणनीति र सूचकहरूलाई आधार मानी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (२०७९/८०–२०८१/८२) तयार गरिएको छ ।

कर्णाली प्रदेशको भूगोल ठूलो भए पनि भू-बनोट जटिल र विकट रहेको छ । आर्थिक-सामाजिक सूचकहरू अन्य प्रदेशको तुलनामा कमजोर रहेको छ। तसर्थ, बजेट तथा मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्दा आधारभूत भौतिक पूर्वाधार विकास, उत्पादन वृद्धी, शिक्षा र स्वास्थमा गुणस्तर, मानव पूँजीको विकास र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ।

यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नेपाल सरकारको पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१), प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१), प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्य, २०३० को मार्गचित्रलाई मुख्य आधारको रूपमा लिइएको छ ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना (कोभिड-१९) संक्रमण सामान्य हुदै गएको छ। यसबाट अर्थतन्त्र एवम् विकास प्रकृया चलायमान भएको अवस्थामा अर्थतन्त्रलाई पुनरोत्थान गर्ने दिशातर्फ यस खर्च संरचना केन्द्रित गरिएको छ ।

## २.२ चुनौति तथा अवसर

प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) ले लिएका सोच, लक्ष्य र उद्देश्य हासिल गर्न सामाजिक न्यायमा आधारीत समावेशी, सन्तुलित र दिगो विकास गर्दै तीव्र आर्थिक वृद्धी दर हासिल गरी समृद्ध कर्णाली, सुखारी कर्णालीवासीको सोचलाई व्यवहारमा उर्तानु प्रमुख चुनौतिको रूपमा रहेको छ। कर्णाली प्रदेशमा रहेको निरपेक्ष तथा वहुआयामिक गरिबी, भौगोलिक विकटता,

खाद्य असुरक्षा, गुणस्तरीय शिक्षा तथा स्वास्थको अभाव, विपदको उच्च जोखिम, कमजोर भौतिक पूर्वाधार, भरपर्दो यातायात सुविधाको अभाव साथै बढ्दो जलवायु परिवर्तनको प्रभाव उत्तिकै चुनौतिपूर्ण रहेका छन्।

विनियोजन दक्षता, कार्यान्वयन कुशलता अभिवृद्धी एवं पूँजिगत खर्चमा सुधार गर्नु पर्ने चुनौति विद्यमान रहेका छन्। प्रदेशको कुल आम्दानीमा आन्तरिक आयको अंश न्युन रहेको अवस्थामा आवधिक योजनाको लक्ष्य एवं उद्देश्य अनुरूप प्रदेशको विकास र समृद्धीका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्नु पर्ने चुनौति रहेको छ।

संघीय शासन प्रणालीको अवलम्बन पश्चात प्रदेश सरकारले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने अवस्था सिर्जना हुनु अवसरको रूपमा रहेको छ। साथै, राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक नतिजा अनुसार प्रदेशमा उपलब्ध जनसाङ्ख्यिक लाभलाई मानवपूँजी निमार्णको माध्यमद्वारा प्रदेशको विकासमा उपयोगको अवसर रहेको छ।

कर्णाली प्रदेशमा उपलब्ध प्राकृतिक, भौगोलिक, जैविक, पर्यावरणीय तथा सामाजिक-सांस्कृतिक विविधताको बहुआयामिक उपयोग हुने सम्भावना रहेको छ। संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध, विकास साझेदारहरूको कर्णालीप्रतिको आकर्षण, दिगो विकास लक्ष्य प्रतिको प्रतिवद्धता, कोरोना भाईरस (कोभिड-१९) ले सिर्जना गरेको अवसरको उपयोग मार्फत आवधिक योजनाले अपेक्षा गरेको समृद्धी र विकासको चाहनालाई पूरा गर्न सहयोग पुग्ने देखिएको छ।

## २.३ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

समृद्ध कर्णाली, सुखारी कर्णालीबासीको प्रदेशको दीर्घकालीन सोच सहितको प्रथम पञ्चवर्षीय योजनामा उल्लिखित सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरू मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ।

### २.३.१ सोच

सामाजिक न्यायसहित दिगो, फराकिलो र तीव्र विकास।

### २.३.२ लक्ष्य

आम नागरिकको जीवनस्तरमा अपेक्षाकृत सुधार गर्दै दिगो विकास र समृद्धिको मार्गमा अघि बढ्ने।

### २.३.३ उद्देश्य

- गुणस्तरीय पूर्वाधार विकास गर्नु,
- दिगो, फराकिलो र तीव्र आर्थिक तथा सामाजिक विकास गर्नु,
- कर्णालीवासीलाई प्रत्यक्ष अनुभूत हुनेगरी सुशासन कायम गर्नु।

### २.३.४ रणनीतिहरू

प्रथम पञ्चवर्षीय योजनाले लिएका रणनीतिहरू निम्नानुसार छन्ः

१) आयोजना बैङ्क स्थापना गरी रणनीतिक महत्त्वका आयोजनाहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने,

२) आधारभूत पूर्वाधारहरू वातावरण तथा जलवायु परिवर्तन अनुकूलित हुनेगरी निर्माण गर्ने,

३) सुलभ तथा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने,

४) सार्वजनिक, निजी, सहकारी र सामुदायिक तथा वैदेशिक स्रोतको पहिचान र उच्चतम परिचालन गर्ने,

५) सामाजिक सुरक्षा, लैङ्गीक समानता एवम् समावेशीकरणका माध्यमबाट सीमान्तकृत समुदाय र क्षेत्रका आवश्यकतालाई प्राथमिकताका साथ सम्बोधन गर्ने,

६) युवालाई रोजगार दिन अनिवार्य न्युनतम आय आर्जन कार्यक्रम अघि बढाउने तथा प्रदेश विकासमा युवाहरूको सहभागिता सुनिश्चित गर्ने,

७) मानव संशाधन र उद्यमशिलताको विकास गरी उत्पादनशील रोजगारी अभिबृध्दि गर्ने,

८) विकास प्रक्रियालाई फराकिलो, तीव्र र दिगो बनाउने,

९) नवप्रवर्त्तनका लागि विज्ञान तथा प्रविधिको उच्चतम प्रयोग गर्ने,

१०) दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्ने,

११) संघ र स्थानीय तहसँगको समन्वय, सहकार्य र साझेदारीमार्फत प्रदेशको समृद्धि हासिल गर्ने,

१२) आम नागरिकप्रति जवाफदेही, स्वच्छ, पारदर्शी प्रशासन मार्फत् सुशासन कायम गर्ने।

## २.४ मध्यमकालीन आर्थिक खाका

**तालिका नं. २.१**

**प्रदेशको मध्यमकालीन समष्टिगत आर्थिक-सामाजिक सूचकहरू**

| क्र. सं. | सूचक | २०७७/७८ को उपलब्धि | २०७८/२०७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | वार्षिक औषत आर्थिक वृद्धि दर(प्रतिशत) | ४.३४ | ५.४७ | ७.५० | ६.९० | ७.५१ |
| | कृषि क्षेत्रको औषत वृद्धि दर(प्रतिशत) | ३.४४ | ३.२२ | ३.३५ | ३.६७ | ३.७० |
| | उद्योग क्षेत्रको औषत वृद्धि दर(प्रतिशत) | ४.११ | ८.३४ | ८.६० | ८.९० | ९.०० |
| | सेवा क्षेत्रको औषत वृद्धि दर(प्रतिशत) | ५.९६ | ४.१४ | ४.५१ | ४.७५ | ४.९० |
| २ | अर्थतन्त्रमा क्षेत्रगत योगदान (प्रतिशत) | | | | | |
| | कृषि | ३२.२० | ३१.५० | ३०.४२ | ३०.११ | २९.८० |
| | उद्योग | १०.८० | ११.१० | ११.२० | ११.३२ | ११.५० |
| | सेवा | ५७.०० | ५७.४० | ५८.३८ | ५८.५७ | ५८.७० |
| ३ | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | ८७४ | ९६४ | ९९५ | १०१५ | १०५० |

| क्र. सं. | सूचक | २०७७/७८ को उपलब्धि | २०७८/२०७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| ४ | निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (प्रतिशत) | – | २८.९० | २७.५ | २६.२ | २५.८ |
| ५ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या (प्रतिशत) | ५१.८ | ३९.५० | ३९.३१ | ३८.९२ | ३८.५७ |
| ६ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात | - | - | - | - | - |
| ७ | मानव विकास सूचकाङ्क | ०.५३८ | ०.५३८ | ०.५५७ | ०.५५९ | ०.६१२ |
| ८ | लैंगिक विकास अनुपात | ०.९०२ | ०.९०२ | - | - | - |
| ९ | लैंगिक विकास सूचकाङ्क | ०.५५८ | ०.५५८ | - | - | - |
| ११ | आधारभूत खानेपानी सुविधा पुगेको परिवार (प्रतिशत) | - | ९० | ९३ | ९५ | ९७ |
| १२ | सडक यातायातले जोडिएको स्थानीय तहको सङ्ख्या | ६९ | ६९ | ७१ | ७५ | ७९ |
| १३ | जलविद्युत उत्पादन (मेगावाट) | ११ | ११ | १२ | १२.५ | १५ |
| १४ | विद्युतमा पहुँच प्राप्त परिवार (प्रतिशत) | ३४.७ | ४३.८ | ४८.६ | ५०.८ | ५५.० |
| १५ | सिँचाइ पुगेको खेतीयोग्य जमिन(प्रतिशत) | ३२ | ३४ | ३४.८ | ३५.६ | ४०.० |
| १६ | इन्टरनेट प्रयोगकर्ता (प्रतिशत) | २१.४ | २३.६ | २५.५ | २७.८ | २९.९ |
| १७ | प्रदेशको कालोपत्रे सडक (.कि.मी.) | १९.७ | २६.० | २८.८ | २९.९ | ३२,७ |
| १८ | औषत आयु (वर्ष) | ६८ | ६९ | ६९.७ | ७० | ७०.५ |
| १९ | ५ वर्षमुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | १८६ | १३१ | १३० | १२८ | १२५ |
| २० | स्वास्थ्य बीमामा आवद्ध जनसङ्ख्या (प्रतिशत) | १४ | १८ | १९ | २१ | २३ |
| २१ | साक्षरता दर (प्रतिशत) | ६२.७७ | ६२.७७ | ६३.३४ | ६३.८९ | ६४.४३ |
| | पुरुष | ७२.८८ | ७२.८८ | ७३.०१ | ७३.८७ | ७४.२१ |
| | महिला | ५३.८८ | ५३.८८ | ५४.१३ | ५४.९२ | ५५.६७ |
| २२ | सुधारिएको सरसफाइ सुविधा प्राप्त गर्ने परिवार (प्रतिशत) | | | | | |

*<u>स्रोत:</u> केन्द्रीय तथ्याङ्क विभाग,आर्थिक सर्वेक्षण २०७८/७९,राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदन, नेपाल जनसाङ्ख्यिय तथा स्वास्थ्य सर्वेक्षण २०१६, मानव विकास प्रतिवेदन २०२०,बहुआयामिक गरिबीको प्रतिवेदन २०२१,पन्ध्रौं योजना, रा.यो.आ.।*

## २.५ मध्यमकालीन बजेट विनियोजन र प्रक्षेपण

त्रिवर्षिय मध्यमकालीन बजेट विनियोजन तथा प्रक्षेपण गर्दा प्रथम पञ्चवर्षीय योजनामा उल्लिखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, प्रदेश सरकारको वार्षीक नीति तथा कार्यक्रम, बजेटको सिद्धान्त र प्राथमिकता र दिगो विकास लक्ष्यको मार्गचित्र एवम् विनियोजन कुशलतालाई मुख्य आधार लिइएको छ। माथि उल्लिखित आर्थिक-सामाजिक नतिजा खाकाका साथै विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्च प्रक्षेपण गरिएको छ।

प्रदेश गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र बहुवर्षिक ठेक्का प्रकृयामा गएका आयोजनाको लागि आवश्यक बजेट सुनिश्चित हुने गरी मध्यमकालीन बजेट खाका निर्माण गरिएको छ। क्रमागत कार्यक्रम तथा आयोजनाको कार्यान्वयन योजनाको आधारमा खर्च गर्नसक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ।

मध्यमकालीन स्रोत अनुमान गर्दा प्रदेश सरकारको विगतको राजश्व परिचालनको अवस्था, संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट तथा अनुदानको उपयोगितालाई मध्यनजर गरी स्रोतको प्राथमिकता गरिएको छ।

खर्चको अनुमान तथा प्रक्षेपण गर्दा सर्वप्रथम प्रदेश सरकारले गर्नुपर्ने अनिवार्य भुक्तानी र दायित्व व्यहोर्न चाहिने रकमहरू जस्तैः संचित कोष माथि व्ययभार हुने रकम, तलब, स्थानीय तहमा जाने वित्तीय हस्तान्तरण आदि विषयलाई ध्यानमा राखिएको छ। खर्च अनुमानका आधारहरूको सम्बन्धमा चालु खर्चको अनुमान लगाउँदा व्यवस्थापन कार्यको गहनता, नागरिकलाई दिनुपर्ने सेवा सुविधा, राजस्व बाँडफाँटबाट प्राप्त हुने स्रोत समेत प्रदेशको आफ्नो राजस्व क्षमता, वित्तीय समानीकरणको रूपमा प्राप्त हुने अनुदान तथा बजेट विनियोजन गर्दा मितव्ययीताको विषयलाई समेत विशेष रूपमा ख्याल गरिएको छ भने पुँजीगत खर्चतर्फ कार्यक्रम तथा परियोजनाको प्राथमिकता, त्यसमा लाग्ने कुल लागत तथा सम्बन्धित वर्ष गरिने कार्य तथा त्यसको लागि चाहिने स्रोतको विषयलाई ध्यान दिइएको छ। त्रि-वर्षीय आय तथा खर्च प्रक्षेपण निम्न अनुसार रहेको छ।

कोभिड-१९ को महामारीबाट प्रभावित भएको पुर्वाधार विकास, पर्यटन, यातायात, उद्योग, शिक्षा, कृषि लगायत विभिन्न क्षेत्रको पुनरुत्थानलाई यस खर्च संरचनामा प्राथमिकता दिईएको छ। साथै, महामारीले सिर्जना गरेको अवसरको उपयोग गर्ने गरी विकास कार्यक्रम तर्जुमालाई प्राथमिकता दिईएको छ।

प्रचलित मूल्यमा माथि उल्लिखित आधारमा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. १ खर्च ३९ करोड ६ लाख रहने प्रक्षेपण गरिएको छ। यस मध्ये चालु खर्च रु. २७ अर्ब ५१ करोड ८४ लाख र पूँजिगत खर्च रु.५९ अर्ब ६३ करोड ६५ लाख रहने प्रक्षेपण गरिएको छ। साथै, वित्तीय व्यवस्था तर्फ रु. ८७ करोड रहने अनुमान गरिएको छ। त्यसैगरी स्रोत परिचालनतर्फ राजश्व बाँडफाँटाबाट रु. २८ अर्ब ८५ करोड २० लाख, वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान

रु. ५७ अर्ब ५ करोड ६१ लाख, आन्तरिक रावश्व रु. २ अर्ब १६ करोड ५० लाख व्यहोरिने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तालिका २.२ मा उल्लेख गरिएको छ ।

**तालिका नं. २.२**

**त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (रु. लाखमा, प्रचलित मूल्यमा)**

| विवरण | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ संशोधित अनुमान | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | | तीन वर्षको कुल |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | |
| **बजेट अनुमान** | | | | | | |
| चालु खर्च | ७ | ५.१२ | ३.९१ | ३.६७ | ३.५८ | २३.५८ |
| पुँजिगत खर्च | ११ | ११.६ | ८.५३ | ७.९२ | ७.७४ | ४६.७९ |
| वित्तीय व्यवस्था | - | .२५ | .११ | .१२ | .१२ | .६ |
| वित्तीय हस्तान्तरण (स्थानीय तह) | २ | १.९२ | १.७६ | १.६८ | १.५७ | ८.९३ |
| **कुल** | **२०** | **१८.८९** | **१४.३१** | **१३.३९** | **१३.०१** | **७९.९** |
| **स्रोत अनुमान** | | | | | | |
| राजश्व बाँडफाँट प्राप्ति | ४.२१ | ३.७६ | ३.९६ | ४ | ३.७३ | १९.६६ |
| आन्तरिक राजश्व | .१७ | .३० | .३१ | .२९ | .२७ | १.३४ |
| वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान | ८.४५ | ७.८६ | ८.०३ | ७.६९ | ७.४ | ३९.४३ |
| नगद मौज्दात | ६.३७ | ६.५३ | २.०० | १.४२ | १.३१ | १७.६३ |
| **कुल** | **१९.२१** | **१८.४५** | **१४.३०** | **१३.४०** | **१२.७२** | **७८.०८** |
| **बचत(-) न्यून(+)** | | | | | | |

## २.६ आयोजना प्राथमिकीकरणका आधारहरूको रणनीतिक सङ्केत

तालिका २.३ः रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| क्र. सं. | विवरण | २०७७/७८ को यथार्थ | | २०७८/७९को संशोधित अनुमान | | २०७९/८०को व्यय अनुमान | | २०८०/८१को खर्च प्रक्षेपण | | २०८१/८२को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | सुशासन, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता | ० | ० | ० | ० | ६५,६८,६६ | ३.७९ | ९,००,०० | ०.६६ | ९,००,०० | ०.६६ |
| २ | न्यायपूर्ण समाज | ० | ० | ० | ० | ४१,२१,६० | २.३८ | १४,९२,१६ | १.०९ | १५,९७,१६ | १.१८ |
| ३ | उत्पादन र उत्पादकत्व अभिवृद्धि | ० | ० | ० | ० | २,३९,२०,७७ | १३.८२ | २,५३,३३,३८ | १८.४५ | १,८७,३५,२८ | १३.७९ |
| ४ | साधारण प्रशासन | ० | ० | ० | ० | १,५३,७२,७५ | ८.८८ | १,६२,१४,३७ | ११.८१ | १,८१,५७,३७ | १३.३६ |
| ५ | सामाजिक सुरक्षा तथा संरक्षण | ० | ० | ० | ० | ४४,८७,७७ | २.५९ | ३,२७,६५,२६ | २३.८६ | ३,४६,४२,६८ | २५.४९ |
| ६ | आर्थिक वृद्धि | ० | ० | ० | ० | १,८६,३१,६३ | १०.७६ | १,३४,१६,६२ | ९.७७ | १,१२,४७,३८ | ८.२८ |
| ७ | स्वास्थ्य तथा शिक्षा | ० | ० | ० | ० | १,९७,६१,९२ | ११.४२ | ० | ० | ० | ० |
| ८ | अन्तरआबद्धता र शहरी विकास | ० | ० | ० | ० | ७,६९,८७,४२ | ४४.४७ | ४,४०,७०,०० | ३२.०९ | ४,७४,७०,०० | ३४.९३ |
| ९ | प्राकृतिक स्रोत तथा उत्थानशीलता | ० | ० | ० | ० | ३२,५९,८० | १.८८ | ३१,२६,०० | २.२८ | ३१,६०,०० | २.३३ |

प्रथम पञ्चवर्षीय योजनाले लिएका रणनीतिहरूका आधारमा प्रदेश सरकारले कार्यक्रम तथा आयोजनाहरूलाई उत्पादन वृद्दि,पूर्वाधार निर्माण,सामाजिक विकास,सुशासन प्रवर्द्धन,साधारण प्रशासन/शासकीय कार्य र अन्तर-सम्बन्धित क्षेत्र समेतका रणनीतिक स्तम्भका आधारमा रणनीतिक सङ्केतहरू प्रदान गर्ने गरी कार्यान्वयन गर्नुपर्दछ। कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को क्षेत्रगत विनियोजन (आर्थिक वृद्धि, स्वास्थ्य तथा शिक्षा, अन्तरआवद्वता र सहरी विकास, उत्पादन र उत्पादकत्व वृद्धि, सामाजिक सुरक्षा र संरक्षण, न्यायपूर्ण समाज, प्राकृतिक स्रोत तथा उत्थानशिलता, सुशासन, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता तथा साधारण प्रशासन) मा क्रमशः निम्नानुसार रहेको छ (तालिका नं. २.४)।

**तालिका नं. २.४**

**क्षेत्रगत बजेट विनियोजन (रु.लाखमा)**

| सि. नं. | रणनीति | सङ्केत | आ.व. ०७९/८० | |
|---|---|---|---|---|
| | | | बजेट अनुमान (हजारमा) | प्रतिशत |
| १ | आर्थिक वृद्धि | ०१ | ७,८२,८५,८२ | २४ |
| २ | स्वास्थ्य तथा शिक्षा | ०२ | ३५८९४३७ | ११.९ |
| ३ | अन्तरआवद्वता र सहरी विकास | ०३ | | |
| ४ | उत्पादन र उत्पादकत्व वृद्धि | ०४ | | |
| ५ | सामाजिक सुरक्षा र संरक्षण | ०५ | २३७०९२० | ७.२७ |
| ६ | न्यायपूर्ण समाज | ०६ | ३१५१२९ | ०.९७ |
| ७ | प्राकृतिक स्रोत तथा उत्थानशिलता | ०७ | ८५७८७४ | २.६३ |
| ८ | सुशासन, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता | ०८ | | |
| ९ | साधारण प्रशासन | ०९ | | |
| | **कुल जम्मा** | | | |

## २.६.१ क्षेत्रगत बजेट विनियोजन (रु. लाखमा)

प्रथम पञ्चवर्षीय योजनाले लिएका रणनीतिहरूका आधारमा प्रदेश सरकारले कार्यक्रम तथा आयोजनाहरूलाई उत्पादन वृद्धि,पूर्वाधार निर्माण, सामाजिक विकास, सुशासन प्रवर्द्धन, साधारण प्रशासन/ शासकीय कार्य र अन्तर-सम्बन्धित क्षेत्र समेतका रणनीतिक स्तम्भका आधारमा रणनीतिक सङ्केतहरू प्रदान गर्ने गरी कार्यान्वयन गर्नुपर्दछ। कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को क्षेत्रगत विनियोजन (आर्थिक वृद्धि, स्वास्थ्य तथा शिक्षा, अन्तरआवद्वता र सहरी विकास, उत्पादन र उत्पादकत्व वृद्धि, सामाजिक सुरक्षा र संरक्षण, न्यायपूर्ण समाज, प्राकृतिक स्रोत तथा उत्थानशिलता, सुशासन, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता तथा साधारण प्रशासन)मा क्रमशः निम्नानुसार रहेको छ (तालिका नं. २.५)।

**तालिका नं. २.५**

**क्षेत्रगत बजेट विनियोजन (रु.लाखमा)**

| सि. नं. | रणनीति | सङ्केत | आ.व. ०७९/०८० | |
|---|---|---|---|---|
| | | | बजेट अनुमान (हजारमा) | प्रतिशत |
| १ | आर्थिक वृद्धि | ०१ | ७,८२,८५,८२ | २४ |
| २ | स्वास्थ्य तथा शिक्षा | ०२ | ३५८९४३७ | ११.९ |
| ३ | अन्तरआवद्वता र सहरी विकास | ०३ | | |
| ४ | उत्पादन र उत्पादकत्व वृद्धि | ०४ | | |
| ५ | सामाजिक सुरक्षा र संरक्षण | ०५ | २३७०९२० | ७.२७ |
| ६ | न्यायपूर्ण समाज | ०६ | ३१५१२९ | ०.९७ |
| ७ | प्राकृतिक स्रोत तथा उत्थानशिलता | ०७ | ८५७८७४ | २.६३ |
| ८ | सुशासन, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता | ०८ | | |
| ९ | साधारण प्रशासन | ०९ | | |
| | **कुल जम्मा** | | | |

## २.७ आयोजना प्राथमिकीकरणका आधारमा बजेट अनुमान

तालिका २.६: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण

| क्र. सं. | विवरण | २०७७/७८को यथार्थ | | २०७८/७९को संशोधित अनुमान | | २०७९/८०को व्यय अनुमान | | २०८०/८१को खर्च प्रक्षेपण | | २०८१/८२को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | P2 | ० | ० | ० | ० | ५४,९१,६७,६० | ३९.४९ | ५६,५४,२९,९१ | ५३.६९ | ५२,५८,९४,३१ | ५१.१९ |
| २ | P1 | ० | ० | ० | ० | ८४,१३,१२,४६ | ६०.५१ | ४८,७७,८९,९६ | ४६.३१ | ५०,१४,८४,५६ | ४८.८१ |

## २.८ गरिबी निवारण, लैंगिक बजेट, जलवायु परिवर्तन र दिगो विकास लक्ष्य सम्बन्धी बजेटको व्यवस्था

तालिका २.७: लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| क्र. सं. | विवरण | २०७७/७८ को यथार्थ | | २०७८/७९ को संशोधित अनुमान | | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ० | ० | ० | ० | २,३५,५९,९२ | १३.६१ | २,०४,४०,२६ | १४.८९ | १,७७,०५,१६ | १३.०३ |
| २ | तटस्थ | ० | ० | ० | ० | ५७,३०,२६ | ३.३१ | ५८,८८,७८ | ४.२९ | ६३,५१,७८ | ४.६७ |
| ३ | अप्रत्यक्ष लाभ | ० | ० | ० | ० | १४,३८,२२,१४ | ८३.०८ | ११,०९,८८,७५ | ८०.८३ | ११,१८,५२,९३ | ८२.३ |

तालिका २.८: जलवायु संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| क्र. सं. | विवरण | २०७७/७८ को यथार्थ | | २०७८/७९ को संशोधित अनुमान | | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष | ० | ० | ० | ० | २,३७,३०,८५ | १३.७१ | २,३७,८५,०० | १७.३२ | १,६७,०१,५० | १२.२९ |
| २ | तटस्थ | ० | ० | ० | ० | १,५७,१६,१३ | ९.०८ | १,३२,१४,७८ | ९.६२ | १,४५,७७,८३ | १०.७३ |
| ३ | अप्रत्यक्ष | ० | ० | ० | ० | १३,३६,६५,३४ | ७७.२१ | १०,०३,१८,०१ | ७३.०६ | १०,४६,३०,५४ | ७६.९९ |

## तालिका २.९: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| क्र. सं. | विवरण | २०७७/७८ को यथार्थ | | २०७८/७९को संशोधित अनुमान | | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ० | ० | ० | ० | ७०,१०,२९ | ४.०५ | ४०,९०,०० | २.९८ | ३७,५०,०० | २.७६ |
| २ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | शून्य भोकमरी | ० | ० | ० | ० | २१,८५,३२ | १.२६ | २३,३१,७९ | १.७ | २१,१९,५० | १.५६ |
| ४ | जलवायु परिवर्तन अनुकूलन | ० | ० | ० | ० | ४७,१५,६६ | २.७२ | ४८,००,०० | ३.५ | ४७,५०,०० | ३.४९ |
| ५ | गरिबीको अन्त्य | ० | ० | ० | ० | ४,४७,५१,२५ | २५.८५ | ४,०९,६३,२१ | २९.८३ | ३,७८,५६,१६ | २७.८५ |
| ६ | दिगो विकासका लागि साझेदारी | ० | ० | ० | ० | ३३,२८,०० | १.९२ | ० | ० | ० | ० |
| ७ | आधुनिक उर्जामा पहुँच | ० | ० | ० | ० | ११,५०,०० | ०.६६ | १३,००,०० | ०.९५ | १५,००,०० | १.१ |
| ८ | दिगो शहर र वस्ती | ० | ० | ० | ० | ७,१०,९१,९२ | ४१.०७ | ३,७८,४३,१६ | २७.५६ | ३,९५,७७,१६ | २९.१२ |
| ९ | दिगो उपभोग तथा उत्पादन | ० | ० | ० | ० | १७,६०,५० | १.०२ | २२,००,०० | १.६ | २७,००,०० | १.९९ |
| १० | शान्ति, न्याय र सबल संस्था | ० | ० | ० | ० | १,०९,५४,६८ | ६.३३ | ८५,१४,३७ | ६.२ | ९२,९४,३७ | ६.८४ |
| ११ | स्वच्छ पानी तथा सरसफाई | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | असामनता र न्यूनीकरण | ० | ० | ० | ० | १०,००,०० | ०.५८ | १०,००,०० | ०.७३ | १०,००,०० | ०.७४ |
| १३ | लैङ्गिक समानता | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४ | उधोग, नवीन खोज र पूर्वाधार | ० | ० | ० | ० | २७,४०,०१ | १.५८ | २९,८५,०० | २.१७ | १,९५,०० | ०.१४ |
| १५ | भू-सतह स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | स्वस्थ जीवन | ० | ० | ० | ० | २,२४,२४,६९ | १२.९५ | ३,१२,९०,२६ | २२.७९ | ३,३१,६७,६८ | २४.४ |
| १७ | गुणस्तरीय शिक्षा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

## २.९ वित्तीय हस्तान्तरण

प्रदेश सरकारले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राप्त गर्ने चार किसिमका अनुदान सम्बन्धमा आर्थिक वर्ष २०७८/७९ को यथार्थ, आर्थिक वर्ष २०७९/८० मा प्राप्त गर्ने अनुमानित रकम तथा आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ लागि प्रक्षेपित रकम सम्बन्धी विवरण तल तालिकामा दिइएको छ।

**तालिका नं. २.१०**

**अनुदान प्राप्ति सम्बन्धी अनुमान तथा प्रक्षेपण (रु. लाखमा)**

| क्र. सं. | विवरण | आ.व. २०७७/७८ को वास्तवीक | आ.व. २०७८/७९ संशोधित अनुमान | आ.व. २०७९/८० को अनुमान | आ.व. २०८०/८१ को प्रक्षेपण | आ.व. २०८१/८२ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | ९६३२९ | १०१४२१ | १०७२६४ | ११२९०० | ११८००० |
| २ | सशर्त अनुदान | ४३१८४ | १०६८० | ५६९७० | ५७२०० | ५९१०० |
| ३ | समपूरक अनुदान | २५०० | ४००० | १२१५० | १२५०० | १३९०० |
| ४ | विशेष अनुदान | ४४०० | २००० | ६६८० | ६९०० | ७००० |
| **जम्मा** | | **१४६४१३** | **१२२१०१** | **१८३०६४** | **१८९५००** | **१९८०००** |

## २.१० वैदेशिक सहयोग व्यवस्थापन

नेपालको संविधान, २०७२ तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का अनुसार प्रदेश सरकारले नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक सहयोग लिन सक्नेछ। आ.व.२०७६/७७ सम्म कर्णाली प्रदेशले वैदेशिक सहयोग लिएको नदेखिएको भए तापनि आगामी तीन वर्षभित्र प्रदेशको विभिन्न योजना कार्यन्वयन गर्न आन्तरिक राजस्व, राजस्व बाँडफाँट र सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान रकमले समेत अपुग हुन जाने देखिँदा आगामी आर्थिक वर्षहरूमा वैदेशिक सहयोग परिचालन गर्नुपर्ने हुन्छ । तर प्रस्तुत त्रि-वर्षीय अवधिमा वैदेशिक सहयोगको प्रक्षेपण गरिएको छैन ।

## २.११ आन्तरिक ऋण

नेपालको संविधान, २०७२ तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का अनुसार प्रदेश सरकारले सङ्घीय कानून बमोजिम आन्तरिक ऋण परिचालन गर्न सक्नेछ। आ.व.२०७८/७९ सम्म कर्णाली प्रदेशले आन्तरिक ऋण लिएको नदेखिएको भए तापनि आगामी तीन वर्षभित्र प्रदेशको विभिन्न योजना कार्यान्वयनका लागि आगामी आर्थिक वर्षहरूमा निम्नानुसारको आन्तरिक ऋण परिचालन गर्नुपर्ने गरी प्रक्षेपण गरिएको छ। यस्तो ऋण प्रदेशको आन्तरिक राजस्व तथा राजस्व बाँडफाँटबाट प्राप्त भएको तथा हुने रकमको १० प्रतिशतको सीमामा राख्नुपर्दछ। प्रस्तुत मध्यम अवधिको लागि निम्नानुसार आन्तरिक ऋण परिचालन गर्ने गरी प्रक्षेपण गरिएको छ।

**तालिका नं. २.११**

**आन्तरिक ऋणको अनुमान तथा प्रक्षेपण (रु.लाखमा)**

| क्र.सं. | विवरण | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को अनुमान | आ.व. २०८०/८१ को प्रक्षेपण | आ.व.२०८१/८२ को प्रक्षेपण |
|---|---|---|---|---|---|
| १ | आन्तरिक ऋण | ० | ० | ० | ० |

## २.१२ स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण

प्रदेश सरकारले पनि नेपाल सरकारबाट प्राप्त अनुदान तथा आफ्नो स्रोतबाट उठ्ने राजस्व मध्येबाट खर्च आवश्यकता तथा राजस्व क्षमताको आधारमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था छ (नेपालको संविधान, धारा ६०, उपधारा ५)। प्रदेशले स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमको प्रकृति तथा क्षमता एवम् प्रदेशको स्रोत र प्राथमिकताको आधारमा सशर्त अनुदान समेत प्रदान गर्न सक्दछ। यस व्यवस्था अनुसार आगामी तीन वर्षमा प्रदान गरिने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान तथा सवारी साधन कर वापतको राजस्व हस्तान्तरणको अनुमानित प्रक्षेपण तल दिइएको छ।

**तालिका नं. २.१२**

**स्थानीय तहमा जाने वित्तीय हस्तान्तरण को अनुमान तथा प्रक्षेपण (रु. लाखमा)**

| अनुमान तथा प्रक्षेपण | राजश्व बाँडफाँट (सवारी साधन कर) | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान | कुल हस्तान्तरण |
|---|---|---|---|---|---|---|
| २०७७/७८को यथार्थ | १३३९ | ८००० | ८८६५ | ५८२२ | ३३९२ | |
| २०७८/७९को संशोधित अनुमान | - | ८००० | - | ५१२० | ३०५० | |
| २०७९/८० को अनुमान | ९२५ | ८००० | २३९०० | ५१२० | ३००० | |
| २०८०/८१ को प्रक्षेपण | ९८०.५ | ८४८० | २५३३४ | ५४२७.२ | ३१८० | |
| २०८१/८२ को प्रक्षेपण | १०३९.३३ | ८९८८.८ | २६८५४.०४ | ५७५२.८३ | ३३७०.८ | |

## २.१३ आगामी तीन वर्षको लागि सुनिश्चित गरिएका प्रमुख कार्यक्रम तथा आयोजनाहरू

माथिका लक्ष्य तथा उद्देश्य हासिल गर्न निम्न कार्यक्रम तथा आयोजनालाई कम्तीमा पनि आगामी तीन वर्षसम्मलाई निरन्तरता दिने गरी मध्यमकालीन खर्च संरचना तयार गरिएको छ।

१) प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम र जिल्ला सदरमुकामबाट स्थानीय तहको केन्द्र र अन्तरप्रदेश जोड्ने सडक।

२) कर्णाली उज्यालो अभियान अन्तर्गत भेरी-बबई बहुउद्देश्यीय जलविद्युत् आयोजना, जगदुल्ला जलबिद्युत आयोजना, फुकोट जलविद्युत आयोजना, ताक्सुघाट जलविद्युत आयोजना लगायत साना जलविद्युत आयोजना र बैकल्पिक ऊर्जाका कार्यक्रम।

३) सुरक्षित एकिकृत बस्ती विकास कार्यक्रम।

४) प्रदेश राजधानी विशेष पूर्वाधार विकास।

५) सुरक्षित, नियमित, पर्याप्त एवं गुणस्तरीय खानेपानी तथा सिँचाइ कार्यक्रम।

६) पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना तथा सञ्चालन कार्यक्रम।

७) एक जिल्ला-एक प्राविधिक कलेज स्थापना कार्यक्रम।

८) हिमाली जिल्लामा एक नमुना आवासीय विद्यालय स्थापना कार्यक्रम।

९) जनशक्ति विकासका लागि बहुपक्षीय छात्रवृत्ति कार्यक्रम।

१०) प्रदेश अस्पताल तथा जिल्ला अस्पताल विस्तार तथा क्षमता अभिवृद्धि कार्यक्रम।

११) गर्भवती तथा सुत्केरी आमा र बच्चाको जीवन रक्षा कार्यक्रम।

१२) कृषि, पशुपंक्षी, मत्स्यपालन, मौरीपालन केन्द्रको उत्पादन, भण्डारण र बजारीकरण कार्यक्रम।

१३) नर्सरी, स्रोत केन्द्र एवम् रैथाने बीउ संरक्षण तथा प्रवर्द्धन कार्यक्रम।

१४) कलकारखाना, उद्योगधन्दा, प्रयोगशाला स्थापना तथा सञ्चालन।

१५) उद्योगको स्थापना र सञ्चालन (कृषिजन्य, वनजन्य, जडीबुटी, खानीजन्य, पानीजन्य आदि)

१६) एक जिल्ला-एक उद्योग ग्राम स्थापना कार्यक्रम।

१७) पर्यटन क्षेत्र पूर्वाधार विकास तथा प्रवर्द्धन कार्यक्रम।

१८) स्थानीय स्रोत र सीप आधुनिकीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम।

१९) मुख्यमन्त्री रोजगार कार्यक्रम।

२०) महिला, दलित, जनजाति, अपाङ्गता तथा सिमान्तकृत समुदाय लक्षित कार्यक्रम।

२१) अनिवार्य न्यूनतम् आय आर्जन कार्यक्रम।

२२) पुल निर्माण कार्यक्रम।

२३) विमानस्थल निर्माण तथा स्तरोन्नति कार्यक्रम।

२४) खेलकुदको विकास तथा उत्प्रेरणा कार्यक्रम।

२५) केबुलकारको अध्ययन र निर्माण कार्यक्रम।

२६) संग्रहालय तथा चिडियाखाना निर्माण तथा व्यवस्थापन कार्यक्रम।

२७) अनुसन्धान तथा विकास कार्यक्रम।

२८) वातावरण संरक्षण तथा जलवायु परिवर्तन प्रभाव न्यूनीकरण कार्यक्रम।

२९) वहुक्षेत्रीय पोषण तथा पाक शिक्षा/भान्सा सुधार कार्यक्रम।

३०) जलउत्पन्न प्रकोप न्यूनीकरण कार्यक्रम।

३१) विपद् व्यवस्थापन कार्यक्रम।

३२) विद्युतीय पुस्तकालय स्थापना तथा व्यवस्थापन कार्यक्रम लगायत।

# परिच्छेद-३

# क्षेत्रगत व्यवस्था र खर्च संरचना

## ३.१ जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय

### ३.१.१ पृष्ठभूमि

प्रदेशको आर्थिक विकासमा जलश्रोत, ऊर्जा तथा सिँचाई क्षेत्रको बहुआमायिक भुमिका रहेको छ। प्रदेशको विकास र समृद्धिका लागि जलश्रोतको बहुउपयोगलाई यस मध्यकालीन अवधिमा प्राथमिकता राखिएको छ। जलस्रोतको समुचित व्यवस्थापनमार्फत नै जलविद्युत, सिँचाई र खानेपानी जस्ता क्षेत्रको विकास सम्भव छ । यस क्षेत्रको प्रचुर सम्भावनालाई प्रदेशको विकासमा उपयोग गर्न सकिएमा प्रदेशको आन्तरिक आम्दानी र कुल ग्राहस्थ्य उत्पादनमा वृद्धि भई आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ ।

कर्णाली प्रदेशमा जलविद्युत उत्पादनको क्षमता १८०० मेगावाट रहे तापनि हालसम्म ११ मेगावाट विद्युत उत्पादन भएको छ । यस अवधिमा जलविद्युत उत्पादनको सम्भावनालाई मध्यनजर गरी लगानी तथा कार्यक्रमको प्राथमिकीकरण गरिएको छ । विद्युत प्रसारण लाइन नपुगेको ग्रामीण क्षेत्रमा ऊर्जाको पहुँच वृद्धि गर्न वैकल्पिक ऊर्जाको विकास गर्न आवश्यक देखिएको छ ।

भौगोलिक रूपमा विकट यस प्रदेशमा सिँचाईयोग्य भूमि कम रहेको छ । खेती गरिएको कुल क्षेत्रफलको ३७.५६ प्रतिशत क्षेत्रफलमा मात्र सिँचाई सुविधा पुगेको यस प्रदेशमा कृषियोग्य भूमिको उत्पादन र उत्पादकत्व बढाउन सिँचाईको दिगो व्यवस्था गर्न आवश्यक देखिएको छ । नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको माध्यमबाट सिंचित कृषि भुमिको विस्तार गर्न एवम् रणनीतिक महत्वका सिँचाइ प्रणालीमा लगानी परिचालन गर्न आवश्यक देखिएको छ ।

### ३.१.२ समस्या र चुनौति

उपलब्ध जलश्रोतको समुचित र बहुआयामिक उपयोग नहुनु, जलउत्पन्न विपद्बाट सिर्जित क्षतिलाई न्यूनीकरण, जलविद्युत उत्पादनको लागि स्वदेशी तथा वैदेशिक भित्र्याउन नसक्नु, वैकल्पिक ऊर्जा उत्पादनको लागि अध्ययन एवम् अनुसन्धान नहुनु, उपलब्ध कृषि योग्य भुमिमा सिँचाइ प्रणालीको अभाव जस्ता समस्याहरू रहेका छन् ।

जलश्रोतको बहुआयामिक उपयोग, बढदो ऊर्जाको माग अनुसारको उत्पादन, वैकल्पिक ऊर्जा प्रविधाबाट ऊर्जा उत्पादन, दुर्गम ग्रामीण वस्तीमा उर्जाको विस्तार, कृषियोग्य भूमिमा सिँचाइ उपलब्ध गराउने गरी निर्माणाधीन आयोजना तोकिएको समय र लागतमा सम्पन्न गर्ने, रणनीतिक महत्वका सिँचाइ पूर्वाधार विकासको लागि अन्तरतह समन्वय एवम् लगानी अभिवृद्धी गर्ने जस्ता चुतौती रहेका छन् ।

### ३.१.३ सोच

**(क) सिँचाइ**

दिगो सिँचाइ व्यवस्थापनबाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि

**(ख) ऊर्जा**

जलविद्युतको उत्पादन तथा उपयोगबाट समृद्धि (जलविद्युत)
वैकल्पिक ऊर्जा मार्फत ऊर्जामा पहुँच विस्तार (वैकल्पिक ऊर्जा)

**(ग) खानेपानी तथा सरसफाइ**

स्वच्छ, सुलभ र सुरक्षित खानेपानी, सफा सुग्घर वातावरण।

### ३.१.४ उद्देश्य

**(क) खानेपानी तथा सरसफाइ**

आधारभूत खानेपानी र सरसफाइ सेवा सबै नागरिकहरूलाई उपलब्ध गराउने।

**(ख) सिँचाइ**

कृषियोग्य भूमिमा बाह्रैमास सिँचाइ सुविधा उपलब्ध गराउने।

**(ग) ऊर्जा**

जल विद्युतको उत्पादन गरी तीव्र आर्थिक विकास गर्ने (जलविद्युत)
वैकल्पिक ऊर्जाको उत्पादन बढाई स्वच्छ ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने (वैकल्पिक ऊर्जा)

### ३.१.५ रणनीति

**(क) सिँचाइ**

सिँचाइ विकासको नीति तथा गुरुयोजना तयार गर्ने।

**(ख) खानेपानी तथा सरसफाइ**

आधारभूत खानेपानी सुविधा उपलब्ध गराउने।
सामुदायिक सहभागितामा सरसफाइलाई अभियानको रूपमा सञ्चालन गर्ने।

**(ग) ऊर्जा**

संघ सँगको समन्वयमा ठुला जलविद्युत आयोजनाहरू निर्माणका लागि आवश्यक पर्ने नीति नियम निर्माण गरी लगानी जुटाउन पहल गर्ने (जलविद्युत)
जलविद्युत नपुग्ने ठाउँमा वैकल्पिक ऊर्जाको विकास र वहु-उपयोग वृद्धि गर्ने (वैकल्पिक ऊर्जा)

### ३.१.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ७०.० | ७२.० | ७३.१ | ७३.९ | ७४.५ |
| २ | जल विद्युत उत्पादन | मे वा | ११.० | ११.० | १२.० | १३.० | १५.० |
| ३ | खाना पकाउन परम्परागत इन्धन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९०.० | ८७.० | ८३.० | ८०.० | ७५.० |
| ४ | खाना पकाउन स्वच्छ इन्धन तथा प्रविधि प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १०.० | १३.० | १६.० | २०.० | २२.० |
| ५ | जल विद्युतका ठूला आयोजना | सङ्ख्या | ०.० | ०.० | २.० | ३.० | ५.० |
| ६ | जल विद्युतका मझौला आयोजना | सङ्ख्या | ०.० | ०.० | १.० | ३.० | ४.० |
| ७ | जल विद्युतका साना आयोजना | सङ्ख्या | १२.० | १३.० | १४.० | १५.० | १६.० |
| ८ | वैकल्पिक ऊर्जा प्रयोग गर्ने घर परिवार | प्रतिशत | ३८.० | ४०.० | ४३.० | ४५.० | ४८.० |
| ३१२०२९०१ | पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार कार्यक्रम | पशुपन्छी श्रोत केन्द्र स्थापना गरि दक्ष्य पशुपन्छी पालक कृषक संख्यामा वृद्धि भई कर्णाली क्षेत्रमा रहेको पशुपन्छी संरक्षण | जैविक विविधतामा संरक्षण, मानव पोषणमा सुधार | व्यवसायी पशुपन्छीहरूको संख्यामा वृद्धि पशुपन्छी श्रोत केन्द्र स्थापना पशुपन्छी पालक कृषकको संख्यामा वृद्धि मानव पोषणमा सुधार |
| ३१२०१०१६ | कृषि विकास कार्यालयहरू | कार्यक्रम संचालनमा सुशासन कायम गर्ने गरिएको | प्रभावकारी तरीकाले कृषि विकासका सम्पूर्ण आयोजनाहरू तथा कार्यक्रमहरू संचालन भएको हुने | प्रशासनिक तथा उपभोग खर्च सम्पूर्ण |
| ३१२०२९०२ | दुग्ध प्रवर्द्धन तथा पशुपन्छी आहारा विकास कार्यक्रम | व्या पशुपन्छी पालक कृषक तथा पशुपन्छिको संख्यामा वृद्धि भएको मासिक ४५००० लिटर दुध अन्तर प्रदेशमा निर्यात | व्या पशुपन्छी पालक कृषक तथा पशु पन्छिको संख्यामा वृद्धि हुने मासिक ६०००० लिटर दुध | दुग्ध प्रवर्द्धन कार्यक्रम डेरीहरू सुदुढीकरण तथा स्थापना उन्नत पशुपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम |

| ब.उ.श.नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| | | भएको डेरीको संख्यामा वृद्धि भएको साविक कर्णाली अंचलका दुध उत्पादन गर्ने कृषकलाई प्रति लि रु १० र अन्य जिल्लामा रु ५ का दरले प्रोत्साहन अनुदान उपलब्ध गराएको | अन्तर प्रदेशमा निर्यात हुने डेरीको संख्यामा वृद्धि हुने कृषकको आयस्तर तथा मुख्य पेशा बन्ने व्यावसायिक घास खेतीको प्रवर्द्धन हुने | व्यावसायिक घास खेतीको प्रवर्द्धन कार्यक्रम |
| ३१२०१०१८ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | प्रविधि प्रवर्द्धन तथा क्षमता विकासको लागि प्रभावकारी तवरले तालिम तथा गोष्ठी कार्यक्रम मार्फत ५००० कृषक लाभावन्वित भएको | करिव १५००० कृषकलाई प्रविधि प्रवर्द्धन तथा क्षमता विकास गरिने | प्रविधि प्रवर्द्धन तथा क्षमता विकास तालिम संचलन गर्दा आवश्यक सम्पूर्ण प्रशासनिक तथा उपभोग खर्चहरू |
| ३१२०१९०२ | साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम | सिचाईको क्षेत्रफलमा वृद्धि जैविक विविधतामा संरक्षण जलवायु परिवर्तनको असरमा न्युनिकरण दिगो कृषि विकासमा सहज तथा खाद्य सुरक्षामा टेवा | सिचाईको क्षेत्रफलमा वृद्धि हुने जैविक विविधतामा संरक्षण हुने जलवायु परिवर्तनको असरमा न्युनिकरण गर्ने दिगो कृषि विकासमा सहज तथा खाद्य सुरक्षामा टेवा पुग्ने | साना तथा मझौला कृषि सिचाई संचालन कुलो, पोखरी तथा पाईप र लिफ्ट सिचाई निर्माण नयां सिचाई योजनाहरूको संभाव्ता अध्ययन |
| ३१२०१९०१ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | स्रोत केन्द्र स्थापना, मिसन कार्यक्रम, एक पालिका एक पकेट कार्यक्रम, क्षेत्र मार्फत २००० भन्दा बढी कृषक लाभान्वित भएको कृषि तथा पशुपन्छी जन्य उत्पादनको आन्तरिक निर्यातमा वृद्धि भएको | ब्यवसायिक कृषकको संख्यामा वृद्धी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुने प्रमुख खाद्य वस्तुको प्रति व्यक्ति प्रति वर्ष उपभोग वृद्धि भएको हुने | प्रवर्द्धनमुखि कार्यक्रमहरू, मिसन कार्यक्रमहरू, पकेट विकास कार्यक्रमहरू, खाद्य पोषण सुरक्षा, बाली संरक्षण, मल/माटो परिक्षण, वीउ विजन, बीमा/राहत/कृषक पुरस्कार तथा सम्मान/उत्पादनमा आधारीत नगद प्रोत्साहन, आकस्मिक सेवा, मागमा आधारीत कार्यक्रम लगाएत अन्य कार्यक्रमहरू |

| ब.उ.श.नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१२०२०११ | पशुपन्छी विकास निर्देशनालय | - | कार्यक्रम संचालन गर्दा सहज तथा सुशासन कायम भएको हुने | कार्यक्रम संचालनको लागि आवश्यक प्रशासनि तथा उपभोग खर्चहरू |
| ३१२०१९०४ | कृषि पुर्वाधार बिकास कार्यक्रम | कृषि उपज संकलन केन्द्र भण्डारण केन्द्र स्थापना कोल्डस्टोर निर्माण कृषि उपजहरूको निर्यात | कृषि उपज संकलन केन्द्र भण्डारण केन्द्र स्थापना गरिने कोल्डस्टोर निर्माण हुने कृषि उपजहरूको निर्यात मा वृद्धि हुने दिगो कृषि विकासमा सहयोग हुने | कृषि उपज संकलन केन्द्र भण्डारण केन्द्र स्थापना कोल्डस्टोर निर्माण कृषि उपजहरूको निर्यात तथा वजारीकरणमा सहयोग |
| ३१२०१९०३ | स्याउ तथा ओखर विकास कार्यक्रम | ९१५१ हेक्टर क्षेत्रफलबाट २९१८६ मे.टन. उत्पादन भैरहेको नर्सरी केन्द्रहरूको स्थापना भएको | क्षेत्रफल विस्तार तथा उत्पादन र उत्पादकत्वमा वृद्धि गुणस्तरीय उत्पादन | नर्सरी प्रवर्द्धन कार्यक्रम क्षेत्र विस्तार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम प्राविधि प्रवर्द्धन तथा बजार विकास कार्यक्रम |
| ३१२००९११ | भूमि व्यवस्थापन तथा भू-उपयोग कार्यक्रम | भु उपयोग परिषदको गठन भु उपयोग गुरुयोजनाको ड्राफ्ट तयारी खेतीमा चक्लावन्दी | भु उपयोग परिषदको गठन भु उपयोग गुरुयोजनाको ड्राफ्ट तयारी खेतीमा चक्लावन्दी | भु उपयोग परिषद कार्यान्वयन भु उपयोग गुरुयोजना निर्माण तथा कार्यान्वयन खेतीमा चक्लावन्दी गर्ने प्रविधिको विकास |
| ३१२०१०१७ | वागवानी विकास केन्द्रहरू | हिँउदे फलफुल तथा तरकारी बालीका स्रोत बीउ/बेर्नाहरू उत्पादन गरि कृषि विकास कार्यालयहरू मार्फत कृषकको माग पूरा भएको | स्रोत केन्द्र व्यवस्थापान तथा प्रविधि विकासका कार्यक्रमहरू संचालनमा सुशासन कायम गर्ने | स्रोत केन्द्र व्यवस्थापान तथा प्रविधि विकासका कार्यक्रमहरू संचालनको लागि आवश्यक सम्पूर्ण उपभोग तथा प्रशासनिक खर्चका कार्यक्रमहरू |
| ३१२०१०११ | कृषि विकास निर्देशनालय | प्रभावकारी तवरले कृषकहरूको माग अनुसारका कार्यक्रमहरू संचालनमा सहयोग पुगेको | कार्यक्रहरू प्रभावकारी संचालन भएको सुशासन कायम भएको | कृषि विकास निर्देशनालबाट संचलित सम्पूर्ण क्रियाकलापहरू संचालन गर्न आवश्यक प्रशासनिक तथा उपभोग खर्चका कार्यक्रमहरू |

| ब.उ.श.नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१२००९०४ | गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम | गरिब तथा विपन्न वर्गहरूको चाहना तथा माग वमोजिम कार्यक्रम भएकोले यस्ता वर्गका कृषकहरू कृषि पेशामा आक्रशित भएको स्वोरोजगार र आत्मनिर्भर वनेको आम्दानीमा वृद्धि | गरिब तथा विपन्न वर्गको संख्यामा न्युनिकरण स्वोरोजगार र आत्मनिर्भर आम्दानीमा वृद्धि | गरिब तथा विपन्न वर्ग विशेष कार्यक्रम जनचेतना मूलक कार्यक्रम व्यावसायिक तथा स्वोरोजगारी कृषकको संख्यामा वृद्धि |
| ३१२०००१२ | एकीकृत कृषि प्रयोगशाला | प्रभावकारी कार्यक्रम कार्यान्वयनका लागि सुशासन तथा दिगो विकासमा सहयोग | प्रभावकारी कार्यक्रम कार्यान्वयनका लागि सुशासन तथा दिगो विकासमा सहयोग हुने | प्रभावकारी कार्यक्रम कार्यान्वयनका लागि सुशासन तथा दिगो विकासमा सहयोग हुने |
| ३१२०२०१३ | पशु अस्पताल तथा पशु सेवा कार्यालयहरू | प्रभावकारी कार्यक्रम कार्यान्वयनका लागि सुशासन तथा दिगो विकासमा सहयोग | प्रभावकारी कार्यक्रम कार्यान्वयनका लागि सुशासन तथा दिगो विकासमा सहयोग हुने | प्रभावकारी कार्यक्रम कार्यान्वयनका लागि सुशासन तथा दिगो विकासमा सहयोग हुने |

### ३.३.८ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

| अर्थिक बर्ष | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | बैदेशिक अनुदान | बैदेशिक ऋण |
|---|---|---|---|---|---|---|---|
| २०७९/८० | २१२११५०.० | १४११४६५.० | ७०९६८५.० | ०.० | ०.० | | |
| २०८०/८१ | २१६४८६७.० | १६९७२५८.० | ४६७६०९.० | ०.० | ०.० | | |
| २०८१/८२ | ११६५१३३.० | ११२८४०३.० | ३६७३०.० | ०.० | ०.० | | |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

साना र मझौला स्तरका कृषक, कृषि व्यवसायीकरणको अभाव, कृषि क्षेत्रमा बढदै गएको जलवायु परिवर्तनका असर, दक्ष कृषि श्रमशक्तिको अभाव, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डीकरण, जग्गा बाँझो राख्ने प्रवृति, कृषि प्रसार सेवामा कृषकको न्युन पहुँच, सीमित स्रोत साधन र कृषि ऋण, विमा, अनुदान र प्रविधिबिच तादात्म्यता ल्याउने जस्ता सम्भावित जोखिमहरू रहेका छन्।

## ३.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत

### ३.४.१ पृष्ठभूमि

नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयनसँगै प्रदेश सरकारको सर्वोच्च प्रशासकीय निकायको रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ । वि.सं. 2074 साल फागुन ३ गते प्रदेश मन्त्रिपरिषद्को गठन भएसँगै यस कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को प्रशासकीय निकायको रूपमा कार्य गर्दै आएको छ । प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्न यस कार्यालयको स्थापना भएको हो ।

यस कार्यालयको प्रदेश मन्त्रिपरिषद्, प्रदेश निजामती तथा अन्य सरकारी सेवा, सुशासन, मानव अधिकार, प्रदेश सरकारका निकायहरू बीच समन्वय, निर्देशन र सुपरीवेक्षण, अन्तर-सरकार समन्वय लगायतका कार्यजिम्मेवारी रहेको छ।

### ३.४.२ समस्या र चुनौति

सुशासन ऐन तथा नियमावलीले गरेको व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन, प्रदेश र स्थानीय तहको संस्थागत विकास, नतिजामूलक तथा सहभागिमूलक अनुगमन तथा मूल्यांकन, नविन प्रविधि र सोचको उपयोग उपेक्षित रूपमा हुन नसक्नु प्रमुख समस्याको रूपमा रहेको छ । सार्वजनिक नीति निर्माण र कार्यान्वयनमा तालमेल मिलाई कुशल एवम् प्रभावकारी प्रशासनको माध्यमबाट प्रदेशको आर्थिक, सामाजिक रुपान्तरण गर्ने चुनौति विद्यमान रहेको छ ।

### ३.४.३ सोच

- सबै क्षेत्रमा सुशासन (शासकीय सुधार र सुशासन)
- मानव अधिकारमैत्री कर्णाली (मानव अधिकार)
- भ्रष्टाचारमुक्त कर्णाली (भ्रष्टाचार नियन्त्रण)

### ३.४.४ उद्देश्य

**(क) शासकीय सुधार र सुशासन**

- पारदर्शी, जवाफदेही, उत्तरदायी, सदाचारयुक्त र प्रविधिमैत्री सेवा प्रवाहबाट सुशासन कायम गर्नु।

**(ख) मानव अधिकार**

- मानव अधिकारमैत्री सरकार, समाज र शासन पद्धतिको विस्तार र विकास गर्नु।

**(ग) भ्रष्टाचार नियन्त्रण**

- भ्रष्टाचारलाई नियन्त्रण गरी सुशासन कायम गर्नु।
- नैतिकवान जनशक्तिको परिचालन र सदाचारयुक्त समाज निर्माण गर्नु।

## ३.४.५ रणनीति

**(क) शासकीय सुधार र सुशासन**

- सुशासन प्रवर्द्धनका लागि कानूनी, संरचनात्मक र प्रक्रियागत सुधार गर्ने।
- सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कन प्रणाली व्यवस्थित गर्ने।

**(ख) मानव अधिकार**

- मानव अधिकारमैत्री संस्कारको विकास गर्ने।
- सबै खाले दण्डहिनताको अन्त्य गर्ने।

**(ग) भ्रष्टाचार नियन्त्रण**

- भ्रष्टाचार नियन्त्रण तथा सुशासन सम्बन्धी नीति तथा कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्ने।
- सार्वजनिक सेवा प्रवाहलाई जवाफदेही एवं पारदर्शी बनाउने।

## ३.४.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | विद्युतीय माध्यमबाट सूचना तथा सेवा प्रवाह गर्ने सरकारी निकाय | प्रतिशत | ०.० | ५०.० | ६३.० | ८०.० | ८६.० |
| २ | हेलो सरकार तथा हाम्मा मुख्य मन्त्री हाम्मा कुडामा प्राप्त जनगुनासाहरूको सुनवाई तथा सुझाव कार्यान्वयन | सङ्ख्या | ३५५.० | ४२३.० | ५०४.० | ६००.० | ७२०.० |
| ३ | प्रदेश निजामती सेवा सहितका कानुनहरूको तर्जुमा | सङ्ख्या | ३२.० | २८.० | २१.० | १२.० | ८.० |

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| ४ | राजनीतिज्ञ तथा कर्मचारीहरूको क्षमता विकास सम्बन्धी कार्यक्रमहरू | सङ्ख्या | ७.० | ११.० | १३.० | १५.० | १९.० |
| ५ | विद्युतीय प्रणाली मार्फत सेवा प्रवाह गर्ने स्थानीय तह | सङ्ख्या | ०.० | २८.० | ४४.० | ७९.० | ७९.० |
| ६ | नागरिक सन्तुष्टीको सूचकाङ्क | प्रतिशत | ०.० | ३२.६ | ३८.४ | ४५.० | ४५.६ |
| ७ | प्रदेशको कूल खर्चमा बेरुजुको अनुपात | प्रतिशत | ४.५ | ३.२४ | २.७३ | १.० | ०.५ |
| ८ | स्थानीय तहको कूल खर्चमा बेरुजुको अनुपात | प्रतिशत | ४.० | ३.० | २.० | १.० | ०.५ |
| ९ | प्रदेशको वित्तीय प्रगति | प्रतिशत | ०.० | ६८.० | ८१.० | ९०.० | ९६.० |
| १० | स्थानीय तहहरूको कूल खर्चमा पुँजीगत खर्चको अंश | प्रतिशत | ०.० | ४६.० | ४७.० | ४८.१ | ४८.९ |
| ११ | प्रदेश तथा स्थानीय तहका पदाधिकारीहरूको क्षमता विकास सम्बन्धी तालिम | सङ्ख्या | ६.० | ७.० | ७.० | ८.० | ८.० |
| १२ | प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूको क्षमता विकास सम्बन्धी तालिम | सङ्ख्या | ४६.० | ५३.० | ६१.० | ७९.० | ८५.० |

## ३.४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.श.नं. | कार्यक्रम/आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३०१००१०२ | मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | रोजगारी अभिवृद्धि | बेरोजगार युवाहरूलाई स्थानीय पूर्वाधार निर्माणको कार्यमा सहभागि गराई सहभागितामूलक विकासका माध्यामबाट रोजगारी सिर्जना गर्ने। | | ९,४५,१० | स्थानीय पूर्वाधार निर्माणमा सहयोग पुगेको हुने। स्थानीय युवाहरू पूर्वाधार निर्माणमा सहभागि भएको हुने। प्रदेशको बेरोजगारीको यथार्थ अवस्थाको जानकारी हुने। बेरोजगारी दरमा क्रमशः न्यूनीकरण हुँदै गएको हुने। प्रदेशको समग्र आर्थिक विकासमा योगदान पुगेको हुने। |
| ३०१०००११ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश सुर्खेत | शासकीय सुधार, भ्रष्ट्राचार नियन्त्रण, सुशासन, सार्वजनिक सेवा प्रवाह र समन्वय | प्रदेशको समग्र सार्वजनिक सेवा प्रवाह र विकास निर्माणमा आम नागरिकको अपेक्षा तथा सोप्रतिको धारणा र गुनासोको प्रभाकारी कार्यान्वयन गर्ने। प्रदेशको समग्र शासकीय गतिविधिको नियमन गर्ने। सुशासन प्रवर्द्धन गर्ने। | | २४,४६,८९ | प्रदेशको प्रशासनिक गतिविधिहरू प्रभावकारी र चुस्त रूपमा सञ्चालन भएको हुने। सुशासन प्रवर्द्धन भएको हुने। जनशक्ति वस्यवस्थापन प्रभावकारी भएको हुने। |
| ३०१९११२० | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ सशर्त अनुदान) | प्रदेश तथा स्थानीय शासन सञ्माचालनमा सहयोग | प्रदेश तथा स्थानीय शासन सञ्चालन विकास र सेवा प्रवाहमा समन्वय र सहयोगमा योगदान गर्ने | | ३३,२८,०० | प्रदेश तथा स्थानीय शासन सञ्चालन विकास र सेवा प्रवाहमा समन्वय र सहयोगमा योगदान गर्ने |

| ब.उ.श.नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३०१००१०२ | मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | स्थानीय पूर्वाधार निर्माणमा सहयोग पुगेको। स्थानीय युवाहरू पूर्वाधार निर्माणमा सहभागि हुने। प्रदेशको बेरोजगारीको यथार्थ अवस्थाको तथ्याङ्क संकलन कार्य भइरहेको। बेरोजगारी न्यूनीकरणमा सहयोग पुगेको । प्रदेशको समग्र आर्थिक विकासमा योगदान पुगेको। | स्थानीय पूर्वाधार निर्माणमा थप सहयोग पुगेको हुने। प्रदेशको बेरोजगारीको यथार्थ अवस्थाको जानकारी प्राप्त। बेरोजगारी दरमा उल्लेख्य न्यूनीकरण भएको हुने। | कर्णाली प्रदेशका सबै वडाहरूमा मुख्यमन्त्री रोजगारका योजनाहरू कार्यान्वयन गर्ने। बेरोजगारहरूको यथार्थ तथ्याङ्क संकलन गरी रोजगार नीति निर्माण गर्ने। |
| ३०१०००११ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश सुर्खेत | प्रदेशको प्रशासनिक गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन भएको। सुशासन प्रवर्द्धन भएको। बेरुजु फछ्र्यौटमा प्रगति भएको। जनशक्तिको प्रभावकारी उपयोगको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य भएको। | प्रदेशको प्रशासनिक गतिविधिहरू प्रभावकारी र चुस्त रूपमा सञ्चालन भएको हुने। सुशासन प्रवर्द्धन भएको हुने। बेरुजु फछ्र्यौटमा उल्लेख्य प्रगति भएको हुने। | मानव अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन हेल्लो मुख्यमन्त्री हटलाइन सेवा सञ्चालन कर्मचारी अभिलेख प्रणालीको स्तरोन्नती |
| ३०१९११२० | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ सशर्त अनुदान) | प्रदेश तथा स्थानीय शासन सञ्चालन विकास र सेवा प्रवाहमा समन्वय र सहयोगमा योगदान गरेको। | प्रदेश तथा स्थानीय शासन सञ्चालन विकास र सेवा प्रवाहमा समन्वय र सहयोगमा थप योगदान गर्ने | प्रदेश तथा स्थानीय शासन सञ्चालन विकास र सेवा प्रवाहमा सहयोगमा योगदान गर्ने विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने स्थानीय तथा प्रदेशको शासकीय क्षमता विकास सम्बन्धी कार्यक्रमहरू गर्ने |

### ३.४.८ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

| अर्थिक बर्ष | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | बैदेशिक अनुदान | बैदेशिक ऋण |
|---|---|---|---|---|---|---|---|
| २०७९/८० | ६७१९९९.० | ५६९७६२.० | १०२२३७.० | ०.० | २३७९५२.० | | |
| २०८०/८१ | ९५०००.० | ९५०००.० | ०.० | ०.० | ०.० | | |
| २०८१/८२ | ९८०००.० | ९८०००.० | ०.० | ०.० | ०.० | | |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

आर्थिक अनुशासन कायम, भष्ट्राचार न्यूनीकरण, पारदर्शी, जवाफदेहिता, कानूनको शासन, सुशासन कायम, शासकीय व्यवस्थाका आधारभूत आवश्यकता पूरा गर्न साधन स्रोत तथा क्षमता, व्यवस्थापकीय कौशलता एवम् प्रविधिको उपयोग समयानुकुल हुन नसकेमा क्षेत्रगत लक्ष्य एवम् उद्देश्य हासिल हुन नसक्ने जोखिम रहेको छ ।

## ३.५ आन्तरिक मामिला तथा कानून मन्त्रालय

### ३.५.१ पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ । राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ । संविधान बमोजिम संघको एकल अधिकार अनुसूची ५ मा र साझा अधिकार अनुसूची ७ र ९ मा, प्रदेशको एकल अधिकार अनुसूची ६ मा र साझा अधिकार अनुसूची ७ र ९ मा तथा स्थानीय तहको एकल अधिकार अनुसूची ८ मा र साझा अधिकार अनुसूची ९ मा उल्लेखित विषयमा निहित छ । धारा ५८ मा यस संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुने गरी अवशिष्ट अधिकार )Residual Right) को प्रयोग गर्ने अधिकार भने संघलाई प्रदान गरिएको छ । संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपाल सरकारको मिति २०७४ साल माघ १० गतेको निर्णयानुसार कर्णाली प्रदेशमासातवटा मन्त्रालयहरूको स्थापना गरिएको छ ।सातवटा मन्त्रालयहरूमध्येको आन्तरिक मामिला तथा कानून मन्त्रालय पनि एक हो । यसको गठन प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसंस्थाको समन्वय र सहकार्य गर्ने मुख्य उद्देश्यका साथ यस मन्त्रालयको स्थापना भएको छ।

### ३.५.२ समस्या र चुनौति

- दरबन्दी अनुसार जनशक्तीको अभाव ( ४ महाशाखा प्रमुख मध्ये ३ महाशाखा प्रमुख रिक्त)।
- मन्त्रालयका सचिवको फेरबदल छिटो छिटो हुनु।
- स्वीकृत कार्यक्रम अनुसारको विज्ञ जनशक्तीको अभाव।
- संस्थागत स्मरण (अभिलेखिकरण) कमजोर।
- मन्त्रालयको कार्यक्रमहरू कार्यान्वयन गर्ने आफ्नै संयन्त्र/ सम्पर्क व्यक्ती नहुनु।

### ३.५.३ सोच

- सूचना तथा संचार प्रविधियुक्त कर्णाली (सूचना तथा संचार प्रविधी)
- शान्तीपूर्ण र सुरक्षित कर्णाली प्रदेश (शान्ति सुरक्षा र सुव्यवस्था)
- मानव अधिकारमैत्री कर्णाली (मानव अधिकार)
- विपद् जोखिमबाट सुरक्षित र उत्थानशील प्रदेश (विपद् व्यवस्थापन)

### ३.५.४ उद्देश्य

- नागरिकको सूचना तथा सञ्चार प्रविधिमा पहुँच बिस्तार गरी डिजिटल कर्णालीको निर्माण गर्नु।
- सुरक्षा निकायलाई समायानुकुल सबल, सुदृढ र जनउत्तरदायी बनाउनु।
- मानव अधिकारमैत्री समाज र शासन पद्धतिको बिस्तार र विकास गर्नु।
- प्रभावकारी पूर्व तयारी गरी विपद् बाट हुने क्षतिलाई न्यून गर्नु
- विपद्को प्रभाव न्यूनिकरण सामना र द्रुत प्रतिकार्य क्षमता विकास गर्नु।

### ३.५.५ रणनीति

- सूचना तथा सञ्चार पूर्वाधारको विकास र बिस्तार गर्ने।
- सूचना तथा आम सञ्चार प्रविधिको व्यवस्थापन, नियमन तथा अनुगमन गर्ने।
- उच्च जोखिममा रहेका समुदाय क्षेत्र तथा जोखिम न्यूनिकरणका उपायहरू पहिचान गर्ने।
- जोखिम न्यूनिकरण गर्न नीतिगत संस्थागत र बन्दोबस्ती सम्बन्धी व्यवस्था गर्ने।
- सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने।
- सुरक्षा निकायको व्यावसायिक क्षमता अभिवृद्धि गर्ने।
- मानव अधिकारमैत्री संस्कारको विकास गर्ने।
- सबैखाले दण्डहिनताको अन्त्य गर्ने।

### ३.५.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | टेलिभिजनमा पहुँच प्राप्त घर | प्रतिशत | ४१.० | ५१.० | ५६.० | ६०.० | ६०.० |
| २ | विपद् व्यवस्थापन | संख्या | १३९५.० | ९२.० | ३६५.० | ३१२.० | ३१२.० |
| ३ | टेलिफोन (सबै प्रकारको घनत्व) | प्रतिशत | १.५ | २.२ | २.४ | ३.० | ३.० |
| ४ | अप्टीकल फाइवर विस्तार | किमि | ०.० | ०.० | ४०.० | ५०.० | ५०.० |
| ५ | दुरसँचार टावर विस्तार | संख्या | ०.० | ०.० | ३५०.० | ३६०.० | ३६०.० |
| ६ | साप्ताहिक पत्रिका | संख्या | ४.० | ४.० | १२.० | १२.० | १२.० |
| ७ | प्रति सुरक्षाकर्मी जनसंख्याको अनुपात | अनुपात | १.२४५ | १.२४५ | १.२४५ | १.२४ | १.२४ |
| ८ | इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ५०.० | ५५.० | ५८.० | ६५.० | ६५.० |
| ९ | रेडियोमा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ६०.० | ६४.० | ७५.० | ९०.० | ९०.० |
| १० | दुर सँचार सेवा प्रदायक कम्पनी | संख्या | ४.० | ४.० | ४.० | ४.० | ४.० |
| ११ | केवल टिभि प्रसारण कम्पनी | संख्या | ५.० | ५.० | ५.० | ५.० | ५.० |
| १२ | एम एम च्यानल | थान | ४१.० | ४५.० | ४८.० | ५०.० | ५०.० |
| १३ | दैनिक पत्र पत्रिका | संख्या | १६.० | १६.० | २४.० | २५.० | २५.० |
| १४ | अनलाइन पत्रिका | संख्या | २६.० | २६.० | ५८.० | ६०.० | ६०.० |
| १५ | शान्ती, सुरक्षा र सुव्यवस्था भङ्ग भएका घटनाहरू | संख्या | ५६.० | ५६.० | ५६.० | ४०.० | ४०.० |
| १६ | विपद् उद्धारको पूर्व तयारी गरेका स्थानीय तह | संख्या | ७९.० | ७९.० | ७९.० | ७९.० | ७९.० |
| १७ | विपद्का घटनामा उद्धार गरिएको | प्रतिशत | ७०.० | ७५.० | ९५.० | १००.० | १००.० |

### ३.५.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.श .नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३१४०००११४ | विपद् गोदामघर निर्माण पूँजिगत खर्च | ९.३(२) | विपद सामाग्री भण्डारण गरी सुरक्षित राख्न |  | २,९२,०० | विपद् सम्बन्धी सामाग्री भण्डारण गर्न सामाग्रीहरूको सुरक्षा गर्न तत्काल राहत वितरण गर्न |
| ३१४०००११४ | डिजिटल कर्णालीको गूरुयोजना (Masterplan) र सफ्टवेयर निर्माण | ५.६(१) | डिजिटल कर्णालीको गूरुयोजना (Masterplan) र सफ्टवेयर निर्माण गर्नु |  | ८०,०० | डिजिटल कर्णालीको गूरुयोजना (Masterplan) र सफ्टवेयर निर्माण भएको हुनेछ |
| ३१४०००११३ | लोककल्याणकारी विज्ञापन प्रसारण तथा प्रकाशन कार्यक्रम | ५.६(३) | लोककल्याणकारी विज्ञापन प्रसारण तथा प्रकाशन कार्यक्रमलाई व्यवस्थित गर्नु |  | ५०,०० | प्रदेशमा क्रियाशिल संचारमाध्यमहरूले लोककल्याणकारी विज्ञापन प्रसारण गरेको हुने |
| ३१३०००११३ | राहत तथा उद्दार सामाग्री खरिद तथा वितरण विपद तर्फ | ९.३(२) | राहत तथा उद्दार सामाग्री खरिद गरी आवश्यकता अनुसार वितरण |  | २,००,०० | राहत तथा उद्दार सामाग्री खरिद गरी उद्दारको लागि प्रयोग भएको हुने |
| ३१३०००११३ | जन युद्ध जनआन्दोलन वेपत्ता र सहिद भएका व्यक्तिका परिवारलाई जीवन निर्वाह विशेष भत्ता /घाइते अपाँगता भत्ता | ६.१४(१) | जन युद्द जनआन्दोलन वेपत्ता र सहिद भएका व्यक्तिका परिवारलाई जीवन निर्वाह विशेष भत्ता वितरण गर्न जन युद्द जनआन्दोलन तथा प्रदेश प्राप्तिको आन्दोलनका कार्यक्रममा घाइते अपाँगता भएका व्यक्तिलाई जीवन निर्वाह विशेष भत्ता वितरण गर्न |  | १०,००,०० | लक्षित वर्गले जीवन निर्वाह भत्ता प्राप्त भएको हुने। |

| ब.उ.श .नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३१३०००११३ | कर्णाली प्रदेश विपद् जोखिम क्षेत्रको नक्साँकन | ९.३(१) | कर्णाली प्रदेश विपद् जोखिम क्षेत्रको नक्साँकन गरी जोखिम क्षेत्रको पहिचान गर्न। | | १,००,०० | कर्णाली प्रदेश विपद् जोखिम क्षेत्रको नक्साँकन गरी जोखिम क्षेत्रको पहिचान भएको हुनेछ। |
| ३१३०००११३ | विपद् जोखिम विरुद्ध सामिहक दूर्घटना बीमा कार्यक्रम | ९.३(१) | प्रदेश भित्र विपद् जोखिम विरुद्ध सामिहक दूर्घटना बीमा कार्यक्रम लागु गर्ने | | १,७५,०० | विपद् जोखिम विरुद्ध सामिहक दूर्घटना भएका विमा रकम सम्बन्धित विमा कम्पनीले भुक्तानी दिएको हुने |
| ३१३०००११३ | विपद व्यवस्थापन कोषमा थप | ९.३(२) | विपद व्यवस्थापन कोषमा मा आवश्यक रकम थप गर्न | | ३,००,०० | विपद जोखिमबाट प्रभावितलाई राहत उपलब्ध हुने। |

| ब.उ.श .नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१४०००११४ | विपद् गोदामघर निर्माण पूँजिगत खर्च | भवन को संचरना तयार भएको रंगरोगनको काम शुरु भएको | विपद् गोँदाम घर पुर्ण रूपमा निर्माण भएको हुने | विपद् गोदाम घरको निर्माण |
| ३१४०००११४ | डिजिटल कर्णालीको गूरुयोजना (Masterplan) र सफ्टवेयर निर्माण | - | डिजिटल कर्णाली प्रदेश निर्माण भएको हुने। | डिजिटल कर्णालीको गूरुयोजना (Masterplan) निर्माण डिजिटल कर्णालीको लागि सफ्टवेयर निर्माण |
| ३१४०००११३ | लोककल्याणकारी विज्ञापन प्रसारण तथा प्रकाशन कार्यक्रम | लोककल्याणकारी विज्ञापन प्रसारण गर्न इच्छुक संचारमाध्यमहरूको लिष्ट तयार | लोककल्याणकारी विज्ञापन प्रसारणमा प्रदेशका सबै संचारमाध्यमहरूको पँहुच पुगेकोहुने | लोककल्याणकारी विज्ञापन प्रसारणभई समानुपातिक रूपमा रकम वितरण भएको हुने |

| ब.उ.श .नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१३०००११३ | राहत तथा उद्दार सामाग्री खरिद तथा वितरण विपद तर्फ | - | प्रदेश भित्रको विपद् व्यवस्थापन गर्नको लागि राहत तथा उद्दार सामाग्री खरिद भई भण्डारण भएको हुने | राहत तथा उद्दार सामाग्री खरिद |
| ३१३०००११३ | जन युद्द जनआन्दोलन वेपत्ता र सहिद भएका व्यक्तिका परिवारलाई जीवन निर्वाह विशेष भत्ता /घाइते अपाँगता भत्ता | - | कर्णाली प्रदेश भित्रका सबै लक्षित वर्गहरूले जिवन निर्वाह भत्ता पाएको हुने | जन युद्द जनआन्दोलन वेपत्ता र सहिद भएका व्यक्तिका परिवारलाई जीवन निर्वाह विशेष भत्ता वितरण गर्न जन युद्द जनआन्दोलन तथा प्रदेश प्राप्तिको आन्दोलनका कार्यक्रममा घाइते अपाँगता भएका व्यक्तिलाई जीवन निर्वाह विशेष भत्ता वितरण गर्न |
| ३१३०००११३ | कर्णाली प्रदेश विपद् जोखिम क्षेत्रको नक्साँकन | जोखिम क्षेत्रको नक्साँकनको लागि आवश्यक concept paper तयारीको चरणमा | कर्णाली प्रदेश विपद् जोखिम क्षेत्रको नक्साँकन तयार भएको र जोखिम क्षेत्रको पहिचान भएको हुनेछ। | कर्णाली प्रदेश विपद् जोखिम क्षेत्रको नक्साँकन । |
| ३१३०००११३ | विपद् जोखिम विरुद्ध सामिहक दूर्घटना बीमा कार्यक्रम | चालु आवमा समेत कार्यक्रम संचालन भएको | विपद् जोखिम विरुद्ध सामिहक दूर्घटना विमा कार्यक्रम निरन्तरता दिएको हुने | विपद् जोखिम विरुद्ध सामिहक दूर्घटना |
| ३१३०००११३ | विपद व्यवस्थापन कोषमा थप | - | - | विपद व्यवस्थापन कोषमा रकम थप |

### ३.५.८ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

| अर्थिक बर्ष | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | बैदेशिक अनुदान | बैदेशिक ऋण |
|---|---|---|---|---|---|---|---|
| २०७९/८० | २०५५००.० | १८२५००.० | २३०००.० | ०.० | १८२५००.० | | |
| २०८०/८१ | १६४०००.० | १५४०००.० | १००००.० | ०.० | १५४०००.० | | |
| २०८१/८२ | १६४५००.० | १५४५००.० | १००००.० | ०.० | १५४५००.० | | |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

विपद् प्रतिकार्य, अपराध अनुसन्धान, सुचना आदानप्रदानमा अन्तरतह समन्वयको अभाव, प्रदेश प्रहरीको संरचना प्रदेश सरकार मातहत नहुनु, प्रदेश प्रहरीको दोहोरो उत्तरदायीत्व, तथ्यमा आधारीत कानून तर्जुमाको अभाव, सञ्चार क्षेत्रको प्रभावकारी नियमन जस्ता विषयहरू जोखिमको रूपमा रहेका छन् ।

## ३.६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### ३.६.१ पृष्ठभूमि

कर्णाली प्रदेशको समृद्धिको लागि उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास हुनु अपरिहार्य छ । प्रदेशको आर्थिक विकास र समृद्धिको प्रमुख सम्वाहकको रूपमा रहेको उद्योग क्षेत्रमा आन्तरिक तथा बाह्य लगानी आकर्षित गर्न औद्योगिक पूर्वाधारको विकास गर्नुपर्ने अवस्था छ । प्रदेशमा ठूला, मझौला, साना, लघु तथा घरेलु उद्योगहरूको प्रवर्द्धन एवं खानी तथा खनिज सम्पदाको उत्खनन र उपयोग गर्दै रोजगारी र आयआर्जन सृजना गरी निरपेक्ष गरिबी तथा भोकमरीको अन्त्य गर्न आवश्यक छ ।

यस मध्यमकालीन अवधिमा प्रदेशको औद्योगिकरणको लागि आवश्यक पूर्वाधार विकास एवम् कच्चा पदार्थको उत्पादन तथा निर्यात लघु, घरेलु तथा साना उद्योग मार्फत गरिबी एवम् बेरोजगारी न्यूनीकरण गर्ने गरी योजना, वार्षिक कार्यक्रम तथा बजेटबीच सामञ्जयस्ता कायम गरिएको छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास मार्फत प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउने, औद्योगिक विकास एवम् प्रादेशिक तथा वाह्य व्यापार अभिवृद्वी गर्ने, कर्णाली प्रदेशका धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदा एवम् वन्यजन्तु तथा जैविक विविधताको संरक्षण मार्फत दिगो विकास हासिल गर्ने गरी यस क्षेत्रको मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ ।

### ३.६.२ समस्या र चुनौति

उद्यमशीलता र औद्योगिक पूर्वाधारको कमी, घरेलु उद्योगबाट गुणस्तरीय र लागत प्रतिस्पर्धी उत्पादनको अभाव, निर्यातजन्य तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादनमा कमी र कच्चा

पदार्थको सोझै निकासी आदि यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्। त्यसैगरी पर्यटकिय पूर्वाधारको अभाव एवम् पर्यटन गन्तव्यहरूको प्रचारप्रसारको अभावले यस क्षेत्रको उल्लेख्य विकास हुन सकेको छैन् ।

पूर्वाधार विकास र पर्यावरणीय प्रणालीबीच योजनावद्ध सन्तुलन कायम गर्न नसक्नु, जडीबुटीको अव्यवस्थित सङ्कलन तथा कच्चा पदार्थको रूपमा निकासी हुनु, जलवायू परिवर्तका सम्भावित प्रभाव र असर न्यूनिकरण गर्न नसक्नु, वन अतिक्रमण, आगजनी, भू-क्षय जस्ता समस्याहरूले वन, जैविक विविधता तथा वातावरणको संरक्षण र व्यवस्थापनमा बाधा पुगेको छ ।

औद्योगिक विकासका लागि पर्याप्त पूर्वाधारको विकास, स्वदेशी तथा वैदेशिक लगानी परिचालन, पर्यटकिय पूर्वाधारको विकास एवम् विस्तार र उपलब्ध वन तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग, जलवायू परिवर्तन सम्बन्धी कार्यक्रमहरूको आन्तरिकीकरण, दिगो विकास, खानी तथा खनिज पदार्थको उत्खनन्, जडिबुटीको प्रशोधन तथा निर्यात जस्ता चुनौतिहरू विद्यमान रहेका छन् ।

### ३.६.३ सोच

- कर्णालीको समृद्धिका लागि वन तथा जैविक विविधता क्षेत्रको दिगो व्यवस्थापन (वन तथा जैविक विविधता)
- प्राकृतिक जडीबुटी, कर्णालीको समृद्धि (जडीबुटी)
- खानी तथा खनिज पदार्थहरूको उपयोगबाट आर्थिक उन्नति (खानी तथा खनिज सम्पदा)
- तीव्र आर्थिक विकासका लागि औद्योगिकरण (उद्योग)
- नाफामूलक प्रदेश व्यापार तथा सर्वसुलभ र सुनिश्चित आपूर्ति व्यवस्था (वाणिज्य तथा आपूर्ति)
- संसारको गन्तव्य नेपाल र नेपालको गन्तव्य कर्णाली (पर्यटन विकास)

### ३.६.४ उद्देश्य

#### (क) पर्यटन विकास

- कर्णालीका पर्यटकीय सर्किटहरूको विकास गर्नु।
- कर्णालीलाई साहसिक पर्यटनको आकर्षकको केन्द्रका रूपमा विकास गर्नु।

#### (ख) वाणिज्य तथा आपूर्ति

- आधारभूत उपभोगका प्रतिस्पर्धी र तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गरी व्यापार बढाउनु।
- आपूर्ति व्यवस्थालाई सहज, सरल र सुदृढ बनाई सर्वसुलभ आपूर्ति सुनिश्चित गर्नु।

### (ख) उद्योग

- प्रदेशको कुलगार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु।
- रोजगारमूलक र उच्च प्रतिफलयुक्त दिगो औधोगिक विकास गर्नु।
- लघु,घरेलु,मझौला तथा ठूला उद्योगहरूको विकास तथा विस्तारबाट कर्णाली प्रदेशको अर्थतन्त्रसुदृढ गरी निरपेक्ष गरिबीको अन्त्य गर्नु।

### (ग) खानी तथा खनिज सम्पदा

- प्रदेशमा रहेका खानीहरूको अन्वेषण गरी त्यसको उत्खनन् कार्य प्रारम्भ गर्नु।
- खनिज उद्योगको विकासका लागि निजी क्षेत्रको पुँजीलाई प्राथमिकता दिई वैदेशिक लगानी समेत भित्र्याउनु।

### (घ) जडीबुटी

- प्राकृतिक अवस्थामा रहेका दुर्लभ तथा लोपोन्मुख जडीबुटीहरूको खोज, अनुसन्धान गरी संरक्षणगर्नु।
- जडीबुटी खेतीलाई अभियानकै रूपमा अघि बढाई स्थानीय रोजगारीको सङ्ख्या र आयआर्जनमावृद्धि गर्नु।
- आधुनिक प्रविधिको प्रयोग गरी मूल्य शृङ्खला अभिवृद्धि गर्नु।
- जडीबुटी प्रशोधन उद्योग सञ्चालन गरी कुल गार्हस्थ्य उत्पादनमा योगदान दिनु।

### (ङ) वन तथा जैविक विविधता

- वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी सामाजिक, आर्थिक तथा वातावरणीय लाभ हासिल गर्नु।
- जडीबुटी लगायत वन पैदावारमा आधारित उद्यमहरूको विकास गर्नुका साथै वन सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु।

## ३.६.५ रणनीति

### (क) पर्यटन विकास

- कर्णाली प्रदेशलाई सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने ।
- गुणस्तरीय पर्यटकीय सेवा सुविधाको बिस्तार गरी पर्यटकको बसाइ लम्ब्याउने।
- सुनौलो त्रिभुज र सुनौलो सिक्रीको अवधारणा अनुरूप पर्यटन पूर्वाधारको विकास र बिस्तार गर्ने।
- धार्मिक पर्यटनको बिस्तार गर्ने।

## (ख) वाणिज्य तथा आपूर्ति

- तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गरी ब्यापार बढाउने।
- आवश्यक पूर्वाधार विकास गरी उत्पादित वस्तुहरू बजारसम्म पुऱ्याउने।
- नीतिगत सुधार गर्ने।
- आपूर्ति प्रणाली सुदृढ गर्ने।

## (ग) उद्योग

- उद्योग सम्बन्धी नीति तथा कानुनको तर्जुमा गरी लगानीमैत्री वातावरण तयार गर्ने।
- तुलनात्मक लाभका उद्योग व्यवसायहरूको प्रवर्द्धन गर्ने।
- उद्योगलाई आवश्यक पर्ने पूर्वाधारको विकास गर्ने।

## (घ) खानी तथा खनिज सम्पदा

- खानी तथा खनिज पदार्थहरूको अन्वेषण, संरक्षण तथा उत्खनन् गर्ने।
- खानीमा लगानी गर्न लगानीमैत्री वातावरण सिर्जना गर्ने।
- खनिज प्रशोधन उद्योग स्थापना गर्ने।

## (ङ) जडीबुटी

- जडीबुटीको पहिचान, सर्वेक्षण, संरक्षण तथा व्यवस्थापन गर्ने।
- जडीबुटी खेती बिस्तार गर्ने।
- जडीबुटी प्रशोधन तथा बजारीकरण गर्ने।

## (च) वन तथा जैविक विविधता

- वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण गर्ने।
- वन संरक्षण तथा व्यवस्थापन गर्ने।
- वन क्षेत्रको माध्यमबाट उद्यम विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्ने।

## ३.६.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | वनले ढाकेको क्षेत्रफल | प्रतिशत | ३८.५७ | ३८.५७ | ४१.५३ | ४२.० | ४२.० |
| २ | वनजन्य उत्पादनको वृद्धि दर | प्रतिशत | ०.० | १.३ | १.४६ | १.६ | १.६ |
| ३ | वन क्षेत्रबाट प्राप्त राजस्व रकम | रु लाखमा | १०६५.३८३२ | १८१५.० | १९९६.० | २१९६.० | २२००.० |
| ४ | सामुदायिक वनको संख्या | सङ्ख्या | २७६९.० | २७७०.० | २७७९.० | २७९०.० | २८००.० |
| ५ | सामुदायिक वनको क्षेत्रफल | हेक्टर | ३८०३३२.७६४ | ३९००००.० | ३९००००.० | ३९००००.० | ३९००००.० |
| ६ | संरक्षित भू-परिधि | सङ्ख्या | ०.० | ०.० | २.० | ३.० | ३.० |
| ७ | निजी वनको संख्या | सङ्ख्या | १६३.० | १६३.० | १६३.० | १६३.० | १६३.० |
| ८ | निजी वन क्षेत्रफल | हेक्टर | ९७.७६ | ९७.७६ | ९७.७६ | ९७.७६ | ९७.७६ |
| ९ | वन नर्सरी | सङ्ख्या | १०.० | १३.० | १५.० | १५.० | १५.० |
| १० | कवुलियती वनको संख्या | सङ्ख्या | ७८६.० | ७८६.० | ७८६.० | ७८६.० | ७८६.० |
| ११ | कवुलियती वन क्षेत्रफल | हेक्टर | ६२५३.७ | ६२५३.७ | ६२५३.७ | ६२५३.७ | ६२५३.७ |
| १२ | धार्मिक वनको संख्या | सङ्ख्या | ११.० | ११.० | ११.० | ११.० | ११.० |
| १३ | धार्मिक वन क्षेत्रफल | हेक्टर | ६६.७३ | ६६.७३ | ६६.७३ | ६६.७३ | ६६.७३ |
| १४ | वन संरक्षण क्षेत्र संख्या | सङ्ख्या | १.० | १.० | १.० | १.० | १.० |
| १५ | वन संरक्षण क्षेत्र क्षेत्रफल | हेक्टर | १७५.५ | १७५.५ | १७५.५ | १७५.५ | १७५.५ |
| १६ | चरन क्षेत्र | हेक्टर | ९०९०५०.० | ९०९०५०.० | ९७५८५२.० | १००००००.० | १००००००.० |

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १७ | दाउरा उत्पादन | मे टन | १५.० | १६.० | २२.४ | २३.२ | २५.० |
| १८ | काठ उत्पादन | घनफिट | १८४१६८.२२ | २०००००.० | ४५००००.० | ४९५०००.० | ४९५०००.० |
| १९ | वन उद्यमको विकास तथा प्रवर्द्धन | सङ्ख्या | ४३४.० | ५००.० | १८००.० | १८५०.० | १८५०.० |
| २० | वृक्षारोपण गरिएको क्षेत्रफल | हेक्टर | २६३.१ | ३५०.० | २५००.० | २५००.० | २५००.० |
| २१ | बिरुवा उत्पादन | सङ्ख्या | १९८६३००.० | २००००००.० | ५००००००.० | ५००००००.० | ५००००००.० |
| २२ | प्राकृतिक बहुमूल्य जडीबुटीहरूको उत्पादन वृद्धि दर | प्रतिशत | ०.० | ५.० | २२.० | २५.० | २५.० |
| २३ | व्यावसायिक बहुमूल्य जडीबुटीहरूको उत्पादन वृद्धि दर | प्रतिशत | १.० | १०.० | २२.० | २५.० | २५.० |
| २४ | प्रशोधित जडीबुटीहरूको निर्यात वृद्धि दर | प्रतिशत | ०.० | ०.० | १२.० | १५.० | १५.० |
| २५ | जडीबुटीहरूको व्यावसायिक उत्पादन क्षेत्रफल | हेक्टर | १५००.० | १८००.० | २०००.० | २२००.० | २५००.० |
| २६ | जडीबुटीहरूको नर्सरी | सङ्ख्या | १०.० | १५.० | २००.० | २५०.० | २५०.० |
| २७ | जडीबुटीबाट प्राप्त कूल राजश्व | रु करोडमा | ५.२ | १०.० | १८.१५ | २०.० | २०.० |
| २८ | प्राकृतिक रूपमा उत्पादित जडीबुटी सङ्कलन(यार्सागुम्वा) | के जी | २०००.० | ५०००.० | ३००००.० | ३५०००.० | ३५०००.० |
| २९ | प्राकृतिक रूपमा उत्पादित जडीबुटी सङ्कलन(जटामसी) | के जी | ३९४४०४.० | ४०५९३३.० | ४२००२७.० | ४३७६२०.० | ४३७६२०.० |
| ३० | प्राकृतिक रूपमा उत्पादित जडीबुटी सङ्कलन(टिमुर) | के जी | १००००.० | १५०००.० | २००००.० | २००००.० | ३००००.० |
| ३१ | जडीबुटीबाट प्रदेशमा भएको कुल आम्दानी | रु करोडमा | १०.० | १५.० | १५.० | १५.० | २०.० |
| ३२ | गैरकाष्ठ वन पैदवार उत्पादन(खोटो) | केजी | २०५९६१२.० | २१५७७१७.० | २२५९६३०.० | २३५९६३४.० | २५०००००.० |

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| ३३ | गैरकाष्ठ वन पैदवार उत्पादन(गिट्टी) | घनमिटर | ०.० | ०.० | ८००००.० | ९००००.० | ९००००.० |
| ३४ | जडीबुटी प्रशोधन उद्योग(ठूला) | सङ्ख्या | ०.० | ०.० | ५.० | ५.० | ५.० |
| ३५ | जडीबुटी प्रशोधन उद्योग(मझौला) | सङ्ख्या | ०.० | १.० | १०.० | १०.० | १०.० |
| ३६ | जडीबुटी प्रशोधन उद्योग(लघु उद्योग) | सङ्ख्या | ५००.० | ५००.० | १८००.० | २०००.० | २०००.० |
| ३७ | रत्नपथ्थर | सङ्ख्या | ०.० | १.० | ७.० | १०.० | १०.० |
| ३८ | चुन ढुङ्गा | सङ्ख्या | ०.० | १.० | १.० | १.० | १.० |
| ३९ | वालुवा गिट्टी | प्रतिशत | ०.० | ०.० | २०.० | २५.० | २०.० |
| ४० | नयाँ खानीहरूको अन्वेषण | सङ्ख्या | ०.० | ०.० | १.० | २.० | २.० |
| ४१ | खानीहरूको उत्खनन् | सङ्ख्या | ०.० | ०.० | ९.० | १०.० | १०.० |
| ४२ | खानीबाट उत्पादित रत्न पत्थर | मे टन | ०.० | ०.० | ५००.० | १०००.० | १०००.० |
| ४३ | खानी प्रशोधन उद्योग(ठूला) | सङ्ख्या | ०.० | ०.० | २.० | ५.० | ५.० |
| ४४ | खानी प्रशोधन उद्योग( मझौला) | सङ्ख्या | ०.० | ०.० | ३.० | ६.० | ६.० |
| ४५ | खानी प्रशोधन उद्योग(लघु उद्योग) | सङ्ख्या | ५.० | १०.० | २५.० | ३६.० | ४०.० |
| ४६ | औद्योगिक उत्पादनको वृद्धि दर | प्रतिशत | ०.० | ०.० | ३७.६ | ३७.५ | २०.० |
| ४७ | आयात प्रतिष्ठापन दर | प्रतिशत | ०.० | ०.० | ४.० | ५.० | ५.० |
| ४८ | निर्यात वृद्धि दर | प्रतिशत | ०.० | ०.० | २०.० | २५.० | २५.० |
| ४९ | ठूला उद्योगहरू | सङ्ख्या | ०.० | ०.० | २.० | ३.० | १.० |
| ५० | मझौला उद्योगहरू | सङ्ख्या | १.० | २.० | ३.० | ७.० | १०.० |

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| ५१ | साना तथा घरेलु उद्योगहरू | सङ्ख्या | ३४००.० | ५०००.० | १००००.० | १००००.० | १००००.० |
| ५२ | खाद्य सञ्चय डिपो | सङ्ख्या | १.० | १.० | १०.० | १२.० | १५.० |
| ५३ | तोकिएको दुर्गम जिल्लामा खाद्य ढुवानी | मे टन | ०.० | १००००.० | ५०००.० | ५०००.० | १०००.० |
| ५४ | औद्योगिक क्षेत्र | सङ्ख्या | १.० | १.० | २.० | ३.० | ५.० |
| ५५ | औद्योगिक ग्राम | सङ्ख्या | १.० | १.० | १७.० | २५.० | २५.० |
| ५६ | घरेलु तथा लघु उद्यमी | सङ्ख्या | ५०००.० | ९५८३.० | १०६४७.० | ११०००.० | १५०००.० |
| ५७ | प्रदेशमा हुने कूल व्यापार(आयात) | रु करोडमा | ०.० | ०.० | २०८९.० | २२६०.० | ०.० |
| ५८ | प्रदेशमा हुने कूल व्यापार(निर्यात) | रु करोडमा | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| ५९ | पर्यटन आयको वृद्धि दर | प्रतिशत | २.० | ५.० | २०.० | २५.० | २५.० |
| ६० | पर्यटकीय केन्द्रहरूको विकास र बिस्तार कार्यक्रम | सङ्ख्या | १०.० | ५०.० | ८३.० | १०८.० | १५०.० |
| ६१ | पर्यटकीय मार्गको बिस्तार | कि मि | ५०.० | १००.० | ५००.० | ६००.० | ६००.० |
| ६२ | पर्यटकीयस्तरका होटलहरू | सङ्ख्या | १००.० | १५०.० | १५०.० | २००.० | २००.० |
| ६३ | होमस्टे | सङ्ख्या | ३३.० | ३५.० | ४५.० | ५०.० | ५०.० |
| ६४ | पर्यटक आवागमन स्वदेशी (लाख) | सङ्ख्या प्रतिवर्ष | २.० | ५.० | ६.० | ७.० | १०.० |
| ६५ | पर्यटक आवागमन विदेशी (हजार) | सङ्ख्या प्रतिवर्ष | ०.१ | १०.० | १२.० | १५.० | १५.० |
| ६६ | पर्यटक आवागमन मानसरोवर लक्षित (हजार) | सङ्ख्या प्रतिवर्ष | ०.५ | १.० | २५.० | ३०.० | ५०.० |

## ३.६.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.श.नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३०७०२०१२ | डिभिजन वन कार्यालयहरू | ३.१.७ | वन संरक्षण तथा व्यवस्थापन | | ४६,५३,०७ | -वन क्षेत्रको संरक्षण र विकासका लागि वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता संरक्षण गर्ने कार्यक्रमहरू सञ्चालन भएका हुनेछन्। -निजी, सार्वजनिक स्थल तथा वन क्षेत्रमा समेत सामुदायिक फलफूल बगैंचाको विकास गरी समुदायको आम्दानी बढाइएको हुनेछ । -महिला, दलित, आदिवासी तथा स्थानीय समुदायको सक्रीयतामा वन व्यवस्थापन, अतिक्रमण नियन्त्रण, डढेलो, चोरी निकासी, मिचाहा प्रजाति नियन्त्रण क्रियाकलापहरू सञ्चालन भएको हुनेछ । -सरोकारवालासँग सहकार्य गरी सामुदायिक, निजी तथा कृषि वनको विकास र बिस्तारका साथै प्रदेशको नगर क्षेत्र तथा शहरी क्षेत्रमा वृक्षारोपण मार्फत हरियाली कायम भएको हुनेछ । -वनमा आधारित उद्यम सञ्चालनका लागि कच्चा पदार्थ उपलब्ध गराउनुका साथै सहुलियत कर्जाको व्यवस्था भएको हुनेछ । |

| ब.उ.श.नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३०७००९०१ | बिज्ञान तथा वातावरण प्रवर्द्धन | | बिज्ञान तथा वातावरण प्रवर्द्धनमार्फत कर्णालीलाई कार्बन तठस्थ प्रदेशको रूपमा विकास गर्ने | | १५,०० | -स्वच्छ कुना निर्माण |
| ३०७०१०११ | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | | प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु | | ३,१२,४४ | . |
| ३०७०१०१२ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | | . | | ८,७७,२७ | . |
| ३०७०१९०१ | सिप विकास तथा रोजगारमूलक तालिम | | . | | ५,६५,५० | . |
| ३०७०१९०२ | उद्यम विकास तथा प्रवर्द्धन कार्यक्रम | | . | | १७,४२,०० | . |
| ३०७०२०११ | प्रदेश वन निर्देशनालय | | . | | २,८२,५४ | . |
| ३०७०२९०१ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू | | . | | ४,२३,०८ | . |

| ब.उ.श.नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३०७०२९०२ | एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम | | नदि प्रणालीमा आधारित जलाधार ब्यवस्थापन गर्ने | | २९,९९,८० | पानि मुहानहरूको संरक्षण तटबन्ध तथा बाँध निर्माण |
| ३०७०२९०३ | पर्यटन प्रवर्द्धन कार्यक्रम/पर्यटन विकास | | कर्णालीका पर्यटकीय सर्किटहरूको विकास गर्नु। कर्णालीलाई शाहसीक पर्यटकीय प्रदेशको रूपमा विकास गर्नु। | | ३९,०६,७५ | गर्मी छल्ने पर्यटकलाई ध्यानमा राखी पहाडी शीतल आराम क्षेत्र लगायत मानव निर्मित पर्यटकीय संरचना विकास गरिनेछ । पर्यटकीय सेवाका लागि पूर्वाधारको निर्माण तथा सुदृढीकरण गरिनेछ । प्रदेश राजधानीदेखि भेरी करिडोर हुदै शे-फोक्सुण्डोसम्म, कर्णाली करिडोर हुँदै रारा, जुम्ला तथा मानसरोवर कैलाशसम्म जाने र ग्रेट हिमालयन ट्रेलको कर्णाली खण्डको पर्यटकीय पूर्वाधारको विकास गरिनेछ। पर्यटकीय महत्त्वका स्थानीय धार्मिक स्थलहरूको पहिचान गरी विकास गरिनेछ । |
| ३०७०२९०४ | दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम | | कर्णालीको समृद्धिका लागि वन तथा जैविक विविधता क्षेत्रको दिगो व्यवस्थापन। वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी सामाजिक, आर्थिक तथा वातावरणीय लाभ हासिल गर्नु । जडीबुटी | | १५,१५,८६ | वन स्रोतको संरक्षण र विकासका लागि सर्वेक्षण गरी वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण कार्यलाई समन्वित ढङ्गले सञ्चालन गरिनेछ । स्थानीय तह, उपभोक्ता समूह र सरोकारवाला निकायहरूको |

| ब.उ.श.नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| | | | लगायत वन पैदावारमा आधारित उद्यमहरूको विकास गर्नुका साथै वन सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु । | | | सहकार्यमा वन क्षेत्रको संरक्षण र व्यवस्थापन गरिनेछ । वनमा आधारित उद्यम सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ उत्पादनमा जोड दिइनुका साथै सहुलियत कर्जाको व्यवस्था गरिनेछ । |
| ३०७०३०११ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | | कर्णाली प्रदेशमा वन तथा वनस्पति, जैविक विविधता , जलवायु परिवर्तन, कावर्न उत्सर्जन, वन भुउपयाेग क्षेत्रमा असर तथा परिवर्तन, वन व्यवस्थापन प्रणाली, कृषी वन प्रणाली जस्ता विषयमा अध्ययन अनुसन्धान गर्ने र तालिम तथा प्रचार प्रसारका कायर्त्रम सन्चालन गर्दै अएको छ । कर्णाली प्रदेशको वन स्राेत सर्वेक्षणा गर्ने ,वन र जैविक विविधता सम्विन्ध अध्ययन अनुसन्धान गर्ने,र कर्णाली प्रदेशमा कार्यरत वन कमचारी तथा वन उपभाेक्ता समूहको क्षमता अभिवृदि गर्न विभिन्न प्रकारका तालिम सन्चालन गर्ने मुख्य जिम्मेवार सरकारी निकायको रूपमा यस वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र रहेको छ। | | २,७५,७९ | . |

| ब.उ.श.नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३०७०००११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | | प्रदेशलाइ औद्योगिकरणतर्फ उन्मुख गराई औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्दै औद्योगिक क्षेत्रमा निजि, स्वदेशी, तथा बिदेशी लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधारको निर्माण गर्दै लैजाने, मौजुदा पूर्वाधारको उपयोग गर्ने, कच्चा पदार्थको प्रसोधन गरि निर्यात जन्य पदार्थको उत्पादन गरि निर्यात गर्ने, लघु, घरेलु, तथा साना उद्योगहरूको माध्यम बाट गरिबी न्युनिकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउदै, वाणिज्य क्षेत्रलाइ सबल तुल्याउदै आन्तरिक, अन्तर प्रादेशिक तथा बाह्य ब्यापारको सहजीकरण, प्रवर्दन र नियमन गर्दै, कर्णाली प्रदेशमा रहेको मुर्त तथा अमुर्त सांस्कृतिक तथा धार्मिक र प्राकृतिक सम्पदाहरूको संरक्षण र विकास गर्दै प्रदेशको आर्थिक विकासको प्रमुख आधारको रूपमा रहेको पर्यटन क्षेत्रको माध्यमबाट रोजगारीको सृजना, आर्थिक क्रियाकलापमा वृद्धि र समग्र | | ११,४४,९१ | . |

| ब.उ.श.नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| | | | प्रादेशिक आर्थिक विकाश र समुन्नतीमा टेवा पुर्याउदै, वन, वातावरण तथा जलाधार क्षेत्रको संक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृदि, पानीमुहान, बन्यजन्तु र जैविक बिबिधताको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै स्रोतको दिगो उपयोग मार्फत अर्थतन्त्रमा योगदान पुऱ्याउने लक्ष्यका साथ यो मन्त्रालयको स्थापना मिति २०७४/११/०३ गते भएको हो | | | |
| ३०७०३९०१ | अनुसन्धान तथा विकास | | वन, वातावरण, जडिबुटी, जलवायु परिवर्तन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने | | ३,४६,०० | जडीबुटीको पहिचान, सर्वेक्षण, संरक्षण तथा व्यवस्थापन गर्ने। |

| ब.उ.श .नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३०७०२०१२ | डिभिजन वन कार्यालयहरू | -सामुदायिक वनको संख्या तथा क्षेत्रफल वृद्धि भएको -चोरी शिकारी नियन्त्रण भएको | -वन डढेलो नियन्त्रण भएको हुनेछ -काठ उत्पादनमा वृद्धि भई प्रदेशको राजस्व संकलनमा बढोत्तरी हुने | प्रशासनिक खर्च मात्रै समावेस भएको |

| ब.उ.श .नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३०७००९०१ | बिज्ञान तथा वातावरण प्रवर्द्धन | वातावरण अध्ययनका लागि सामग्री खरिद | प्रदेशमा प्रदुषण न्यूनीकरण तथा स्वच्छ वातावरणको सिर्जना भएको हुनेछ । | स्वच्छ कुनो निर्माण |
| ३०७०१०११ | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | . | . | . |
| ३०७०१०१२ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरू | . | . | . |
| ३०७०१९०१ | सिप विकास तथा रोजगारमूलक तालिम | . | . | . |
| ३०७०१९०२ | उद्यम विकास तथा प्रवर्द्धन कार्यक्रम | . | . | . |
| ३०७०२०११ | प्रदेश वन निर्देशनालय | . | . | . |
| ३०७०२९०१ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू | . | . | . |
| ३०७०२९०२ | एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम | ३०० भन्दा बढी तटबन्ध तथा बाँध निर्माण भएका खेति योग्य जमिनको संरक्षण भएको नदि कटान नियन्त्रण तथा बायोईन्जीनियरिंगका कार्य व्यापक भएको | एकीकृत जलाधार व्यवस्थापना योजना कार्यान्वयन | पहिरो नियन्त्रण कार्यक्रम पानि मुहान संरक्षण कार्यक्रम |

| ब.उ.श .नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३०७०२९०३ | पर्यटन प्रवर्द्धन कार्यक्रम/पर्यटन विकास | पर्यटन प्रवर्द्धनका लागि गुरुयोजना निर्माण गरी कार्यन्वयनमा रहेको पर्यटकीय पदमार्गहरूको विकास भएको पर्यटन प्रचार प्रसार गरिएको | पर्यटकीय केन्द्रहरूको विकास र बिस्तार कार्यक्रम पर्यटकीय मार्गबिस्तार, पर्यटकीय स्तरका होटलहरूको विकासमा जोड | एक जिल्ला एक पर्यटकिय उपज कार्यक्रम कार्यान्वयन Alpine Cycling Camp/Town निर्माण शे-फोक्सुण्डो देखि रारा सम्म पर्यटकीय पदमार्ग रारा पर्यटकिय पूर्वाधार निर्माण |
| ३०७०२९०४ | दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम | काठ,दाउरा र गैरकाष्ठ वनपैदावारको आपूर्तिबाट स्थानीय रोजगारी तथा आय आर्जनका कार्यक्रम सञ्चालन भएका दिगो तथा वैज्ञानिक वनको व्यवस्थापन मार्फत वन पैदावारको सहज आपूर्ति भएको हुनेछ । सामुदायिक, निजी, कवुलियती तथा कृषि वन क्षेत्रको स्तरोन्नति भई रोजगारी तथा आय आर्जन वृद्धि भएको हुनेछ । | वनले ढाकेको क्षेत्रफलमा बढोत्तरी वनजन्य उत्पादनको वृद्धि वन क्षेत्रबाट प्राप्त राजस्व रकममा वृद्धि | सव डिभिजन संस्थागत विकास कार्यक्रम प्याकेज महिला कृषिवन कार्यक्रम जडिबुटी बिकास कार्यक्रम निजी वन प्रवर्द्धन कार्यक्रम वृक्षारोपण योजना कार्यान्वयन |
| ३०७०३०११ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | . | . | . |
| ३०७०००११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | . | . | . |
| ३०७०३९०१ | अनुसन्धान तथा विकास | . | . | Dendrochronological studies of major Plant Species of Karnali Province Preparation of Local volume table of Sal (सालको स्थानीय आयतन तालिका निर्माण तयारी) Permanent plot establishment for the growth studies of Sal/Conifer (10 years Program) कर्णालीका रुख प्रजातीहरूको अध्ययन खामु,चुलि उत्पादन तथा प्रशोधन सम्भाव्यता अध्ययन |

### ३.६.८ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

| अर्थिक बर्ष | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | बैदेशिक अनुदान | बैदेशिक ऋण |
|---|---|---|---|---|---|---|---|
| २०७९/८० | १७७८२१०.० | ७६९८७५.० | १००८३३५.० | ०.० | ८८९१९३.० | | |
| २०८०/८१ | १६६७६००.० | ८१६६००.० | ८५१०००.० | ०.० | ८३९०००.० | | |
| २०८१/८२ | १८०६८००.० | ८९०३००.० | ९१६५००.० | ०.० | ८६५४००.० | | |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

औद्योगिकरण एवम् उद्यमशिलताको अभाव, जलवायु परिवर्तन, पर्यटकिय पूर्वाधारको अभाव, प्रतिकुल भौगोलिक भु÷बनोट, विकास र वातावरणबीचको असन्तुलन, दिगो विकासको आन्तरिकीकरण जस्ता जोखिम पक्ष रहेको छन् ।

## ३.७ आर्थिक मामिला तथा योजना मन्त्रालय

### ३.७.१ पृष्ठभूमि

आवधिक योजनाको दिर्घकालीन लक्ष्य एवम् उद्देश्य हासिल गर्न सार्वजनिक खर्चको प्रभावकारी परिचालन आवश्यक हुन्छ। नागरिकको बढदो आवश्यकता र अपेक्षालाई उपलब्ध स्रोत र साधनको सीमाभित्र रहि सम्बोधन गर्नुपर्ने अवस्था छ। स्रोतको उपलब्धता, आवश्यकता तथा कार्यान्वयन क्षमताको आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्न सकिएमा सार्वजनिक खर्चको प्रभावकारितामा वृद्धि गर्न सकिन्छ।

समग्र विकास खर्च तथा प्रशासनिक खर्चको आवश्यकता पूरा गर्न, वित्तीय संङ्घीयताको अभ्यासलाई सबल बनाउन र संघीय अनुदान माथिको निर्भरता घटाउन प्रदेशको राजश्व वृद्धि गरी प्रभावकारी परिचालनलाई जोड दिनुपर्ने हुन्छ। आ.व.२०७७/७८ मा प्रदेशको कुल ग्राहस्थ्य उत्पादनमा आन्तरिक राजश्वको अनुपान ०.३२ रहेको छ तसर्थ राजश्वको दायरा फराकिलो र दिगो बनाई प्रदेशको सार्वजनिक वित्त संरचनालाई सक्षम र सुदृढ बनाउनेतर्फ ध्यान केन्द्रित गर्न जरुरी रहेको छ।

समृद्धिको लक्ष्य हासिल गर्न रणनैतिक महत्वका उच्च प्रतिफलयूक्त ठुला परियोजनाहरूमा वैदेशिक सहायता, वैदेशिक लगानी एवम् सार्वजनिक ऋण परिचालन मार्फत वित्तीय स्रोतको न्यूनता पूर्ति गर्न जोड दिनुपर्ने हुन्छ। प्रदेशको विकास र समृद्धिको लागि सार्वजनिक स्रोतको परिचालनले मात्र सम्भव नहुने हुँदा नीजि र सहकारी क्षेत्रको संयुक्त सहभागितामा दिगो र तीव्र विकास गर्नु आवश्यक छ ।

### ३.७.२ समस्या र चुनौति

सिमित राजश्व दायरा, न्युन आन्तरिक आय, संघीय अनुदान माथीको निर्भरता, विनियोजन कुशलता एवम् दक्षताको अभाव, कमजोर बजेट कार्यान्वयन क्षमता, न्युन पूँजिगत खर्च एवम् चालु खर्चको बढदो चाप, वित्तीय तथा आर्थिक अनुशासनको अभाव, प्रदेशको आवश्यकता र प्राथमिकताको

आधारमा वैदेशिक सहायता प्राप्त एवम् परिचालन हुन नसक्नु, सार्वजनिक ऋण सम्बन्धी स्पष्ट कानुनी प्रबन्धको अभाव जस्ता समस्या प्रमुख रहेको छन् ।

## ३.७.३ सोच

- बचत तथा लगानी प्रवर्द्धनबाट समृद्ध अर्थतन्त्र निर्माण (बचत तथा लगानी)
- सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन गरी प्रदेशको आर्थिक समृद्धि (सार्वजनिक वित्त)
- राजश्व सङ्कसङ्कलन तथा परिचालनबाट आत्मनिर्भर, दिगो र सबल प्रदेश अर्थतन्त्रको निर्माण (राजश्व परिचालन)
- वैदेशिक सहायताको परिचालनबाट ठुला आयोजनाहरूको निर्माण (वैदेशिक सहायता परिचालन)
- आर्थिक समृद्धिका लागि सार्वजनिक ऋणको उपयोग (सार्वजनिक ऋण)
- समतामूलक र समृद्ध अर्थतन्त्रको लागि अन्तरसरकारी वित्त व्यवस्थापन (अन्तर-सरकारी वित्त)
- सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीबाट प्रदेशको समतामूलक आर्थिक-सामाजिक विकास (सार्वजनिक-निजी-सहकारी साझेदारी)
- नविन प्रविधि सहितको प्रयाप्त वैदेशिक लगानी (वैदेशिक लगानी)

## ३.७.४ उद्देश्य

### (क) बचत तथा लगानी

- वित्तीय क्षेत्रको विस्तार, विकास र सुदृढीकरण गर्ने।
- बचत गर्ने क्षमता र बानीको विकास गर्दै लगानी वृद्धि गर्ने।

### (ख) सार्वजनिक वित्त

- प्रभावकारी कानून एवम् संस्थागत आधारशीला खडा गर्ने।
- बजेट विनियोजन र खर्चमा दक्षता,प्रभावकारिता र आर्थिक अनुशासन सुनिश्चित गर्ने।

### (ग) राजश्व परिचालन

- प्रभावकारी राजश्व संरचना तयार गरी कुल बजेटमा राजश्वको हिस्सा वृद्धि गर्ने।

### (घ) वैदेशिक सहायता परिचालन

- प्रदेश विकासका प्राथमिकता र आवश्यकता अनुरूप अधिकतम् वैदेशिक पुंजी र प्रविधि आकर्षित र उपयोग गर्ने।

### (ङ) सार्वजनिक ऋण

- आर्थिक वृद्धि, रोजगारी सिर्जना र पुँजी निर्माणमा सहयोग पुग्नेगरी सार्वजनिक ऋण परिचालन गर्ने।

### (च) अन्तर-सरकारी वित्त

- संघबाट हुने वित्तीय हस्तान्तरणलाई प्राथमिकताका क्षेत्रमा लगानी गर्ने।
- स्थानीय तहको खर्चको आवश्यकता हेरी सन्तुलित तवरले वित्त हस्तान्तरण गर्ने।

**(छ) सार्वजनिक-निजी-सहकारी साझेदारी**

- अनुकूल वातावरण सृजना तथा सुरक्षाको प्रत्याभूति दिई निजी र सहकारी क्षेत्रलाई लगानीको लागि उत्प्रेरित गर्ने।
- निजी क्षेत्रलाई बस्तु तथा सेवाको सहज आपूर्ति र रोजगारी सिर्जनाका लागि प्रोत्साहित गर्ने।
- सहकारी क्षेत्रलाई स्थानीय बचत सङ्कलन र उत्पादनमूलक क्षेत्रको लगानीमा केन्द्रित गर्ने।

**(ज) वैदेशिक लगानी**

- वैदेशिक लगानीको माध्यमबाट पुँजी, प्रविधि, व्यवस्थापकीय र व्यावसायिक सीप तथा कौशल भित्र्याउनु।
- प्रदेशका भौतिक पूर्वाधार, जलस्रोत, खनिज तथा जडीबुटी लगायतका प्राकृतिक स्रोतको सदुपयोगमा प्राथमिकताका साथ वैदेशिक लगानी आकर्षित गर्नु ।

## ३.७.५ रणनीति

**(क) बचत तथा लगानी**

- वित्तीय सुविधा र पहुँच सुनिश्चित गर्ने।
- तिव्र र दिगो आर्थिक विकासका लागि लगानी प्रवर्द्धन गर्ने।

**(ख) सार्वजनिक वित्त**

- बजेट विनियोजनका मापदण्ड तथा आधारहरूलाई वैज्ञानिक बनाउने।
- वित्तीय प्रणाली प्रभावकारी बनाउदै जोखिमहरूको न्यूनिकरण गर्ने।

**(ग) राजश्व परिचालन**

- राजश्वको दायरा फराकिलो बनाई यसको परिचालनमा दक्षता बढाउने।
- राजश्वलाई प्रदेश समृद्धिको आधार बनाउने।

**(घ) वैदेशिक सहायता परिचालन**

- संविधान, सङ्घीय तथा प्रदेश कानून एवम् राष्ट्रिय नीति अनुरूप वैदेशिक सहायता नीति तर्जुमा गर्ने।
- प्रदेशको आवश्यकता तथा प्राथमिकताका आयोजनामा वैदेशिक सहायता परिचालन गर्ने।

**(ङ) सार्वजनिक ऋण**

- घाटा बजेट पूर्तिका लागि सार्वजनिक ऋण परिचालन गर्न सकिने।

**(च) अन्तर-सरकारी वित्त**

- प्रदेशको प्राथमिकता, प्रतिष्पर्धात्मक र तुलनात्मक लाभको क्षेत्रमा वित्तीय हस्तान्तरणलाई उपयोग गर्ने।
- स्थानीय तहको आवश्यकताको आधारमा सन्तुलित तवरले वित्त हस्तान्तरण गर्ने।

**(छ) सार्वजनिक-निजी-सहकारी साझेदारी**

- सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीका लागि नीति, कानून र संरचनाको व्यवस्था गर्ने। ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई स्पष्ट गरी लगानीको अनुकुल वातावरण सृजना गर्ने।

**(ज) वैदेशिक लगानी**

- वैदेशिक लगानीमैत्री वातावरण तयार गर्ने।
- रूपान्तरकारी आयोजनाहरूमा नयाँ प्रविधिसमेत आउने गरी वैदेशिक लगानी गर्न सक्रीय पहल गर्ने।

## ३.७.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | वार्षिक औषत आर्थिक वृद्धि दर | प्रतिशत | ४.३४ | ५.४७ | ७.५ | १८.८ | १९.० |
| २ | कृषि क्षेत्रको औषत वृद्धि दर | प्रतिशत | ३.४४ | ३.२२ | १५.० | १८.० | २०.० |
| ३ | उद्योग क्षेत्रको औषत वृद्धि दर | प्रतिशत | ४.११ | ८.३४ | ३७.६ | ३७.५ | ३७.३ |
| ४ | सेवा क्षेत्रको औषत वृद्धि दर | प्रतिशत | ४.१४ | ५.९६ | ११.३ | ११.७ | १२.० |
| ५ | अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ३२.२ | ३१.५ | ३१.३ | ३१.१ | २९.८ |
| ६ | अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १०.८ | ११.१ | ११.६ | ११.९ | १२.५ |
| ७ | अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.० | ५७.४ | ५७.९ | ५८.१ | ५८.८ |
| ८ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | ८७४.० | ९६४.० | १०८४.० | ११४७.० | १२५०.० |
| ९ | बेरोजगारी दर | प्रतिशत | ८.५ | ८.० | ७.० | ६.० | ५.० |
| १० | गार्हस्थ्य उत्पादनको अनुपातमा निजी क्षेत्रको लगानी | प्रतिशत | ०.० | ७४.०१ | ८६.२४ | ९२.२९ | ९३.४ |
| ११ | गार्हस्थ्य उत्पादनको अनुपातमा वार्षिक बजेट | प्रतिशत | ५.५५ | ६.०५ | ४०.० | ४२.५ | ४४.५ |
| १२ | पुँजीगत बजेट खर्च | प्रतिशत | ७१.१६ | ७२.० | ७२.५ | ७३.६ | ७५.० |
| १३ | चालु बजेट खर्च | प्रतिशत | ७२.५५ | ८०.० | ८५.० | ९९.० | ९९.० |
| १४ | कूल बजेटमा राजश्वको अंश | प्रतिशत | ०.०२ | ०.०२ | ०.०२ | १०.० | ११.० |
| १५ | निजी क्षेत्रको कूल लगानी | रु करोड | ९७९४.० | १२६३०.० | १७३५०.० | २२२४१.० | २७०००.० |
| १६ | सहकारी क्षेत्रको कूल लगानी | रु करोड | ७९९.० | १३६०.० | १४६५.० | १९२३.० | २०३०.० |
| १७ | कूल बजेट खर्च | रु करोड | २२०४.० | २८१५.० | ३२६१.० | ४७५२.० | ५०१०.० |
| १८ | कूल पुँजीगत खर्च | रु करोड | १३५७.० | १६२४.० | १९४३.० | ३०९०.० | ३५६०.० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १९ | आन्तरिक राजश्व सङ्कलन | रु करोड | ६३.० | ६०.० | ७१.० | ७३.० | ७५.० |
| २० | बजेट घाटा | रु करोड | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २१ | आन्तरिक ऋण सङ्कलन | रु करोड | ०.० | ०.० | ०.० | १००.० | ११०.० |
| २२ | वैदेशिक अनुदान परिचालन | रु करोड | ०.० | ०.० | ०.० | ६.० | ७.० |

## ३.७.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.श.नं. | कार्यक्रम/आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३०५०००११ | आर्थिक मामिला तथा योजना | सुशासन | प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन तथा सार्वजनिक खर्च व्यवस्थापन। | | ७,१४,२७ | प्रदेशको समष्ठिगत अवस्थाको विश्लेषण पूँजिगत खर्चमा वृद्दी आन्तरिक स्रोत परिचालन विनियोजन दक्षताको अभिवृद्दी |
| ३०५०१०११ | प्रदेश लेखा नियन्त्रक कार्यालय | सुशासन | प्रदेश सरकारको लेखा प्रणालीको व्यवस्थापन र खर्च प्रणाली व्यवस्थित गरि आर्थिक अनुशासन कायम गर्ने । | | ६,४७,७७ | व्यवस्थित लेखा प्रणालीको माध्यमबाट आर्थिक अनुशासन कायम भएको हुने। सूचना प्रणालीमा आधारित लेखा प्रणालीको विकास |
| ३०५०१०१२ | प्रदेश लेखा इकाई कार्यालयहरू | सुशासन | लेखाप्रणाली व्यवस्थापन तथा खर्च लेखांकन । | | ६,७४,९१ | खर्च लेखांकन । प्रभावकारी लेखा प्रणाली। |

| ब.उ.श .नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३०५०००११ | आर्थिक मामिला तथा योजना | - | प्रदेशको समष्ठिगत अवस्थाको विश्लेषण हुने । पूँजिगत खर्चमा वृद्धी हुने । आन्तरिक स्रोत परिचालन हुने । विनियोजन दक्षताको अभिवृद्धी हुने । | आर्थिक अनुशासन कायम हुने । पूँजिगत खर्चमा वृद्धी हुने । आन्तरिक स्रोत परिचालन हुने । |
| ३०५०१०११ | प्रदेश लेखा नियन्त्रक कार्यालय | - | व्यवस्थित लेखा प्रणालीको माध्यमबाट आर्थिक अनुशासन कायम भएको हुने । सूचना प्रणालीमा आधारित लेखा प्रणालीको विकास भएको हुने । | - |
| ३०५०१०१२ | प्रदेश लेखा इकाई कार्यालयहरू | - | - | - |

## ३.७.८ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

| अर्थिक बर्ष | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | बैदेशिक अनुदान | बैदेशिक ऋण |
|---|---|---|---|---|---|---|---|
| २०७९/८० | २०३६४५.० | १४९३६०.० | ५४२८५.० | ०.० | १११८७७.० | | |
| २०८०/८१ | १०४०००.० | ८४०००.० | २००००.० | ०.० | ६५०००.० | | |
| २०८१/८२ | ८००००.० | ६५०००.० | १५०००.० | ०.० | ६५०००.० | | |

## ३.७.९ जोखिम पक्ष तथा अनुमान

आन्तरिक राजश्व संकलन प्रदेशको स्रोतको आवश्यकताको तुलनामा न्युन हुने, वर्षान्तको अन्त्यमा खर्च हुने प्रवृत्ती, न्यून पुँजीगत खर्च, प्रभावकारी विनियोजन दक्षताको अभाव, सीमित स्रोत र बढ्दो जनअपेक्षा, अन्तरतह समन्वयमा अभाव, आवश्यकतामा आधारित योजना तर्जुमा नहुने, सीमित राजस्व अधिकार जस्ता कारणहरू जोखिमको रूपम रहेका छन्।

## ३.८ सामाजिक विकास मन्त्रालय

### ३.८.१ पृष्ठभुमी

कर्णाली प्रदेशको सामाजिक सुचकांङ्कहरु अन्य प्रदेशको तुलनामा कमजोर रहेको छ । शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षित खानेपानी, महिला सशक्तीकरण तथा लैङ्गिक समानता जस्ता पक्षहरुमा सुधारको आवश्यक देखिएको छ । प्रदेशको आर्थिक सामाजिक विकासको प्रमुख बाधकको रुपमा गरिबी रहेको छ । यस प्रदेशको बहुआयामिक गरिबी दर ३९.५ प्रतिशत रहेको छ जुन राष्ट्रिय औषतको तुलनामा २२.१ प्रतिशतले बढी रहेको छ ।

शिक्षा विकासको आधार हो । संविधानले आधारभुत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यामिक तहसम्मको निःशुल्क शिक्षाको परिकल्पना गरेको छ । जसका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक तथा रोजगारमुलक बनाउने नीति अवलम्वन गर्नु पर्ने हुन्छ । कर्णाली प्रदेशमा ५६ क्याम्पस, ३०३८ सामुदायिक विद्यालय, १४९ संस्थागत विद्यालय, ६४२ माध्यामिक विद्यालय र २५४५ आधारभुत विद्यालय रहेका छन् ।

संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । कर्णालीमा बहुसङ्ख्यक जनता अझै पनि आधारभुत स्वास्थ्य सेवाको पहुँचमा पुग्न सकेका छैनन् । आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदेशभित्रै उपलब्ध हुने गरी स्वास्थ्य क्षेत्रका पूर्वाधार, प्रविधि तथा जनशक्तिको उपलब्धता सुनिश्चित गर्नेतर्फ योजना, बजेट तथा कार्यक्रम केन्द्रित हुनुपर्दछ ।

दिगो विकास लक्ष्यमा लैङ्गिक समानता तथा बालिका सशक्तिकरणको विषय समावेश भएको छ । महिलाको क्षमता, श्रम र सीपलाई विकास प्रक्रियामा उपयोग गरी सामाजिक समानता कायम गर्ने कार्यक्रमलाई प्राथिकताका साथ कार्यान्वयन गरिनुपर्दछ । त्यसैगरी, बालबालिका तथा किशोर किशोरी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई विकास प्रकृया सहभागी गराउने गरी यस मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ ।

### ३.८.२ समस्या र चुनौती

शिक्षाको गुणस्तरमा अपेक्षित सुधारको अभाव, गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्नु, प्राविधिक शिक्षालाई शिक्षाको मुल धारको रुपमा विकास गर्नु नसक्नु, प्राविधिक तथा व्यवसायीक शिक्षाको अभाव, सार्वजनिक शिक्षा प्रतिको आकर्षक अभिवृद्धि गर्नु, सुविधासम्पन्न भौतिक पूर्वाधारको अभाव जस्ता समस्या र चुनौती प्रमुख रहेका छन् । गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्न नसक्नु, स्वास्थ्य सेवाको पहुँचमा एकरुपता कायम गर्न नसक्नु, आधुनिक उपकरण तथा विशेषज्ञ चिकित्सकको अभाव, कुपोषण, खाद्य असुरक्षा एवंम् अभाव चुनौतिको रुपमा रहेका छन् ।

लैंङ्गिक हिंसा, महिलामाथि हुने व्यवहारगत विभेद, बालबालिका तथा किशोर किशोरीको शिक्षा तथा स्वास्थ्यमा पहुँच नहुनु, वालविवाह, लागु पदार्थको दुर्व्यसन, जेष्ठ नागरिकलाई सेवा÷सुविधा र सामाजिक सुरक्षाको पर्याप्त नहुनु, अपाङ्गगता भएका व्यक्तिको लागि आय आर्जनका अवसरमा समान पहुँच नहुनु सामाजिक क्षेत्रका प्रमुख समस्या र चुनौती हुन् ।

## ३.८.३ सोच

- सभ्य र प्रतिस्पर्धी मानव पुँजीको निर्माण (शिक्षा)
- स्वस्थ र सुखी कर्णालीबासी (स्वास्थ्य)
- सक्षम नागरिक र व्यवस्थित बसाइँसराइ (जनसङ्ख्या तथा बसाइँसराइ)
- स्वावलम्बी र नैतिकवान युवा (युवा)
- लैङ्गिक समानतायुक्त प्रदेश निर्माण (महिला सशक्तिकरण तथा लैङ्गिक समानता)
- बालबालिका तथा किशोर-किशोरीमैत्री समाज निर्माण (बालबालिका तथा किशोरकिशोरी)
- सुरक्षित, सम्मानित, सक्रिय र सुखी जेष्ठ नागरिक (जेष्ठ नागरिक)
- अपाङ्गता भएका नागरिकहरूको सम्मानित जीवनयापन (अपाङ्गता भएका व्यक्ति)
- समग्र खेलकुद क्षेत्रको विकासमार्फत स्वस्थ, प्रतिस्पर्धी र अनुशासित नागरिक निर्माण (खेलकुद)
- सांस्कृतिक सद्भाव सहित विविधतामा एकता (भाषा, कला, साहित्य र संस्कृति)
- समावेशी सहभागिता र सामाजिक न्यायको सुनिश्चितता (सामाजिक समावेशिकरण)
- विभेदरहित समाज निर्माण (दलित मूलप्रवाहिकरण)
- मानव बेचबिखन तथा ओसारपसारको अन्त्य गर्ने (मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण)
- सामाजिक सुरक्षा प्रणालीबाट संरक्षित कर्णालीवासी (सामाजिक सुरक्षा)

## ३.८.४ उद्देश्य

### क. शिक्षा

- शैक्षिक गुणस्तरमा सुधार गर्दै स्वावलम्बी र प्रतिस्पर्धी मानव संशाधनको विकास तथा परिचालन गर्नु।

### ख. स्वास्थ्य

- स्वास्थ्य सेवा प्रदायक निकायहरूबाट गुणस्तरीय सेवा प्रवाह गर्नु।
- आधुनिक तथा वैकल्पिक स्वास्थ्य सेवाहरूमा सबैको पहुँच सुनिश्चित गर्नु।

### ग. जनसङ्ख्या तथा बसाइँसराइ

- जनसङ्ख्या व्यवस्थापनबाट स्वस्थ, उत्पादनशिल र स्तरीय जीवनयापनको वातावरण तयार गर्ने।

**घ. युवा**

- युवालाई ज्ञान, सीप, प्रविधियुक्त, उद्यमशिल र स्वावलम्बी बनाउँदै विकासको सम्वाहक शक्तिको रूपमा स्थापित गर्नु।

**ङ. महिला सशक्तिकरण तथा लैङ्गिक समानता**

- सबै प्रकारका लैङ्गिक विभेद, हिंसा र शोषणको अन्त्य गरी विकासमा महिलाको समान र सार्थक सहभागिता सुनिश्चित गर्ने।

**च. बालबालिका तथा किशोर-किशोरी**

- बालबालिका तथा किशोर-किशोरीहरूको समग्र विकासका लागि उपयुक्त पूर्वाधारहरू सहित अनुकुल वातावरण सिर्जना गर्ने।

**छ. जेष्ठ नागरिक**

- जेष्ठ नागरिकमैत्री सेवा र सुविधाहरूको विस्तार गर्नु।

**ज. अपाङ्गगता भएका व्यक्ति**

- भौतिक संरचना, ज्ञान, प्रविधि, सूचना र सेवा सुविधामा सहज पहुँचको सुनिश्चितता गर्दै विकास निर्माण कार्यमा अपाङ्गता भएका नागरिकहरूको सहभागिता सुनिश्चित गर्नु।

**झ. खेलकुद**

- खेलकुदलाई सबै नागरिकको सरोकार र पहुँचको विषय बनाउनु।

**ञ. भाषा, कला, साहित्य र संस्कृति**

- साँस्कृतिक सम्पदा, भाषा, साहित्य, कला र संस्कृतिको उचित संरक्षण गर्दै समाजिक–साँस्कृतिक एकता अभिवृद्धि गर्नु।

**ट. सामाजिक समावेशिकरण**

- सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायको न्यायोचित पहुँच तथा सार्थक सहभागितामा समावेशी विकास गर्नु।

**ठ. दलित मुलप्रवाहिकरण**

- प्रदेशको राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृतिक जीवनमा दलित समुदायको समान पहुँच स्थापित गरी विभेदरहित समाज निर्माण गर्नु।

**ड. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण**

- जीवनयापनका वैकल्पिक अवसर सिर्जना र जोखिममा रहेका समुदाय एवं क्षेत्रको पहिचान गरी मानव बेचबिखन रोकथाम गर्नु।

**ढ. सामाजिक सुरक्षा**

- आफ्नो जीवनयापन आफै गर्न नसक्ने सबै उमेर, लिङ्ग, वर्ग, जातजाती, समुदाय र क्षेत्रका व्यक्ति तथा घरपरिवारलाई सामाजिक सुरक्षा प्रदान गर्ने।

## ३.८.५ रणनीति

**क. शिक्षा**

- माध्यमिक तहसम्मको शिक्षामा सबै वालवालिकाको सुलभ र सहज पहुँच पुऱ्याउने।
- प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने।

**ख. स्वास्थ्य**

- गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने।
- स्वास्थ्य प्रणालीमा सुधार गर्दै विशिष्टिकृत स्वास्थ्य सेवा प्रदेशभित्रै उपलव्ध हुने व्यवस्था गर्ने।

**ग. जनसङ्ख्या तथा बसाइँसराइ**

- जनसङ्ख्या व्यवस्थापनलाई समग्र विकासको अभिन्न अङ्गका रूपमा स्थापित गर्ने।
- वाह्य तथा आन्तरिक बसाइँसराइको प्रभावकारी व्यवस्थापन गर्ने।

**घ. युवा**

- विकास निर्माणमा युवाको सक्रीय सहभागिता गराउने। उद्यम तथा कृषिमा युवाको आकर्षण बढाउने।

**ङ. महिला सशक्तिकरण तथा लैङ्गिक समानता**

- लैङ्गिक समानतामैत्री नीति तथा वजेट विनियोजन पद्धति अवलम्वन गर्ने।
- आर्थिक र सामाजिक रूपमा पछाडि परेका महिलाको आर्थिक-सामाजिक-राजनैतिक सशक्तिकरण गर्ने।

**च. बालबालिका तथा किशोर-किशोरी**

- बालबालिका तथा किशोर किशोरीहरूको शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने।
- सबै प्रकारको बालश्रमको अन्त्य गर्ने।

**छ. जेष्ठ नागरिक**

- ज्येष्ठ नागरिकहरूको जीवनयापन सहज र सुरक्षित बनाउनका लागि आवश्यक पूर्वाधार विकास गर्ने।
- जेष्ठ नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुति गर्दै उनीहरूको ज्ञान, सीप र अनुभवलाई विविध क्षेत्रमा उपयोग गर्ने।

**ज. अपाङ्गगता भएका व्यक्ति**

- अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदेशको राजनैतिक, आर्थिक र सामाजिक जीवनमा एकिकरण र मूलप्रवाहीकरण गर्ने।
- सबैखाले भौतिक संरचना अपाङ्गतामैत्री बनाउँदै उनीहरूको पहुँच र आवागमनलाई सहज बनाउने।

**झ. खेलकुद**

- संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण गर्ने।
- खेलाडीहरू र खेलकुदसँग सम्बन्धित संघ-संस्थाहरूको क्षमता विकास र सुशासन कायम गर्ने।

**ञ. भाषा, कला, साहित्य र संस्कृति**

- सामाजिक, साँस्कृतिक र धार्मिक धरोहरहरूको संरक्षण र प्रवर्द्धन गर्ने।
- पुरातात्विक सम्पदाहरूको पहिचान, उत्खनन र संरक्षण गर्ने।

**ट. दलित मुलप्रवाहिकरण**

- दलित मूलप्रवाहीकरणका बाधा अवरोधहरूको पहिचान गरी सम्बोधन गर्ने।
- मर्यादित जीवनयापनका लागि सामाजिक, आर्थिक, राजनैतिक शसक्तीकरण ल्याउने।

**ठ. सामाजिक सुरक्षा**

- संघ, स्थानीय तहसँग सहकार्य, समन्वय र साझेदारीमा सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई विस्तार गर्ने।
- सामाजिक सुरक्षा प्रणालीलाई चुस्त, सहज र दक्ष बनाउने।

## ३.८.६ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| प्रमुख सूचक | इकाइ | २०७७/७८ को वास्तविक उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| मानव विकास सूचकाङ्क | प्रतिशत | ०.५३८* | ०.५३८ | ०.५५७ | ०.५५९ | ०.६१२ |
| औषत आयु | वर्ष | ६८ | ६९ | ६९.७ | ७० | ७०.५ |
| बहुआयामिक गरिबीको दर | प्रतिशत | ३९.५० | ३९.५० | ३९ | २५ | २४ |
| साक्षरता दर | प्रतिशत | ६२.७७ | ६७ | ८८.३ | ९५ | ९६ |
| लैंगिक समता सूचक | प्रतिशत | ०.६६ | ०.६६ | | | |
| आधारभूत तह (१-८) | प्रतिशत | ÷ | ६२.५ | ९६.५ | ९८ | ९८.४ |

| प्रमुख सूचक | इकाइ | २०७७/७८ को वास्तविक उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| मा खूद भर्ना दर | | | | | | |
| माध्यमिक तह (९-१२) मा खुद भर्ना दर | प्रतिशत | ÷ | ५३.९० | ६३.८ | ६५ | ६६ |
| विद्यालय आधारभुत तह (१-८) | संख्या | ÷ | ३१०८ | ३०३१ | ३१२० | ३२५० |
| विद्यालय माध्यामिक तह (९-१२) | संख्या | ÷ | ७१६ | ८९४ | १००० | ११५० |
| सरकारी/सामुदायिक विद्यालय | सङ्ख्या | २९९४ | ३०५२ | | | |
| विश्वविद्यालय | सङ्ख्या | २ | २ | | | |
| प्राविधिक शैक्षिक संस्था | | ५ | ५ | | | |
| बाल मृत्यु दर ५ वर्षमुनिका (प्रतिहजार जीवित जन्ममा) | जना | ६४ | ६८ | ३८ | ३७ | ३३ |
| मातृ मृत्यु दर (प्रति लाख जीवित जन्ममा) | जना | ११८ | २०० | १४७ | १३० | १२१ |
| प्राथमिक उपचार केन्द्र | सङ्ख्या | १४ | १४ | ३१९ | ३५७ | ४०० |
| अस्पताल (सरकारी) | सङ्ख्या | ३० | ३१ | ३८ | ५० | ५६ |
| अस्पताल (नीजि) | सङ्ख्या | २२ | २३ | | | |
| प्रसूति केन्द्र | सङ्ख्या | ३०४ | ३०४ | ३४० | ३५० | ३६६ |
| विशेषज्ञ डाक्टर | सङ्ख्या | ८८ | ९५ | १५५ | १८० | २०० |
| डाक्टर | सङ्ख्या | २२८ | २७५ | | | |
| नर्स | सङ्ख्या | १६११ | १६५३ | | | |
| स्वास्थ्य कर्मी | सङ्ख्या | २६०८ | २७०६ | ३१५१ | ३५०० | ३६०० |
| जनसङ्ख्या वृद्धि दर | प्रतिशत | ०.७३ | ÷ | १.३२ | १.२५ | १.२३ |
| अस्पताल शैया | संख्या | १०१६ | १३५० | | | |

## ३.८.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको ब.उ.शी.नं., उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | कार्यक्रम/आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३५०००० ११ | सामाजिक विकास मन्त्रालय | सामाजिक विकास | नीतिगत समन्वय, निर्देशन एवम् व्यवस्थापन | - | ० | शिक्षा स्वास्थ्य सामाजिक सुरक्षा भाषा कला साहित्य सामाजिक समावेशिकरण महिला सशक्तिकरण तथा लैङ्गिक समानता एवं दलित मुलप्रवाहीकरण विषयमा आवश्यक नीतिगत संस्थागत संरचनागत व्यवस्थापन भएको हुने । |
| ३५०००० १३ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | सामाजिक विकास | - | - | ० | - |
| ३५०००१२० | सामाजिक विकास मन्त्रालय (संघ सशर्त अनुदान) | सामाजिक विकास | - | - | ० | - |
| ३५०००९०१ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | | स्वास्थ्य सामाग्रीको सुलभता | - | ० | स्वास्थ्य सामाग्रीको सुलभता |
| ३५०००९०२ | प्रदेश खेलकुद परिषद् | | खेलकुद सम्बन्धी विषयमा आवश्यक नीतिगत संस्थागत समन्वय एव व्यवस्थापन | - | ० | खेलकुद गतिविधमा वृद्वी । |
| ३५००१०११ | शिक्षा विकास निर्देशनालय | | - | - | ० | - |
| ३५००१०१२ | सामाजिक विकास कार्यालयहरू | | - | - | ० | - |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | कार्यक्रम/आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३५००२०१२ | अस्पतालहरू | | सामाजिक विकास | - | ० | विशेषज्ञ स्वास्थ्य सेवा विस्तार पूर्वाधार तथा प्रविधिमा सुधार |
| ३५००२०१४ | आयुर्वेद औषधालयहरू | | आयूर्वेदिक उपचार पद्वतिको विकास | - | ० | औषधालयको सेवा विस्तार आयुर्वेद अस्पतालको पुर्वाधार विकास |
| ३५००२१०१ | कोभिड १९ महामारी नियन्त्रण कार्यक्रम | | महामारी रोकथाम तथा प्रतिकार्य | - | ० | महामारी तथा प्रकोप नियन्त्रण |
| ३५००२९०३ | महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन | | महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन | - | ० | प्रकोप तथा महामारी नियन्त्रण |
| ३५०९११२० | एड्स तथा यौन रोग नियन्त्रण (संघ सशर्त अनुदान) | | STD रोग नियन्त्रण | - | ० | STD रोग नियन्त्रणमा सहयोग पुर्याउने स्वास्थ्य सचेतना अभिवृद्धी |
| ३५०९११२२ | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र (संघ सशर्त अनुदान) | | क्षमता अभिवृद्धी | - | ० | तालिम सञ्चालन भएको हुने । |
| ३५०९११२४ | क्षयरोग नियन्त्रण (संघ सशर्त अनुदान) | | क्षयरोग रोकथाम तथा नियन्त्रण | - | ० | क्षयरोग रोकथाम तथा नियन्त्रण भएको हुने । |

| ब.उ.श .नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३५०००११ | सामाजिक विकास मन्त्रालय | - | शिक्षा स्वास्थ्य सामाजिक सुरक्षा भाषा कला साहित्य सामाजिक समावेशिकरण महिला सशक्तिकरण तथा लैङ्गिक समानता एवं दलित मुलप्रवाहीकरण विषयमा आवश्यक नीतिगत संस्थागत संरचनागत व्यवस्थापन भएको हुने । | - |
| ३५००००१३ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | - | - | - |
| ३५०००१२० | सामाजिक विकास मन्त्रालय (संघ सशर्त अनुदान) | - | - | - |
| ३५०००९०१ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | - | - | कार्यालय स्थापना । |
| ३५०००९०२ | प्रदेश खेलकुद परिषद् | - | प्रदेश रङ्गशालाको स्थापना हुने । | - |
| ३५००१०११ | शिक्षा विकास निर्देशनालय | - | - | - |
| ३५००१०१२ | सामाजिक विकास कार्यालयहरू | - | - | - |
| ३५००२०१२ | अस्पतालहरू | - | - | अस्पतालहरुको भौतिक पूर्वाधार विकास |
| ३५००२०१४ | आयुर्वेद औषधालयहरू | - | औषधालयको सेवा विस्तार हुने आयुर्वेद अस्पतालको पुर्वाधार विकास हुने | औषधालयको सेवा विस्तार आयुर्वेद अस्पतालको पुर्वाधार विकास |

| ब.उ.श .नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | यो आव सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३५००२१०१ | कोभिड १९ महामारी नियन्त्रण कार्यक्रम | आइसोलेशन स्थापना | - | - |
| ३५००२९०३ | महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन | - | - | - |
| ३५०९११२० | एड्स तथा यौन रोग नियन्त्रण (संघ सशर्त अनुदान) | - | - | - |
| ३५०९११२२ | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र (संघ सशर्त अनुदान) | - | तालिम सञ्चालन हुने दक्ष स्वास्थ्य संशाधन विकास | - |
| ३५०९११२४ | क्षयरोग नियन्त्रण (संघ सशर्त अनुदान) | - | - | - |

### ३.८.८ विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

| अर्थिक बर्ष | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | राजस्व बाँडफाँड | संघबाट बित्त हस्तान्तरण |
|---|---|---|---|---|---|---|---|
| २०७९/८० | २,२४,२४,६९ | ९७,७२,७९ | १,२६,५१,९० | ० | ९४,०५,७९ | १,२७,०६,०० | ० |
| २०८०/८१ | ३,१२,९०,२६ | १,७०,९४,४७ | १,४१,९५,७९ | ० | १,७०,९४,४७ | १,३९,८३,४८ | ० |
| २०८१/८२ | ३,३१,६७,६८ | १,८१,२०,१४ | १,५०,४७,५४ | ० | १,८१,२०,१४ | १,४८,२२,४८ | ० |

### ३.८.९ जोखिम पक्ष तथा अनुमान

गरिबी तथा बेरोजगारी, विद्यालय शिक्षाको सर्वसुलभताको अभाव, प्राविधिक तथा व्यवसायीक शिक्षामा न्यून लगानी, कुपोषण, खाद्य असुरक्षा, प्रजनन उमेर समुहका महिलामा न्युन पोषण हुने, युवा जनशक्तिको वौद्धिक पलायन, महिलामाथी हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य, सम्पत्तिमा महिलाको न्युन पहुँच, सामाजिक सुरक्षाका कार्यक्रमहरुको तादात्म्यता, विद्यमान जातिय विभेद यस क्षेत्रको जोखिमको रुपमा रहेका छन् ।

## ३.९. प्रदेश सभा सचिवालय

### ३.९.१ पृष्ठभूमि

संविधानको धारा १७५ ले प्रदेश व्यस्थापिकाको रुपमा प्रदेश सभा रहने व्यवस्था गरेको छ । शक्ति पृथकीकरणको सिद्बान्त बमोजिम राज्यको तीन अङ्ग कार्यपालीका, व्यवस्थापिका र न्यायपालिका मध्ये व्यवस्थापिका महत्वपूर्ण अङ्ग हो । कर्णाली प्रदेशमा व्यवस्थापिकीय अङ्गको रुपमा प्रदेश सभा रहेको छ । शक्ति पृथकीकरणको सिद्बान्त अनुसार व्यवस्थापिका (प्रदेश सभा) ले कानून निर्माण गर्ने जिम्मेवारी पाएको हुन्छ । यसको प्रमुख कार्य संवैधानिक व्यवस्था बमोजिम प्रदेशमा कानून निर्माण गर्ने हो । यसका अतिरिक्त सरकार निर्माणसँग सम्बन्धित कार्यहरू गर्ने साथै प्रदेश सरकारलाई जनता र प्रदेश सभाप्रति उत्तरदायी बनाउनु प्रदेश सभाको अभिन्न कार्यको रुपमा लिईन्छ । प्रदेश सभामा चार वटा विषयगत समितिहरू रहेका छन् । विषयगत समिति मार्फत सरकारको जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गरी सुशासन कायम गर्ने जिम्मेवारी रहेको छ । प्रदेश सभाको काम कारबाहीलाई प्रशासनिक एवम् व्यवस्थापकीय रुपमा सहयोग गर्न प्रदेश सभा सचिवालय रहेको छ ।

### ३.९.२ समस्या र चुनौति

कानून निर्माण प्रकृयालाई अनुसन्धानमूलक बनाउन नसकिनु, सरकार परिवर्तनले कानुन निर्माणको पक्ष ओझेलमा पर्नु, विषयगत समितिबीच समन्वयको अभाव, प्रदेश सभा सचिवालयका कर्मचारीको संस्थागत क्षमता अभिवृद्धि गर्न नसकिनु जस्ता समस्या विद्यमान रहेका छन् ।

### ३.९.३ सोच

- जनमुखी र जवाफदेही प्रदेश सभा

### ३.९.४ लक्ष्य

- मौलिक हक कार्यान्वयन गर्न कानून निर्माण गर्ने ।
- सार्वजनिक महत्वको विषयमा आवश्यक कानून निर्माण गर्ने ।

### ३.९.५ उद्देश्य

- संविधानको मर्म र भावना अनुरुप जनचाहना अनुरुपको जनताको सर्वोपरी हितलाई मध्यनजर गरी कानून निर्माण गर्ने ।
- प्रदेश सकारलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने कार्यमा सहयोग गर्ने ।

### ३.९.६ रणनीति

- संविधानको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानून तर्जुमा गर्ने ।
- कानून तर्जुमा प्रकृयालाई पारदर्शी र सहभागितामूलक बनाउने ।

### ३.९.७ त्रि-वर्षीय खर्च स्रोतको सारांश

(रु. लाखमा)

| आ.व. | बजेट अनुमान | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | राजस्व |
| २०७९/८० | १६,५०.६९ | १३,४५.६९ | ३,०५ | ० | ० | १६,५०.६९ | ० |
| २०८०/८१ | १८,६४.५७ | १६,५१.४२ | २,१३.१५ | ० | ० | १८,६४.५७ | ० |
| २०८१/८२ | १९,७६.४४ | १७,५०.५० | २,२५.९४ | ० | ० | १९,७६.४४ | ० |

## ३.१० प्रदेश लोकसेवा आयोग

### ३.१०.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २४४ मा प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरेको छ। प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारहरूको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने प्रमुख जिम्मेवारी रहेको ।

लोक सेवा आयोगले आफ्नो स्थापनाकाल देखि नै कर्मचारी नियुक्ति गर्दा निष्पक्षता, योग्यता र स्वच्छताका सिद्धान्तहरूलाई अवलम्बन गर्दै आफ्नो गरिमामय निर्माण गरेको छ । सोही अनुसार

नेपालको संविधानले व्यवस्था गरे बमोजिमको पहिलो पटक अभ्यासमा रहेको तीन तहको सरकारमध्ये प्रदेश र स्थानीय तहमा प्रदेश लोक सेवा आयोगको क्षेत्राधिकार भित्रका आवश्यक जनशक्ति छनौटका लागि पाठ्यक्रम निर्धारण गरी परीक्षा सञ्चालन गर्ने, योग्य उम्मेदवारहरू छनोट गरी स्थायी नियुक्तिका लागि सिफारीस गर्ने, प्रदेश निजामती सेवा र अन्य सेवामा योग्य उम्मेदवारहरू आकर्षित गर्ने, निजामती कर्मचारीको सेवा शर्त सम्बन्धी विषयमा परामर्श उपलब्ध गराउने, जनशक्ति व्यवस्थापनमा प्रचलित कानूनहरूको पालना भए नभएको अनुगमन गरी नियमन गर्ने लगायतका कामहरू आयोगले आगामी दिनहरूमा प्रभावकारी रूपमा सम्पन्न गर्नुपर्ने अवस्था छ ।

## ३.१०.२ समस्या र चुनौति

भर्खर स्थापना भएको आयोगको सामु सानो संगठन संरचना, सीमित जनशक्ति तथा अन्य भौतिक कठिनाइहरू चुनौतिपूर्ण रहेका छन् । आयोगको केन्द्रीय कार्यालय सुर्खेतमा रहेको तर संघीयताको मर्म अनुरूप परीक्षामा सहभागी हुने अन्य जिल्लाका परीक्षार्थीहरूलाई प्रदान गर्नुपर्ने सुविधा, यस आयोग सामु सीमित श्रोत र साधनका कारण सोही मानक कायम गरी कुनै पनि प्रकारका दबाब र प्रभावसँग सम्झौता नगरी कार्यसञ्चालन गर्ने चुनौति पनि आयोग सामु छ ।

## ३.१०.३ सोच

- प्रदेश निजामती सेवा, स्थानीय सेवा र संगठित संस्थाको कर्मचारी भर्ना प्रक्रियालाई निष्पक्ष, विश्वसनीय, पारदर्शी र योग्यतामा आधारित बनाउने ।

## ३.१०.४ लक्ष्य

- प्रदेश लोकसेवा आयोगलाई जनशक्ति तथा स्रोत साधनले सम्पन्न बनाई बनाई प्रदेश र स्थानीय सरकारी सेवामा उपयुक्त र सक्षम मानव संशाधन छनौट गर्ने ।

## ३.१०.५ उद्देश्य

- प्रदेश एवम् स्थानीय सरकारी सेवालाई सुदृढ, विश्वसनीय, प्रतिस्पर्धि, उत्तरदायी तथा समावेशी बनाउने ।
- प्रदेश तथा स्थानीय तहका कर्मचारीको सेवा शर्त सम्बन्धी कानून तर्जुमा, नियुक्ति, सरुवा, बढुवा एवम् सजाय उपर परामर्श दिने ।

## ३.१०.६ रणनीति

- निष्पक्ष तथा स्वत्त्ररुपमा कार्य सम्पादन गर्ने ।
- कानून बमोजिम समावेशीताको सिद्धान्त अवलम्वन गर्ने ।

### ३.१०.७ त्रि-वर्षीय खर्च स्रोतको सारांश

(रु. लाखमा)

| आ.व. | बजेट अनुमान | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | राजस्व |
| २०७९/८० | १०,९७.०९ | ९,५९.०९ | १,३८.०० | ० | ० | १०,९७.०९ | ० |
| २०८०/८१ | १४,६९.९२ | ११,५४.९२ | ३,१५.०० | ० | ० | १४,६९.९२ | ० |
| २०८१/८२ | १५,५८.११ | १२,२४.२१ | ३,३३.९० | ० | ० | १५,५८.११ | 0 |

### ३.१०.८ जोखिम

संघिय निजामति सेवा ऐन समयमा तर्जुमा नहुँदा प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको सेवा सुविधा तथा वृत्तीविकासमा असर पर्ने, उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्नु, पाठ्यक्रम सुधार, संस्थागत क्षमता अभिवृद्धि जस्ता जोखिम पक्ष रहेका छन् ।

## ३.११ मुख्य न्यायाधिवक्ताको कार्यालय

### ३.११.१ पृष्ठभूमि

संविधानको धारा १६० मा प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकारको रुपमा मुख्यन्याधिवक्ताको कार्यालय रहने व्यस्था छ । सोही बमोजिम यस कार्यालयले संवैधानिक एवम् कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकी दिएका अन्य अधिकारीलाई राय दिने कर्तव्य रहेको छ । प्रदेश सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दा, जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकारको तर्फबाट उपस्थित भई वहस पैरवी गर्ने, प्रदेश सरकारलाई कानूनी राय प्रदान गर्ने अधिकार यस कार्यालयमा निहित रहेको छ ।

### ३.११.२ समस्या र चुनौति

कानूनी शासनको प्रत्याभूति र सरोकारवालाको भूमिका प्रभावकारी नहुनु, अदालती प्रकृयामा समन्वयको अभाव, फौजदारी कसुरको विषयमा प्रदेशको कानूनी अधिकार अस्पष्टता आदी प्रमुख समस्याको रुपमा रहेको छ ।

### ३.११.३ सोच

- प्रदेश सरकारलाई संवैधानिक तथा कानूनी राय प्रदान गरी विधिको शासन कायम गर्ने ।

### ३.११.४ लक्ष्य

- न्यायपूर्ण प्रदेशको स्थापना गर्ने ।

### ३.११.५ उद्देश्य

- संवैधानिक एवम् कानूनी विषयमा प्रदेश सरकारलाई कानूनी राय उपलब्ध गराउने ।
- प्रदेश सरकारको तर्फबाट न्यायिक निकायको प्रतिनिधित्व गरी प्रतिरक्षा गर्ने।

### ३.११.६ रणनीति

- सरकारीवादी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने ।
- सरकारवादी मुद्दा र रिटको प्रतिरक्षालाई प्रभावकारी बनाउने ।
- कानूनी राय प्रदान गर्न संस्थागत क्षमता विकास गर्ने ।
- मानव अधिकार संरक्षण र कानूनी शासनको सुनिश्चितता लागि पहल गर्ने ।

### ३.११.७ त्रि-वर्षीय खर्च स्रोतको सारांश

(रु. लाखमा)

| आ.व. | बजेट अनुमान | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | राजस्व |
| २०७९/८० | १,८२.३६ | १,५९.३६ | २३ | ० | ० | १,८२.३६ | ० |
| २०८०/८१ | १,५३.३२ | १,४८.३२ | ५ | ० | ० | १,५३.३२ | ० |
| २०८१/८२ | १,६२.५१ | १,५७.२१ | ५.३० | ० | ० | १,६२.५१ | ० |

### ३.११.८ जोखिम

संघिय निजामति सेवा ऐन समयमा तर्जुमा नहुँदा प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको सेवा सुविधा तथा वृत्तीविकासमा असर पर्ने, उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्नु, पाठ्यक्रम सुधार, संस्थागत क्षमता अभिवृद्धि जस्ता जोखिम पक्ष रहेका छन् ।

# अनुसूचीहरू

## अनुसूची -१
## रणनीतिक सङ्केत, रणनीतिक स्तम्भ र आयोजना तथा कार्यक्रम

| रणनीतिक सङ्केत | पञ्चवर्षीय योजना अनुसारको रणनीतिक स्तम्भ | आयोजना तथा कार्यक्रम |
|---|---|---|
| १ | पूर्वाधार निर्माण | सडक तथा हवाइ यातायात, ऊर्जा, सिँचाइ, खानेपानी र गाउँ शहर बस्ती विकासका लागि पूर्वाधार निर्माण गर्ने |
| २ | सामाजिक विकास | सामाजिक विकास र सामाजिक सुरक्षा एवम् सामाजिक संरक्षणमा जोड दिँदै मानव विकास, उच्च तथा दिगो सुधार, गुणस्तरीय शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता, समावेशीकरण र दलित मूलप्रवाहीकरण |
| ३ | उत्पादन र उद्योग | कृषि क्षेत्रको रूपान्तरण, औद्योगिक एवम् साना तथा मझौला व्यवसायको विस्तार मार्फत उत्पादन वृद्धि गर्ने |
| ४ | पर्यटन र वातावरण | पर्यटन विकास, वन तथा वातावरण संरक्षण र जलवायु अनुकूलन |
| ५ | विज्ञान, प्रविधि तथा अनुसन्धान | विज्ञान तथा प्रविधिको उच्चतम् प्रयोग तथा संस्थागत क्षमता बढाउने |
| ६ | डिजिटल कर्णाली | सूचना, सञ्चार र डिजिटल व्यवस्था |
| ७ | सुशासन | आर्थिक, सामाजिक एवम् सुशासन कायम गर्ने, कुशल एवम् जवाफदेही सार्वजनिक वित्त, स्वच्छ, पारदर्शी र जनमैत्री बनाउने |

## अनुसूची -२

## विकास बजेटका आयोजना प्राथमिकीकरणका आधारहरू

योजनावद्ध विकासद्वारा दिगो, फराकिलो र उच्च आर्थिक वृद्धिका लागि आयोजनाहरूको छनौटको आधार तय गर्नु बाञ्छनीय भएकाले निम्न सूचकहरूको आधारमा प्राथमिकता निर्धारण गर्ने गरी आयोजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गर्नुपर्नेछ। यसरी प्राथमिकता निर्धारण गर्दा कुल प्राप्ताङ्क ८० भन्दा बढी अङ्क प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकता (P1) र ५० देखि ८० अङ्क सम्मको अङ्क प्राप्त गर्ने आयोजनालाई दोस्रो प्राथमिकता (P2) र ५० अङ्क भन्दा कम अङ्क प्राप्त गर्ने आयोजनालाई प्राथमिकता सूचीमा समावेश गर्नुपर्ने छैन।

### क. प्राथमिकीकरणका आधारहरू

| क्र.सं. | सूचक | अङ्क | प्राप्ताङ्क | प्राथमिकता |
|---|---|---|---|---|
| १ | दिगो तथा द्रुत आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने आयोजना | १५ | | |
| २ | जनताको आम्दानी र रोजगार बढाउने आयोजना | १४ | | |
| ३ | उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सक्ने आयोजनाहरू | १३ | | |
| ४ | स्थानीय स्रोत, साधन र सीपको अधिकतम् प्रयोग हुने आयोजनाहरू | १२ | | |
| ५ | आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुने | ११ | | |
| ६ | लागत सहभागिता जुट्ने आयोजनाहरू | १० | | |
| ७ | सुशासन वृद्धि गर्न सघाउ पुऱ्याउने आयोजनाहरू | ७ | | |
| ८ | समावेशी विकासमा योगदान पुऱ्याउने आयोजनाहरू | ७ | | |
| ९ | विपद् व्यवस्थापन तथा वातावरणीय संरक्षण एवम् प्रवर्द्धन गर्न सघाउ पुऱ्याउने आयोजनाहरू | ६ | | |
| १० | कर्णालीको मौलिक विशेषतालाई झल्काउने र प्रवर्द्धन गर्ने आयोजनाहरू | ५ | | |

विकास आयोजना/कार्यक्रमलाई प्राथमिकीकरण गर्नका लागि समग्र विषयगत क्षेत्रलाई ५ क्षेत्रमा वर्गीकरण गरिएको छ।

| क्र.सं. | प्रमुख क्षेत्रहरू |
|---|---|
| १ | आर्थिक |
| २ | भूमि व्यवस्था, कृषि र सहकारी |
| ३ | सामाजिक |
| ४ | पूर्वाधार |
| ५ | सुशासन तथा अन्य अन्तरसम्बन्धित विषयहरू |

## ख. साधारण बजेट प्राथमिकीकरणका आधारहरू

| क्र.सं. | आधारहरू | अङ्क |
|---|---|---|
| १ | जनतालाई प्रत्यक्ष सेवा गर्न सहयोग गरेमा | ५ |
| २ | सुशासन कायम गर्न योगदान गरेमा | ५ |
| ३ | राजस्व वृद्धिमा सहयोग हुने कार्यहरू गरेमा | ५ |
| ४ | विकास कार्यमा योगदान गरेमा | ५ |
| ५ | मानव संशाधन विकास, वातावरण संरक्षण र क्षेत्रीय सन्तुलनमा योगदान गरेमा | ५ |

## ग. साधारण बजेटको भार प्रदान गर्ने तरिका

| क्र.सं. | योगदान | अङ्क |
|---|---|---|
| १ | अति उच्च सहयोग पुग्ने | ५ |
| २ | उच्च सहयोग पुग्ने | ३.५ |
| ३ | सहयोग पुग्ने | २ |
| ४ | सहयोग नपुग्ने | ० |

## कुल प्राप्ताङ्क

| क्र.सं. | योगदान | अङ्क |
|---|---|---|
| १ | १७.५ वा सो भन्दा बढी अङ्क प्राप्त भएमा | P1 |
| २ | १७.५ भन्दा कम अङ्क प्राप्त भएमा | P2 |

## अनुसूची-३

# लैङ्गिक उत्तरदायी बजेटको वर्गीकरण र मापनका प्रमुख सूचक र उप-सूचकहरू

लैङ्गिक उत्तरदायी बजेट तर्जुमाका लागि निर्धारण गरिएका सूचकहरूका आधारमा पहिचान गरिएका लैङ्गिक आवश्यकता र सरोकारहरूको सम्बोधन गर्ने, लैङ्गिक अन्तर कम गर्न र महिला सशक्तीकरणमा सहयोग पुग्ने गरी कार्यक्रमहरूको छनौट गर्नुपर्दछ। यस कार्यका लागि लैङ्गिक उत्तरदायी बजेटको वर्गीकरण र लैङ्गिक सूचक तथा उपसूचकहरू निम्न अनुसार रहेका छन्:

**लैङ्गिक उत्तरदायी बजेटको वर्गीकरण**

| वर्गीकरणका आधार | उपादेयता | लैङ्गिक सङ्केत |
|---|---|---|
| विभिन्न सूचकका लागि निर्धारण गरिएका अङ्कभारको कुल योग ५० प्रतिशतभन्दा बढी भएमा | प्रत्यक्ष लैङ्गिक उत्तरदायी | १ |
| विभिन्न सूचकका लागि निर्धारण गरिएका अङ्कभारको कुल योग २० वा सो भन्दा माथि तर ५० भन्दा कम भएमा | अप्रत्यक्ष लैङ्गिक उत्तरदायी | २ |
| विभिन्न सूचकका लागि निर्धारण गरिएको अङ्कभारको कुल योग २० भन्दा कम भएमा | लैङ्गिक दृष्टिकोणले तटस्थ | ३ |

उल्लेख गरिएका विभिन्न पाँच ओटा सूचक र सो अन्तर्गत व्याख्या गरिएका उपसूचकहरूको कुल योगलाई १०० पूर्णाङ्क मानी तल उल्लेखित अङ्कभार प्रदान गर्नुपर्दछ।

| क्र. सं. | प्रमुख सूचक र उपसूचकहरू तथा परीक्षण सूची (चेक लिष्ट) | अङ्क भार |
|---|---|---|
| १.० | योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता | २० |
| १.१ | योजना कार्यक्रम तथा बजेट तर्जुमामा महिला सहभागिताको व्यवस्था | |
| | योजना, कार्यक्रम तथा बजेट तर्जुमाको क्रममा निम्न बमोजिमको व्यवस्था भएमा | ९ |
| | • **निर्णायक तहमा महिला कर्मचारी र लैङ्गिक सम्पर्क व्यक्तिको संलग्नता ३३ प्रतिशत वा सो भन्दा बढी भएमा** | ६ |
| | • **निर्णायक तहमा महिला कर्मचारी र लैङ्गिक सम्पर्क व्यक्तिको संलग्नता २०-३२ प्रतिशतसम्म भएमा** | ५ |
| | • **निर्णायक तहमा महिला कर्मचारी र लैङ्गिक सम्पर्क व्यक्तिको संलग्नता २० प्रतिशतसम्म भएमा** | २ |
| १.२ | कार्यान्वयनमा महिला सहभागिताको सुनिश्चितता | १२ |
| १.२.१ | कार्यक्रम कार्यान्वयनमा महिला सहभागिताको व्यवस्था | |
| | कार्यक्रम कार्यान्वयनमा कर्मचारी वा व्यवस्थापन/समन्वय समितिमा निम्नानुसार महिलाका संलग्नता हुने व्यवस्था भएमा | |
| | • **उत्तम (निर्णायक पदमा समेत ३३ प्रतिशत वा बढी)** | ४ |
| | • **मध्यम (निर्णायक पदमा समेत २० देखि ३२ प्रतिशतसम्म)** | ३ |
| | • **सामान्य (५ देखि १९ प्रतिशतसम्म)** | २ |

| क्र. सं. | प्रमुख सूचक र उपसूचकहरू तथा परीक्षण सूची (चेक लिष्ट) | अङ्क भार |
|---|---|---|
| १.२.२ | कार्यान्वयनको (सरोकारवाला/उपभोक्ता समिति लगायत) निर्णायक तह लगायतमा महिलाको व्यवस्था | |
| | • **उत्तम (निर्णायक तह र समितिमा ३३ प्रतिशत वा बढी )** | ३ |
| | • **मध्यम (निर्णायक तहमा ३३ प्रतिशत भन्दा कम तर समितिमा ३३ प्रतिशत वा बढी )** | २ |
| | • **सामान्य (निर्णायक तह र समितिमा १० प्रतिशत देखि ३२ प्रतिशतसम्म)** | १ |
| १.२.३ | महिलाको अनिवार्य उपस्थितिको व्यवस्था | |
| | योजना व्यवस्थापन तथा कार्यान्वयन बैठकमा महिला पदाधिकारीहरूको अनिवार्य उपस्थिति हुन पर्ने व्यवस्था गरिएको भएमा | ३ |
| १.३. | अनुगमनमा महिला सहभागिताको व्यवस्था | |
| | अनुगमन योजनामा महिला वा लैङ्गिक विज्ञका सहभागिताका सुनिश्चितता | २ |
| २.० | महिलाहरूको क्षमता अभिवृद्धि | २० |
| २.१ | नीति निर्णय तथा कार्यान्वयन तहका महिलाहरूको क्षमता अभिवृद्धिको व्यवस्था | |
| | समूह तथा समितिका महिला पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि निम्न कार्यक्रमको व्यवस्था भएमा | |
| | • **कम्तीमा एक पटक निर्णय दक्षता अभिवृद्धि हुने कार्यक्रमको व्यवस्था** | ६ |
| | • **पुनर्ताजकी कार्यक्रमका व्यवस्था भएमा** | ५ |
| | • **कार्यक्रममा विशेष वर्गका महिलाहरूलाई लक्षित गरिएमा** | ४ |
| २.२ | क्षमता अभिवृद्धि कार्यक्रममा महिलाको सहभागिताको व्यवस्था | |
| | गोष्ठी, तालिम, सचेतना, सीप विकास आदि कार्यक्रममा निम्नानुसार महिला सहभागी हुने व्यवस्था भएमा | |
| | • **उत्तम (३३ प्रतिशत वा बढी)** | ६ |
| | • **मध्यम (२० देखि ३२ प्रतिशतसम्म)** | ५ |
| | • **सामान्य (५ दखि १९ प्रतिशतसम्म)** | ४ |
| २.३ | लैङ्गिक संवेदनशील विषयवस्तु/परिवेश | |
| | गोष्ठी, तालिम, सचेतना, सीप विकास कार्यक्रम आदिका विषयवस्तु लैङ्गिक संवेदनशील भएमा | |
| | • **लैङ्गिक सरोकारहरूलाई समेटिएका भएमा** | ८ |
| | • **परिवेशजन्य/विशेष लैङ्गिक संवेदनशील प्रस्तुतिकरणको प्रावधान भएमा** | ६ |
| ३ | कार्यक्रममा महिलाहरूको लागि लाभ तथा नियन्त्रणमा सुनिश्चितता (अन्य लक्षित वर्गका कार्यक्रममा समेत) | ३० |
| ३.१ | महिलाहरूलाई लाभको (लाभान्वित महिलाको) सुनिश्चितता | |
| | योजना तथा कार्यक्रमबाट तत्कालिन लाभ पाउने महिलाको अनुपात निम्नानुसार भएमा | |
| | • **उत्तम (५० प्रतिशत वा बढी)** | ८ |
| | • **मध्यम (३० देखि ४९ प्रतिशतसम्म)** | ६ |
| | • **सामान्य (५ दखि २९ प्रतिशतसम्म)** | ४ |

| क्र. सं. | प्रमुख सूचक र उपसूचकहरू तथा परीक्षण सूची (चेक लिष्ट) | अङ्क भार |
|---|---|---|
| ३.२ | महिलाहरूलाई लाभको सुनिश्चितताका लागि लैङ्गिक अन्तर, ( gender gaps) महिलाको विशेष आवश्यकता र अवरोधहरूको पहिचान तथा सम्बोधन | |
| | क्षेत्रगत निकायको कार्य सम्पादनमा रहेका लैङ्गिक अन्तर ( gender gaps), महिलाको विशेष रणनीतिक आवश्यकता र अवरोधहरूको (आर्थिक स्रोतमा कम पहुँच, कम शैक्षिकस्तर र हिंडडुलमा अवरोध) पहिचान गर्न र सो समाधान गर्ने कार्यक्रम भएमा | |
| | • **उत्तम (माथि पहिचान गरिएका तीन ओटै अवरोध सम्बोधन हुने भएमा)** | ५ |
| | • **मध्यम (माथि पहिचान गरिएका कुनै दुई ओटा अवरोध सम्बोधन हुने भएमा)** | ४ |
| | • **सामान्य (माथि पहिचान गरिएका कुनै एक अवरोध सम्बोधन हुने भएमा)** | ३ |
| ३.३ | महिलाहरूलाई लाभको सुनिश्चितताका लागि लैङ्गिकमैत्री कार्यान्वयन संयन्त्र तथा वातावरण | |
| | नीतिगत, संरचनागत तथा कार्य वातावरणलाई लैङ्गिकमैत्री बनाउन निम्न व्यवस्था भएमा | |
| | • **ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका आदिलाई लैङ्गिकमैत्री बनाउन (समानता प्रवर्द्धन गर्न र विभेदकारी प्रावधान हटाउन) तथा कार्यस्थललाई महिला हिंसामुक्त बनाउन (आचार संहिता, उजुरी सुनुवाई व्यवस्था) पहल गर्ने व्यवस्था उल्लेख भएका** | ५ |
| | • **महिलाका विशेष आवश्यकतालाई सम्बोधन गर्न भौतिक सुविधाका व्यवस्था भएका भए (भिन्न शौचालय, बच्चालाई स्तनपान गराउने स्थान, महिलामैत्री कार्यालय लेआउट आदि)** | ४ |
| | • **कर्मचारीहरूलाई लैङ्गिक उत्तरदायी सेवा प्रवाह सम्बन्धी क्रियाकलाप (लैङ्गिक समानता प्रवर्द्धन गर्न कार्यक्रमहरूबारे जानकारीमूलक सूचना प्रवाहका व्यवस्था, नागरिक वडापत्र, भ्रमण, अभिमूखीकरण तालिम आदि) को व्यवस्था भएमा** | ३ |
| ३.४ | महिलाहरूलाई लाभका सुनिश्चितताका लागि बजेटका सुनिश्चितता | |
| | • **लैङ्गिक समानता तथा समता प्रवर्द्धनका लागि पहिचान भएका कार्यक्रमका लागि पर्याप्त रकम विनियोजन गरिएका** | ३ |
| | • **लैङ्गिक समानता तथा समता प्रवर्द्धक कार्यक्रमका लागि विनियोजन गरिएका रकम सोही काममा खर्च हुने सुनिश्चितता भएमा** | २ |
| ३.५ | लैङ्गिक खण्डीकृत लाभको सुनिश्चितताका लागि लैङ्गिक अनुगमन, परीक्षण तथा प्रभाव मूल्याङ्कनको व्यवस्था | ७ |
| | आयोजना कार्यक्रमका सबै तहमा निम्नानुसार लैङ्गिक खण्डीकृत सूचना र तथ्याङ्कको अभिलेखन राख्ने तथा प्रभाव मूल्याङ्कनका लागि निम्न बमोजिमको व्यवस्था भएमा | |
| ४.० | • **प्रतिफलमा महिला/पुरुषका भिन्न-भिन्न विवरण आउने गरी आयोजना/ कार्यक्रमको अभिलेख राखेमा** | २ |
| | • **मन्त्रालय, विभाग र मातहत निकायको कार्यसम्पादनका वार्षिक प्रगति प्रतिवेदन तथा समिक्षामा लैङ्गिक समानता सम्बन्धमा भएका प्रगतिहरू निम्नानुसार समावेश भएमा** | १ |
| | (क) १ देखि ३.२ बुँदाका सूचक तथा उपसूचकहरूमा उल्लेखित सवालहरू सम्बोधन भएको नभएको समिक्षा गरिएमा | १ |
| | (ख) लैङ्गिक समानता सुनिश्चित गर्ने विनियोजित बजेट सोही काममा खर्च भए नभएको लेखाजोखा गरिएमा | १ |

| क्र. सं. | प्रमुख सूचक र उपसूचकहरू तथा परीक्षण सूची (चेक लिष्ट) | अङ्क भार |
|---|---|---|
| | • **समिक्षाबाट आएका सिकाइहरूका आधारमा आगामी वर्षका योजना/बजेट तर्जुमा गरिएमा** | १ |
| | • **सञ्चालित कार्यक्रमको लैङ्गिक परीक्षण (Gender audit), प्रभाव (Impact) मूल्याङ्कन गर्ने व्यवस्था भएमा** | २ |
| | • **महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि** | २० |
| ४.१ | महिलाहरूको लागि रोजगारीको अवसरको उपलब्धता | |
| | सञ्चालित कार्यक्रमबाट तत्काल सिर्जित रोजगारीमा सहभागिताको सुनिश्चितता निम्नानुसार भएमा | |
| | • **उत्तम (३३ प्रतिशत वा बढी)** | ८ |
| | • **मध्यम (२० देखि ३२ प्रतिशतसम्म)** | ६ |
| | • **सामान्य (५ दखि १९ प्रतिशतसम्म)** | ४ |
| ४.२ | आय आर्जनको वैकल्पिक अवसर वा वृत्ति विकासका अवसर सिर्जना हुने भएमा | |
| | सञ्चालित कार्यक्रमबाट तत्काल सृजित रोजगारी बाहेक आय आर्जनको वा वृत्ति विकासका अन्य बैकल्पिक अवसरहरू सिर्जना हुन सक्ने अवस्था भएमा (जस्तैः विभिन्न प्राविधिक तथा सीप विकास सम्बन्धी कार्यक्रमबाट सिर्जना हुने वृत्ति विकास र बजार विकास लयायतका कारण सिर्जित वैकल्पिक अवसर आदि) | ७ |
| ४.३ | समान ज्याला दर | |
| | उपलब्ध रोजगारीमा महिला र पुरुषका लागि समान ज्यालाका सुनिश्चितता भएमा | ५ |
| ५. | महिलाहरूका समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्य बोझमा कमी | १० |
| ५.१ | कार्यसम्पादनमा सहजता र समयको बचत तुरुन्त लाभ हुने तथा महिलाका समय बचत हुने नयाँ प्रविधि, तौर तरिकाको प्रयोगका व्यवस्था भएमा (जस्तैः घुम्ती बैंक, खानेपानी, सडक, सिंचाई, स्कूल जान नपाएका युवालाई अनौपचारिक शिक्षा, कार्य स्थलमा स्कुल, स्वास्थ्य सेवा, नयाँ महिलामैत्री प्रविधिहरू आदि) | ४ |
| ५.२ | परम्परागत भूमिका परिवर्तनका लागि दीर्घकालीन परिणाममूखी प्रयास भएमा | ६ |
| | परम्परागत भूमिका परिवर्तनका लागि निम्न बमोजिमका प्रयास भएमा | |
| | • **विभिन्न क्षेत्रमा परम्परागत रूपमा गरिने श्रम विभाजन भन्दा भिन्न प्रकृतिका कार्यमा (मूल्य तथा स्तर अभिवृद्धि सहित) महिलाहरूको भूमिकामा रूपान्तरण हुने व्यवस्था भएमा** | २ |
| | • **महिलाहरूको अवैतनिक कामको महत्त्व, घरायसी काममा महिलाका विशेष बोझ बारे प्रशिक्षण तथा प्रचार सामग्रीमा छलफल भएमा )** | २ |
| | • **यस्ता घरायसी काममा पुरुषको सहभागिता अभिवृद्धि गरी सहकार्यको भावनालाई प्रोत्साहन गर्न सकारात्मक व्यवस्था भएमा।** | २ |

*द्रष्टव्यः* *माथि विभिन्न उपसूचकहरूका लागि परीक्षण सूचीमा निर्धारण गरिएको प्रतिशतका हिसाव गर्दा दशमलवमा आएमा ०.५ भन्दा कम भएमा तल्लो पूर्ण अङ्कमा र ०.५ वा सो भन्दा माथि आएमा माथिल्लो पूर्ण अङ्कमा गर्नु पर्नेछ। मापदण्डका लागि तोकिएका न्यूनतम् अवस्था पनि विद्यमान नभएको अवस्थामा कार्यक्रमले कुनै अङ्क पाउने छैन। उदाहरणका लागि प्रतिशत गणना गर्दा १५.४ आएमा सोलाई १५ पूर्ण अङ्कमा तर १५.५ वा दशमलव पछिका अङ्क सो भन्दा बढी भएमा १६ पूर्ण अङ्कमा गणना गर्नुपर्दछ।*

# अनुसूची -४
## गरिबी न्यूनीकरण बजेट सङ्केत

| विवरण | कोड | सङ्केत |
|---|---|---|
| गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने गरी विनियोजित बजेट रकमलाई | प्रत्यक्ष | १ |
| गरिबी न्यूनीकरणलाई अप्रत्यक्ष योगदान पुऱ्याउने विनियोजित बजेट रकमलाई | अप्रत्यक्ष | २ |

प्रदेशको निम्न क्षेत्रमा विनियोजन गरिएको बजेटलाई गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने बजेटको रूपमा लिई गरिवोन्मूख बजेटको महल सङ्केत १ मा राख्नु पर्दछ।

- **ग्रामीण क्षेत्रमा लगानी हुने बजेट रकम,**
- **ग्रामीण क्षेत्रको आय आर्जनमा सघाउ पुऱ्याउने कार्यक्रमहरू,**
- **ग्रामीण क्षेत्रको क्षमता विकास सम्बन्धी कार्यक्रममा हुने लगानीहरू,**
- **सामाजिक परिचालनका लागि गरिने खर्चहरू।**

उल्लेख गरिएका क्षेत्र बाहेक अन्य क्षेत्रमा विनियोजन गरिएको बजेट रकमलाई गरिबी न्यूनीकरणमा अप्रत्यक्ष योगदान पुऱ्याउने बजेटको रूपमा लिई गरिबी न्यूनीकरण सम्बन्धी बजेटको महल सङ्केत २ मा राख्नु पर्दछ।

# अनुसूची -५
# जलवायु परिवर्तन बजेट कोड

## क. पृष्ठभूमि

नेपालमा जलवायु परिवर्तन र त्यसका चुनौतिहरू देखा पर्न थालेको र यसबाट जलस्रोत, कृषि तथा खाद्यान्न, वन तथा जैविक विविधता, भौतिक पूर्वाधार, जनस्वास्थ्य र पर्यटन लगायत जीविकोपार्जनका संसाधनहरू अत्याधिक मात्रामा प्रभावित हुँदै गइरहेकोले जलवायु परिवर्तनको विषय महत्त्वपूर्ण र चिन्ताको विषय बनेको छ। यी समस्याको सामना गर्न राष्ट्रिय रूपमा तयार गरिएको जलवायु परिवर्तन नीति, २०६७ ले जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण गर्दै जलवायु अनुकूलित हुँदै, न्यून कार्वन–उन्मुख सामाजिक-आर्थिक विकास पथलाई अवलम्वन गर्दै जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय संयन्त्रमा भएको प्रतिवद्धता अनुरूप सहयोग तथा सहकार्यको प्रवर्द्धन गरी जीवनस्तरमा सुधार ल्याउने लक्ष्य लिएको छ। जलवायु परिवर्तनका दृष्टिकोणले कर्णाली प्रदेश अति नै संवेदनशील प्रदेश रहेकाले जलवायु परिवर्तन नीति, २०६७ ले समटेका विषयहरूलाई अगाडि बढाउने सन्दर्भमा प्रदेश सरकारले आवश्यक संस्थागत संरचना र बजेट कार्यान्वयन पक्षलाई ध्यान दिनु आवश्यक छ।

जलवायु परिवर्तनले विकासका सबै क्षेत्रलाई असर गर्ने र ती असरहरू एक आपसमा सम्बन्धित र आधारित समेत हुने भएकोले जलवायु परिवर्तनको प्रभावको सामना गर्न समुदाय लगायत संस्थाहरूको अनुकूलन क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। कुन-कुन संस्था वा संस्थाका कुन-कुन कार्यक्रम जलवायु परिवर्तनमा केन्द्रित छन् वा आगामी दिनमा जलवायु परिवर्तनमा कसरी केन्द्रित हुँदै जानेछन् भन्ने बारे जानकारी उपलब्ध हुन सकेमा अनुकूलन क्षमता अभिवृद्धिका साथै लगानी समन्वयमा समेत सघाउ पुग्न सक्ने देखिन्छ। साथै जलवायु परिवर्तन र वातावरणका कार्यक्रमका बिच रहेको भिन्नता यकीन गरी जलवायु परिवर्तनमा मात्र भएको खर्च छुट्याउने आधारको विकास गर्नु पनि त्यत्तिकै जरुरी हुन आएको छ। यसको लागि **"जलवायु परिवर्तन बजेट कोड"** को प्रयोग गर्नु मनासिव हुने भएको र उक्त कोडको प्रयोगले जलवायु परिवर्तन सम्बन्धी कार्यमा भएको लगानीको प्रभावकारी कार्यान्वयन र अनुगमनमा समेत सहयोग पुग्ने भएकोले जलवायु परिवर्तन बजेट कोडको प्रयोग आवश्यक हुन आएको छ।

## ख. जलवायु बजेट कोडले सम्बोधन गर्ने विषयहरू

जलवायु परिवर्तन बजेट कोडको प्रयोगले जलवायु परिवर्तन सम्बन्धी कार्यको कार्यान्वयनको सिलसिलामा आइपर्ने आर्थिक दायित्वको सन्दर्भमा निम्न प्रश्नहरूलाई सम्बोधन गर्न सघाउने छः

- **के कस्तो खर्चलाई जलवायु परिवर्तनमा भएको खर्च मान्ने,**
- **जलवायु परिवर्तनका सन्दर्भमा हुने पुँजीगत खर्च वा सालबसाली खर्चलाई जलवायु परिवर्तनमा भएको खर्च मान्ने कि नमान्ने ?**
- **जलवायु परिवर्तनका लागि हुने खर्च कार्यान्वयन स्तरसम्म पुगेको छ छैन भन्ने कुराको कसरी यकिन गर्ने?**
- **क्षेत्रगत (Sectorwise) जलवायु परिवर्तन कार्यलाई कसरी अघि बढाउने ?**
- **जलवायु परिवर्तन कार्यको लागि प्रदेश तहमा आवश्यक पर्ने समन्वयलाई कसरी सरल र प्रभावकारी बनाउने ?**
- **जलवायु परिवर्तनका लागि गरिने लगानीलाई दिगो बनाउन विभिन्न क्षेत्रबाट प्राप्त हुने सहयोगलाई कसरी हार्मोनाइज गर्ने ?**

## ग. जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रमहरू

निम्न कार्यक्रमहरूलाई जलवायु परिवर्तनसँग सम्बन्धित कार्य मानी ती कार्यक्रमहरूमा हुने वा भएको खर्च खाकामा उल्लेख भए बमोजिम निम्न बमोजिम **"जलवायु परिवर्तन बजेट कोड"** प्रयोग गरि कार्यान्वयन गर्नुपर्ने हुन्छ।

१) प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन गर्ने तथा हरियाली अभिवृद्धि गर्ने कार्यक्रम,

२) भू–उपयोग योजना तथा जलवायू परिवर्तनको असरलाई थेग्न सक्ने (Resilient) भौतिक पूर्वाधारको बिकास कार्यक्रम,

३) जलवायु परिवर्तनको कारणबाट मानव स्वास्थ्यमा देखापर्ने नकारात्मक प्रभावलाई रोकथाम तथा नियन्त्रण गर्ने कार्यक्रम,

४) जलवायु परिवर्तनको कारणबाट खतरामा परेका जीव (Endangered Species) र जैविक विविधता,

५) हरित गृह ग्याँसको उत्सर्जन कम गर्ने गरी गरिएको फोहरमैला व्यवस्थापन गर्ने कार्यक्रम,

६) ऊर्जा, सिँचाई र स्वच्छ खानेपानीका लागि जलस्रोतको दिगो उपयोग गर्ने कार्यक्रम,

७) खाद्य स्वच्छता (Safety) तथा सुरक्षा (Security) सँग सम्बन्धित कार्यक्रम,

८) जलवायु परिवर्तनका कारण उत्पन्न विपद जोखिमलाई न्यून गर्ने,

९) हरित गृह ग्याँसको उत्सर्जन कम गर्ने तथा न्यून-कार्वन उत्सर्जन गर्ने ऊर्जाको प्रयोग गर्नका लागि पुनर्विकरणीय एवम् वैकल्पिक ऊर्जाको उत्पादन, प्रयोग तथा यस सम्बन्धी प्रविधिको विकास गर्ने कार्यक्रम,

१०) जलवायु परिवर्तनसँग सम्बन्धित सूचना, शिक्षा, सञ्चार, अनुसन्धान तथा विकास एवम् तथ्याङ्क सङ्कलन गर्ने कार्यक्रम,

११) जलवायु परिवर्तन सम्बन्धमा आवश्यक नीति, कानून एवम् कार्ययोजना तयार गर्ने कार्यक्रम।

## घ. जलवायु बजेट कोड

माथि उल्लेख गरिए अनुसारका कार्यक्रमहरू अर्थात हरित गृह ग्याँसको उत्सर्जन कम गर्ने वा बढ्न नदिने, वायुमण्डलमा भएको हरित गृह ग्याँस प्रसोचन गर्ने, जलवायु परिवर्तनको कारणबाट मानवीय तथा प्राकृतिक प्रणालीमा पर्ने प्रभावको सामना गर्ने, क्षमता अभिवृद्धि वा अनुकूलन गर्ने जस्ता कार्यहरूमा निम्न बमोजिम खर्च भएमा वा हुने भएमा निम्न बमोजिमको जलवायु बजेट कोड (सङ्केत) प्रयोग गर्ने।

| खर्चको अनुपात | उपादेयता | बजेटमा उल्लेख हुने कोड (सङ्केत) |
|---|---|---|
| ५० प्रतिशत भन्दा बढी खर्च हुने भएमा | अत्यन्त सान्दर्भिक | १ |
| २० प्रतिशत देखि ५० प्रतिशतसम्म खर्च हुने भएमा | सान्दर्भिक | २ |
| २० प्रतिशतभन्दा कम खर्च हुने भएमा वा प्रस्तावित कार्य जलवायु परिवर्तनसँग सम्बन्धित नभएमा | तटस्थ | ३ |

## अनुसूची -६

# असर र प्रभाव तहका सूचकहरूको विवरण

<table>
<tr><th>विषय क्षेत्र</th><th>सूचकहरू</th></tr>
<tr><td colspan="2">१. आर्थिक क्षेत्र (१८ सूचकहरू)</td></tr>
<tr><td rowspan="5">अ) मानव विकास/गरिबी</td><td>मानव विकास सूचकाङ्क</td></tr>
<tr><td>प्रतिव्यक्ति कुल गार्हस्थ्य आम्दानी</td></tr>
<tr><td>मानव सम्पत्ति सूचकाङ्क</td></tr>
<tr><td>आर्थिक जोखिम सूचकाङ्क</td></tr>
<tr><td>गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशत)</td></tr>
<tr><td rowspan="5">आ) आर्थिक वृद्धि</td><td>कुल गार्हस्थ्य उत्पादन वृद्धि (प्रतिशत प्रति वर्ष)</td></tr>
<tr><td>कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादन वृद्धि</td></tr>
<tr><td>गैर कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादन वृद्धि (प्रतिशत प्रतिवर्ष)</td></tr>
<tr><td>प्रति व्यक्ति आयमा वृद्धि वास्तविक (प्रतिशत प्रतिवर्ष)</td></tr>
<tr><td>मुद्रास्फीति दर</td></tr>
<tr><td rowspan="2">इ) उद्योग, व्यापार र आपूर्ति</td><td>वस्तुको निर्यात आयात अनुपात (प्रतिशत)</td></tr>
<tr><td>व्यापार घाटामा वार्षिक परिवर्तन (प्रतिशत)</td></tr>
<tr><td rowspan="2">ई) श्रम</td><td>पूर्ण बेरोजगार (प्रतिशत)</td></tr>
<tr><td>श्रमशक्ति सहभागिता दर</td></tr>
<tr><td rowspan="3">उ) पर्यटन</td><td>प्रतिदिन प्रति पर्यटक खर्च (अमेरिकि डलर)</td></tr>
<tr><td>पर्यटक बसाई दिन</td></tr>
<tr><td>पर्यटनबाट प्राप्त वैदेशिक मुद्रा रकम (अमेरिकी डलर)</td></tr>
<tr><td colspan="2">२. कृषि, वन, भूमिसुधार तथा वातावरण क्षेत्र (६ सूचकहरू)</td></tr>
<tr><td rowspan="2">अ) कृषि तथा सिँचाई</td><td>प्रमुख खाद्यान्न बालीको उत्पादन परिणाम (मे.टन)</td></tr>
<tr><td>वर्षभरि सिँचाई सुविधा प्राप्त क्षेत्रफल (हेक्टरमा)</td></tr>
<tr><td rowspan="2">आ) वन तथा भुसंरक्षण</td><td>वनले ढाकेको क्षेत्र (प्रतिशत)</td></tr>
<tr><td>संरक्षित वनले ढाकेको क्षेत्र (प्रतिशत)</td></tr>
<tr><td rowspan="2">इ) वातावरण</td><td>प्रतिव्यक्ति ऊर्जाको खपत</td></tr>
<tr><td>कार्वन-डाईअक्साईड उत्सर्जन मापन (हजार र मे.टन प्रतिशत)</td></tr>
<tr><td colspan="2">३. पूर्वाधार क्षेत्र (५ सूचकहरू)</td></tr>
<tr><td>अ) ऊर्जा शक्ति</td><td>ऊर्जा स्रोतबाट प्राप्त लाभान्वित जनसङ्ख्या घरधुरी (प्रतिशत)<br>उत्पादित ऊर्जा (मेगावाट) जलविद्युत र अन्य</td></tr>
</table>

| विषय क्षेत्र | सूचकहरू |
|---|---|
| आ) सूचना तथा सञ्चार | टेलिफोन घनत्व (प्रतिशत)<br>ईन्टरनेट घनत्व (प्रतिशत) |
| इ) सडक पूर्वाधार | आधा घण्टाको दुरीमा वर्षैभरी सडक पहुँच भएका जनसङ्ख्या (प्रतिशत) |
| ४. सामाजिक क्षेत्र (२१ सूचकहरू) | |
| अ) शिक्षा | कुल भर्नादर (प्राथमिक, आधारभूत, माध्यमिक, उच्च शिक्षा) |
| | खुद भर्नादर (प्राथमिक, आधारभूत, माध्यमिक) |
| | एक कक्षामा वालविकासको (ECD) अनुभव सहित भर्ना हुन आउने बालबालिकाको दर |
| | साक्षरता दर (६ वर्षभन्दा बढी, १५ वर्ष भन्दा बढी, १५ देखि २४ उमेर समूह) |
| | लैङ्गिक समता वा समानता सूचकाङ्क (प्राथमिक, आधारभूत, माध्यामिक, उच्च शिक्षा) |
| | सिकाईको दर (कक्षा ८ र १०, विषय - गणित, अङ्ग्रेजी, विज्ञान र नेपाली) |
| आ) स्वास्थ्य | जन्मदाको बेलाको आधारमा अपेक्षित आयु वर्ष |
| | मातृ मृत्युदर (प्रति लाख) |
| | बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) |
| | शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) |
| | नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) |
| | कुल प्रजनन दर (१५ देखि ३९ वर्षको महिला) |
| | कम तौल भएका, कम उचाई र कुपोषित ५ वर्ष मुनिका बालबालिका (प्रतिशत) |
| इ) खानेपानी तथा सरसफाइ | सुरक्षित खानेपानीका स्रोतमा दिगो पहुँच हुने जनसङ्ख्या (प्रतिशत) |
| | सुधारिएको खानेपानी सेवामा पहुँच भएका जनसङ्ख्या (प्रतिशत) |
| | आधारभूत सरसफाइ (शौचालयमा पहुँच भएका जनसङ्ख्या प्रतिशत) |
| ई) लैङ्गिक विकास तथा सहभागिता | सशक्तिकरण सूचकाङ्क |
| | लैङ्गिक विकास सूचकाङ्क |
| | लैङ्गिक सशक्तिकरण मापक |
| | संसदमा प्रतिनिधित्व (सामाजिक समूह र महिलाको प्रतिशत) |
| | निजामती सेवामा प्रतिनिधित्व (सामाजिक समूह र महिलाको प्रतिशत) |
| ५. शासकीय क्षेत्र | |
| सुशासन तथा सेवा प्रवाह | दुर्गम क्षेत्रका घरधुरीबाट १५ मुख्य सेवा (प्राथमिक विद्यालय, स्वास्थ्य चौकी, सडक यातायात, प्रहरीचौकी, बजार केन्द्र, कृषि केन्द्र, खानेपानीको स्रोत र पुस्तकालय जान लाग्ने औसत समय (मिनेटमा) |

कर्णाली प्रदेश सरकार

कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

नेपाल